भागवतानन्त

[दशमस्कन्ध मात्र]

— कवि प्रसाद गौतम

भागवतानन्त

दशमस्कन्धको

मात्र

रचयिता

अनन्त गौतम

[श्रीरङ्ग विद्रुमवन]

प्रकाशकहरू

अजित प्रसाद गौतम, अतुल प्रसाद गौतम ।
विहारी प्रसाद भटराई, आनन्द प्रसाद भटराई ।।

[कृष्णाष्टमी २०३६]

मूल्य ६/-   प्रथमवार १०००

प्रस्तावना

प्रथम देखि लिएर नवमस्कन्धसंग श्री मद्भागवत्को भावार्थ रूप भागवतानन्त प्रकाश भैसक्यो यो चाहिं दशम-स्कन्धको हो जो तपाईंको हातमा छ । प्रति वर्ष एक स्कन्धको हिसाबले यो निस्केको छ । त्यही प्रकार ३७, ३८ सालसंममा एकादश र द्वादशस्कन्ध पनि प्रकाश हुने छन् ।

चि० अनन्त बाबूले रचना गरेको र अनन्त भगवान्को चरित्र हुनाले यसलाई भागवतानन्त भन्ने गरेको हो । यसले अवश्य पनि भावुक भक्त तथा रसिक वर्गमा रसिक शिरोमणिको सत्य स्मृति दिलाउने छ । यसको उद्देश्य यै छ ।

२०३६ आषाढ पूर्णिमा

– ज्योति प्रसाद गौतम

६·२-
६००

श्री श्यामसुन्दर



'किन्तु अरू हुन् अंशी समस्त
कृष्ण त साक्षात् हुन् भगवान् ।'

भागवतानन्त

दशमस्कन्ध

पहिलो अध्याय

[कृष्ण जन्मको भूमिका]

हजूर द्वारा चन्द्र सूर्य औ यादव वंश
सुनें सवै अब यदुकुलमा भो जो अवतंश ।
त्यो श्री हरिको मधुर कथारस पाऊँ सुन्न
सुन्न न खोज्ने आत्मघाति हो दैत्य जघन्य ।।
तृष्णा शान्त भएकाले मात्रै गरिने गान सदा ।
रसिलो बन्दछ कान मन दवाई भवको जो छ कडा ।।
भीष्म आदि थे सागर वीच उग्र तिमिङ्गल
कृष्ण चरण युग नौका पारी तरे पार्थ सव ।
थिएँ डढेको ब्रह्म अस्त्रले कुलको वीज
गऱ्यो सुरक्षा शरण परिन् जव आमा खूद ।।
त्यसको गाथा भन्नुहवोस् अमृत पिलाउछ भित्र वसी ।
काल रूपले वाहिर जो गर्दछ जीवन नाश सभी ।।"

सुनी नृपतिको प्रश्न सुधा सम श्री हरि संझी
गद्गद भै अति साधुवाद दी भन्छन् शुकजी ।
"दैत्य सरीका राजा द्वारा पीडित भू थिन्
व्यथित भई अति ब्रह्माजूको सामू रून्छिन् ।।
द्यौताहरू सव साथ लिई क्षीर सिन्धुमा पुगी विधि ।
भन्छन् केशव शरण पर्‍यौं देवे देव हे वृषाकपि !
उत्तर पाई भन्छन् ब्रह्मा सुर प्रति वाणी
"यदुकुलमा गै जन्म तिमीहरू भई अमानी ।
आज्ञा हरिको लिएर माया जन्मलिने छिन्
शेष, हरि वसुदेव सदनमा जन्म हुनेछन् ।।"
मथुरा पुरीमा एकदिन विवाह उत्सव भयो उता ।
देवकिजी थिन् नयाँ वधू वर थे श्री वसुदेव अहा !
पथविच सुनियो अकाशवाणी-कंस ! तँ यिनको
गर्भ आठवाँ बाट मर्दछस् सत्य छ सुन् यो !
सुनी वचन तलवार निकाली लाग्यो मार्न
तुही भन्दछन् श्री बसुदेव छाडी शर्म ।।
भोजवंशका शिरोमणि भई हजुरले एक त स्त्री ।
दोश्री वहिनी मार्नु कसो विवाह उत्सव वीच अडी ।।
अैले छाडी दिनुहोस् वच्चा जन्मे वाद
ल्याई म दिन्छु निश्चय मान्नोस् मेरो वात ।'
भनी लगे घर वेला पाई जन्मे पुत्र
लगी बुझाए देखी समता भन्दछ कंस ।।
डर यस द्वारा छैन लग फिरे खुशी उति नभै उनी ।
'इन्द्रिय वशमा नहुनेको प्राय हुन्न विश्वास' भनी ।।

साधुहरूको निंति असह्य हुन्न कुरा क्यै
ज्ञानी लाई हुन्न उपेक्षा कुनै कुरा है।
नींचहरू सक्तैनन् गर्न कुन अपराध ?
त्याग्न नसक्ने भक्तहरूले के छ पदार्थ ?
भने एक दिन नारदले कंसकहाँ गै मधुर स्वर।
'नन्द आदि व्रज गोप तथा वृष्णि आदि हुन् प्राय सुर ।।'
देवकीजीको गर्भ द्वारा जन्मी माधव
वध गर्ने छन् तिम्रो" भन्दै लुक्छन् नारद।
लोभो पापी राजा आफ्नो स्वार्थ निमित्त
बाबू आमा प्राणीहरू पनि मार्छन् खूद ।।
उग्रसेन निज पिता कन कैद गरी कन मथुराको।
राज्य स्वयं नै कंस खल लाग्यो उत्कट गर्न अहो !

दोश्रो अध्याय

[गर्भ–स्तुति]

प्रलम्वादिको सहाय ली कन कंस राजले
दुख दिन लाग्यो यदुवंशीमा ती सव भागे।
देश देशमा लुके गएर कुनै रोकिई
वाहिर गर्थे सेवा भित्र अति मुर्मुरिई ।।
छैटौं मारी सक्यो सुत सातौं जन्मे अनन्तजी।
विश्वात्माले गर्‍यो यता माया प्रति यो हुकुम शुचि ।।
गोकुलमा छिन् रोहिणी तिनमा देवकी गर्भ
खिची पुर्‍याऊ तिमी यशोदा द्वारा जन्म।

पुत्र देवकी को भै आउछु मथुरा वीच म"
हवस् भनी सव मायाजी त्यो गर्छिन् पालन ।।
जसको आउनु जानु यहाँ छैन त्यही प्रभु शौरीको ।
पसेछ मनमा सूर्य सरी वने उज्याला उनी अहो !
जव प्रकाश त्यो देवकि वीच भो आधान
घडा भित्रको दीपशिखा झैं गर अनुमान ।
विद्या दोश्रालाई नदिने ज्ञानी तुल्य
बन्द जेलमा भैनन् आमा शोभित शुभ्र ।।
भन्यो कंसले वहिनी कन देखी जगमग कान्ति अति ।
यो पाली ता विष्णु स्वयं आयो ठान्छे मेरि मति ।।
पक्का पनि यो गर्भवीच छ परमेश्वर नै
नत्र उज्याली थिनन् यस्ती वहिनी कहिल्यै ।
गर्भवती यी नारि एकता दोश्री बहिनी
मारे नास्तछु तत्क्षण आयु र आफ्नै लक्ष्मी ।।
वाँचे पनि त्यो मूर्दा हो गर्छ क्रूर ब्यवहार भने ।
मरे पछि पनि पर्छ नरक श्राप दिने छन् व्यक्ति भरे ।।"
यसो भनी त्यो हटी कृष्णको गर्न प्रतिक्षा
लाग्यो खाँदा सुत्दा हिड्दा पनि भै सच्चा ।
जन्मभूमि श्री मथुरा पुरीमा ऋषिमुनि शंकर
साथलिई विधि भन्छन् भैंमा टेकी निजशिर ।।
सत्य स्वरूप हे सत्य हरि गर्न सकौं अव सत्य प्रणाम ।
मन वाणीको दूर तिमी साधनमा प्रभु पर्छौं भान ।।
अभक्त छन् तर ठान्छन् मुक्त आफूलाई
भने पुगुन् अति माथि गिर्दछन् नाथ नपाई ।

आदर तिम्रा पदको गर्ने जनता माधव
निर्भय हिंड्छन् वाँधेकाले तिमीसँग सौहृद ।।
सत्वगुणी तन हजूरले नलिए कसरी भेद भ्रम ।
पुछ्ने होला ? प्रपञ्चमा वस्ने हामी ले भनन ?
तिम्रो पावन नाम रूपको कीर्तन चिंतन
श्रवण संझना गर्नेले अव जन्म मरण पन ।
झेल्नु नपर्ने भो हामीले गऱ्यौं निरूपण
भार भूमिको हुने भयो अव हलका मोहन !"
ब्रह्मा शिव सुर गर्भस्थित हरिको यसरी गरी स्तुति ।
आमालाई नडराउनू भन्दै लागे धामप्रति ।।

तेश्रो अध्याय

[श्रीकृष्ण जन्म]

सव गुण गणले युक्त सुशोभन वेला आयो
थिए शान्त नक्षत्र अकाश भयो उज्यालो ।
जन्म जेलमा श्रीहरिको भो नभमा गाए
पुष्प वृष्टि भो भो प्रसन्न मन सन्त रमाए ।।
देखी श्रीहरि चतुर्भुज शौरी भन्दछन् गद्दद यो ।
"जानें मैले परम पुरुष सुखानुभव हौ भनी प्रभो !
विश्व वनाई स्वयं पसे झैं हुन्छौ भान
तर होला प्रभु कहाँ प्रवेश गर्ने स्थान ?
जो जो वन्दछ विद्यमान थ्यौ पहिल्यै ईश !
भित्र र वाहिर जसको छैन कहाँ प्रवेश ?

गुण र विषयको वखानले पक्डिइन्नौ तिमी कवै ।
अन्तर्यामी सत्य स्वरूप नपसे पनि छौ प्रवेश फैं ।।

महापुरुषको देखी लक्षण देवकि भन्छिन्
ब्रह्मज्योति अव्यक्त स्वरूप ए मनमोहन !
साक्षात् हौ अध्यात्मदीप तिमि सत्ता मात्र
नाम विष्णु हो निष्क्रिय निर्गुणनिरीह गात्र ।।

द्वि परार्धमा लुक्छ जगत् महाभूतको वनावटी ।
त्यो वेला तिमी शेष फगत् सत्य रहन्छौ एक डटी ।।

ग्रास मृत्युले गरी रहेछ प्राणी लाई
डरले भाग्दा भाग्दा काहीं शरण नपाई ।
आज भाग्यले चरण शरणमा आयो पर्न
स्वस्थ भई कन सुखको नींद पायो सुत्न ।।

भय छ कंसको चतुर्भुज रूप लुकाऊ अधोक्षज ।
घमण्डी लाई स्वरूप यो योग्य कहाँ देखाउन छ ? ।।"

भन्नु हुन्छ हरि–यस भन्दा अघि दुइ जन्ममा
पृश्नि गर्भ औ वामन रूप भएँ तिमीमा ।
यो हो तेश्रो जन्म तिमीहरू लाई हेर
पहिलो दुइ अवतार संझना गर्न भनेर ।।

छोरा भन या ब्रह्म भन गरी चिन्तना अहर्निशः ।
पार हुनेछौ स्नेह गरी भेट्नेछौ अव परम पद ।।"

यती भनी हरि वालक वन्दै लाग्यो चूप
छोरो ली वसुदेव महावन लागे खूद ।
द्वार खुल्यो सव एका एक चुँडियो सिक्री
हर्ष भई वसुदेव हिड्दछन् नलिई फिक्री ।।

सुस्त सुस्त जल वृष्टि गरे वादल वर्सी नाथ प्रति ।
फणा फिंजाई छेकि जल हिंडे पछाडी शेष नुही ।।
गहिरी भवंरी डर लाग्दी थिन् यमुना काली
दिईन् सिंधुले राम लाई कैं बाटो छाडी ।
'को ले ? मेरो छोरा भन्दै' पुगेर पार
देखे निद्रा वीच गोप सब अचेत चाल ।।
पुत्र यशोदा काख विच सुताई कन्या साथ लिई ।
हेरी छोरो एक पटक फर्के शौरी जेल प्रति ।।

चौथो अध्याय

[देवीको अकाशवाणी]

द्वारपालहरू शिशुरोदनले विम्के झट्ट
भन्न गए यो 'जन्म्यो बच्चा' कंस समीप ।
यही प्रतिक्षा मा थ्यो कंस सुनेर जन्म
कालै जन्मे को हो भन्दै आयो मार्न ।।
झट्पट खोसी शिला विच दियो वजारी किन्तु उनी ।
देवी थिन् गै अकाशमा वोलिन् वाणी क्रूद्ध वनी ।।
'मलाई मारी हुन्छ के र ए मूर्ख ! भलाइ ?
मार्ने कोही जन्मेको छ यतै तँलाई ।'
छिपिन् भनी यो माया, कंस भन्दछ छोडी
वैनी ज्वाई लाइ नम्र भै युगकर जोडी ।।
मैले अति अपराध गरें बच्चा मारें नबुझी कुरा ।
झूठा रेछन् देव पनि देऊ क्षमा अव गरी कृपा ।।

त्यसका भोली पल्ट विहानै मंत्री डाक्यो
सभा लगायो हिजो सुनेको कुरा फलाक्यो ।
भने सचिवले मारौं बच्चा व्रजमा जति छन्
दशदिनदेखि अधिक हउन्या कमदिनका हुन् ।।
सामु हजुरको देव पनि भाग्छन् छोडी युद्ध तर ।
गर्न उपेक्षा शत्रु कन हुन्न उखेल्नै वर्छ जड ।।
जरो देवता को हो विष्णु शाश्वत धर्म
ब्राह्मण, गाई द्वारा हुन्छ जो सम्पन्न ।
तस्मात् मारौं द्विज, गौ, परउपकारी सन्त
यसो भएमा हुनेछ अन्त स्वयं अनन्त ।।"
सुनी भन्यो गै नाश गर गाई सुर सत्धर्म जति ।
थाले ती पनि गर्न खति बुद्धि सडेका मूर्ख मति ।।

पाँचौं अध्याय

[नन्दोत्सव]

पुत्र जन्मले भो आनन्द भरियो छाती
उत्सव लागे ज्योतिषि ब्राह्मण आदि डाकी ।
जात कर्म संस्कार गराए पढ्दै वेद
दिए सप्तगिरि तिलको औ धन धान्य अनेक ।।
लिपियो व्रज सव बढारियो ध्वजा पताका टाँगीयो ।
मोर प्वाँख औ भूषणले गाई वाछा सिंगारियो ।।
गोप अँगरखा पगडी पैरी आए हेर
दहि नौनी औ विविध वस्तु सौगात लिएर ।

गोपी आए गाजल भूषण फूल लगाई
कुण्डल हल्लाउदै मार्गभर पुष्प गिराई ।।
हर्दि तेलले सेचन दी भने "चिरंजीवि बच्चा हुन्" ।
लागे रसिया गाउन ती गाना व्रजको जो छ स्वयम् ।।
अनन्त आए नन्द व्रजमा भन्दै सारा
वजे मनोहर मंगल सूचक नौवत वाजा ।
भाव वढी अति गोप समूह हेरन चाल
गर्छन् आपस दहि दुत माखन छ्यापा छ्याप ।।
नन्द मनस्वी थिए अति वस्त्र र गहना दिए झिकी ।
गायक लाइ इनाम दिए सुनेर मीठो गान शुचि ।।
नन्द द्वारा मान मिलेकी रोहिणी आमा
गृहस्वामिनी भैं गर्थिन् अतिथि स्वागत नाना ।
त्यो दिन देखि नन्द व्रज भो समृद्धिमान
लक्ष्मी क्रीडा लागिन् गर्न छोडी धाम ।।
नृपको वार्षिक तिर्न कर मथुरापुरि श्री नन्द गए ।
भेट भयो वसुदेव सँग भन्छन् श्री वसुदेव–"सखे !
एकै ठाऊँ वस्न न मिल्ने विधान कस्तो ?
नदिमा वहने छेस्काहरूको आस्था जस्तो ।
यद्यपि त्यो प्रिय लाग्छ सबैकन तर के गर्नु ?
पर्छ भिन्न प्रारब्ध हुनाले अलगै बन्नु ?
वस्नु भएको वृहद्वन वीच घाँस जल पात लता ।
के छन् सव परिपूर्ण सखे ! आज्ञा होस् त्यो सवै कुरा ?
मेरो यौटा पुत्र हजुरकाँ थियो वसेको
भन्दो हो त्यो पिता ! हजुरकन छ कुशलै त्यो?

धेरै दिन यो पुरीमा नवसौं गोकुल बीच
भई रेछ उत्पात जानु होस् चाँडै मीत !"
सुनी नन्दले शौरीको वाणी चिता वीच परे।
वयल जुतेको छकडामा चढी महावन तर्फ फिरे ।।

छैटौं अध्याय

[पूतना उद्धार]

नन्द महावन जादैं छन् श्री मथुराबाट
सोच्छन् "मैले पर्ने हो के देख्नू आज ?"
झूठ हुन्न वसुदेव वचन रति ती छन् सन्त
हरि शरणम् हरि शरणम् भन्दै पुग्छन् नन्द ।।
नित्य कर्ममा हुन्न जहाँ हरि कीर्तन हरि कथा श्रवण ।
चल्छ त्यहीं वल राक्षसीको पर्छ अनेकन आपद गण ।।
आइ पूतना कमल नचाई सुन्दर गात्र
कृष्ण काख ली थाली प्याउन दूध विषाक्त ।
थाल्छ पिउँन पय आँखा चिम्ली चराचरात्मा
प्राण समेतै पियो खुशी भै लडी दुरात्मा ।।
लिई सक्कली रूप त्यहीं निजी खेचरी स्वरूपकी ।
छ कोशका रूख चूर्ण गरी व्रजको भूमा पछारिई ।।
त्यसको छाती वीच अभय भै खेल्ने माधव
लाई पक्डी ल्याए गोपीहरूले झट्पट ।
वोलाउन सव लागे सातो गौको मूत्र
द्वारा न्वाई सेचन गर्दै पढ्दै मन्त्र ।।

"कृष्ण नामको प्रभावले सारा आपद नाश हउन् ।
भूत प्रेत औ रोग तथा कुस्वप्न बोक्सी ग्रहका गण ।।
यही समय वसुदेवहरू सव मथुराबाट
फर्की देख्छन् पूतना देह पर्छन् छक्क ।
पारी त्यसको देह वञ्चरो द्वारा टुक्रा
वाले आगो सुगन्ध आयो मीठो हलका ।।
पुण्यात्मा भै सकेकिथी छुँदै कृष्णले पहिल्यै त्यो ।
दूत पिएपछि आमा भै सुगन्ध आउनु उचितै भो ।।
मार्न भनी विषस्तन प्याएर सद्गति पाई
वालक मार्दै हिंड्ने दैत्या भै हरि धाई ।
भने स्नेहले श्रद्धा द्वारा प्रभुमा दूत
पियाउनेको गति के होला गर अंदाज ।।
मृत्युको मुख बाट वच्यो भनी नन्दले काख लिई ।
माथ सुँघे जो सुन्दछ यो भक्ति पाउछ कृष्ण प्रति ।।

सातौं अध्याय

[शकट भञ्जन, तृणावर्त उद्धार]

राजा सोध्छन् वाल चरित्र प्रभुको भन्नोस्
सुन्न मिलेमा तृष्णा मर्छे अमृत छर्नोस् ।
भक्तहरूमा वढ्छ सख्यता पाई मौका
जगत्पतिको आउछ भक्ति भवको नौका ।।
मन अति निर्मल हुन्छ सुने हाम्रो त्यै हो हार ऋषि !
लाउन पाऊँ छाति विच सुनाउनु होस् कृष्ण कृति ।।

शुक भन्छन् "थ्यो हरिको कोल्टे फिर्ने उत्सव
थिए महावन विच व्रजवासीहरू निमन्त्रित ।
लोलायो श्री कृष्ण भनेर लगी सुताइन्
गाडा मनि औ आमा गर्न स्वागत लागिन् ।।
स्वागतमा वहु समय वित्यो भुलिन् कृष्ण नै आमाले ।
रोयो ज्यादै कृष्ण यता दुग्ध पानको निंति हरे ।।
पाउ उफाऱ्यो पल्टचो गाडा भो आश्चर्य !
छ्यालव्याल भो पय दहि माखन आगन वीच ।
आए सारा के भो भन्दै भयो तमासा
भने शिशुले "पल्टचो गाडा पाउ उफार्दा ।।"
अप्रमेयको नबुझी वल पत्याएनन् वाल–वचन ।
लागे शान्ति र स्वस्ति तिर जगको यस्तै रेछ चलन ।।
कुनै एकदिन प्यारो लाला लिएर काख
सती यशोदा जी गर्दैथिन् अतिशय प्यार ।
लागी पत्थरको चट्टान जस्तो भार
राखी भुँमा पुत्र र संझीन् जगदाधार ।।
तृष्णावर्त खल भवरी भै आयो भीषण शब्द गरी ।
कृष्ण उडायो रजले व्रज भयो अँध्यारो चली हुरी ।।
कृष्ण देखिनन् वत्स मरेकी भैन् गाई झैं
फुटी फुटी अति रोइन् आमा छाती पिट्तै ।
तृष्णावर्त पनि नसकी वोक्न अकाश वीच
आँखा निक्ल्यो गिऱ्यो भूमिमा कृष्ण समेत ।।
गोपीहरू थे रुँदै त्यहाँ देखे राक्षसी छातीमा ।
खेल्ने हरिकन खिची झिकी लगे यशोदा आमाकाँ ।।

मृत्युका मुख बाट फुत्किई आयो प्यारो
घेरे सबले श्री हरिलाई हृदय रसायो ।
भने 'पापले पापीलाई खाँदो रेछ
समताले भयबाट साधुजन बच्दो रेछ ।।
प्राणी भलाइ दान तप रेछ गरेको हामीले ।
नत्र कसोरी कृष्ण बच्यो जो वच्ता सव भक्त वचे ।।"
कुनै एकदिन स्नेह बढी अति माधवलाई
प्वाउन थालिन् वगिरहेको दूत अंगाली ।
प्राय पिए पछि खाइन् म्वाई हरिले हाइ
गऱ्यो र देखिन् मुखमा विश्व अद्‌भुत दायी ।।
ज्योतिर्मण्डल, भूमि–वन, रवि, शशि, नद, गिरि, चराचर ।
काँपिन् थरथर नेत्र दुइ चिम्लीन् जो थे मनोहर ।।

आठौं अध्याय

[नाम करण र बाल लीला]

यादवका थे गर्ग पुरोहित आए गोकुल
गरे नन्दले पूजा स्वागत आदर पूर्वक ।
गर्ग ऋषिले भने–नाम भो कृष्ण र राम
मुख्य यही हो सवै गर्न को सक्छ र गान ।।
गर्छ प्रीति जो यी दुइको भेट्छ अमरता मानव त्यो ।
रक्षा गर है होस गरी नारायण सम कृष्ण छ यो ।।"
लागे वल हरि वामे सर्न आँगन वीच
मृदुल चरण व्रज वीच घिसार्थ्यो लाग्थ्यो कीचः ।

लाग्थे वटुवाको पछि नचिनी फरक्क फिर्थे
आमासँग चिप्टन्थे दौडी अति सुख दिन्थे ।।
लिन्थे आमा काख विच पियाउथे स्तन स्नेह गरी ।
हेर्थे शुभ दुइ दाँत सहित मुग्धवदन स्मित युक्त छवि ।।
केही वढे पछि वाछा पुच्छर पक्डी खेल्न
लागे वल हरि कुण्डिन, वाछा लागे खिच्न ।
गोपीहरू निज घरको धन्दा सारा छाडी
हास्तै हेर्थे लोट पोट भै चसका लागी ।।
दाह्रा सृंग र अग्नि जल वीच पस्तथे नाथहरू ।
आमाहरू सक्तैन थिए घरको धन्दा गर्न अरू ।।
लागे ताती गर्न खडा भै थे अति चञ्चल
देखी सुन्दर मान्थे गोपी हेर्थे पलपल ।
भेला भै सव सखी एकदिन आमा साथ
कुरा लाउछन् हेर्दै हरिको सुन्दर गाथ ।।
"लाल हजुरको ए आमा ! सारै नट खट रेछ अहो ।
दुहुने वेला हैन तर वाछा खोली दिन्छ अहो !
डाँटे हास्तछ, वानर वीच छर्दछ माखन
पेट भरियो मट्का फोरी भाग्दछ मोहन ।
घरमा केही नमिले वस्तु रिसले चूर
भई रुवाई हिड्दछ बच्चा के हो सूर ।।
पीरा ऊखल स्कन्ध विच चढेर शिचिको दही झिकी ।
नसके पारी प्वाल मुख आँ गरी खान्छन् हेर छवि ।।"
कुनै एकदिन भने गोपले आमा साथ
'माटो खाए' पक्डिन् आमाले शुभ गाथ ।

नाची रहेको थियो कृष्णको आँखा चञ्चल
'भनिन् चञ्चले ! खाइस् माटो किन भन् त्यो सब ।।'

'खाइनँ आमा !' भन्छ छली भने दाऊले 'हो खायो ।'
'झूठा हुन् सब नपत्याए हेर, भनी मुख देखायो ।।

देखिन् मुखमा स्थिर चर सारा शैल हिमाल
चन्द्र सूर्य नद नदी दिशा औ प्राणी जाल ।
अर्थात् सब ब्रह्माण्ड मुखैमा देखी नाना
छाती थर थर भो करजोरी भन्छिन् आमा ।।

"हरिको माया हो कि न यो देखी रहेछु स्वप्न न म ?
मेरै बुद्धि न मोह भई न पुत्रकै हो सिद्धि पन ?

मन वाणीले जसको हुन्न क्यै अनुमान
जसको आश्रयमा छन् विश्व स्थिरचर जान ।
प्रेरक यसको जो छ एउटै जसको सत्ता
बाट प्रतीति विश्व छ, जसको अचिन्त्य आस्था ।।

मेरो गोधन कृष्ण सुत गोप र गोपी नन्द पति ।
भन्दछु जसको मायाले त्यो श्री हरिमा गर्छु नति ।।

वेद उपनिषद् योग सांख्य तप जसको नित्य
गर्छन् प्रतिपादन त्यो हरिकन ठानिन् पुत्र ।
नन्द यशोदा बाबु र आमा हैनन् साँचा
भाग्य मिल्यो यो कसरी सुन्नोस् त्यो पनि राजा ।।

नन्द-यशोदा, द्रोण-धरा थिए अघि यी भक्त पनि ।
ब्रह्माको वरबाट हरि आयो तिनको पुत्र बनी ।।

नवौं अध्याय

[कृष्ण ऊखलमा बाँधिनु]

अरू दासी कन अरू अरू कार्य वीच लगाई
दही यशोदा लागिन् मथ्न नेति समाई ।
बालचरितहरू उच्च गाउदै पहिरी हार
पुत्र स्नेहले थ्यो चुहिएको पयको धार ।।

रेसमी लहंगा सूत्र सहित पहिरेकी थिन् कटी विच ।
कंकण कुण्डल झिली मिली, गिर्थ्यो मालती पुष्प तल ।।

पय पानको निंति यशोदा नजिक गएर
प्रीति वढाई रोक्छ मथानि मुरारि हेर ।
चढ्यो काखमा प्याउन लागिन् चुहुदो दूध
मुसुमुसु हाँसो युक्त मुहार हेर्दै खूब ।।

यतिकैमा पय उम्लि उठ्यो भित्र चुलाको कराहिमा ।
थेन पुगेको पिउन दूत फाली छोरो कुदिन् मुमा ।।

क्रोध चल्यो अति लाल अधर मृदु टोकी शोभन
लोहोरोले फोरी ठेकी वासी माखन ।
चोरी घर एकान्त विषे गै एक्लै हेर
खान धमाधम लाग्यो रिसले चूर भएर ।।

दूध उतारी आमाले देखिन् छचाल व्याल दही ।
ठेकी चकना चूर पनि हाँसिन् सुतको चाल बुझी ।।

खोजी देखिन् ऊखलमाथि वानरलाई
माखन छर्दै रहने आफ्नो प्यारोलाई ।

आँखा थ्यो शंकालु चोरको जस्तो चञ्चल
आइन् आमा सुस्त पछाडि छडि ली सुन्दर ।।
भयले दौड्यो कृष्ण पिछा लागिन् पक्डन भनी मुमा ।
छैन सकेको पस्न अझै योगीको मन सूक्ष्म जहाँ ।।
भार श्रोणिको परी शिथिल भो आमाको तन
दौड्दा दौड्दा थकित भइन् अति खुस्क्यो बन्धन ।
पसिनाले भो लथपथ देह लत्र्यो झनझन्
पुष्प केशको गिर्‍यो भइन् लाचार भयो मन ।।
पक्डी डांटिन् विलक्षण त्यो वेला थ्यो झांकी यो ।
लोचन मल्दा युगकरले मुहार सवतिर कालो भो ।।
पुत्र डरायो भन्दै आमा लट्ठी फ्याँकी
दाम्लो ल्याई लागिन् वाँध्न हेरन झांकी ।
भित्र र वाहिर अन्त्य र आदि जसको छैन
त्यसलाई हो कसरी वाँध्ने होस भएन ?
दुइ अंगुल भो न्यून अरू ल्याइन् दाम्ला हजारन ।
जति ल्याए पनि हुन्छ कम हुनगो अनि लाचार मन ।।
देखी आमाको शुभ झांकी पग्ल्यो छाती
यौटै दाम्लो बाट वाँधिए नरका साथी ।
जसको वशमा सारा लोक छ बन्दी वन्दै
दर्शायो यो प्रेमीको यति छू वश भन्दै ।।
सुलभ छ जति यो गोपी सुत सरल भक्तकन यहाँ नृप ।
ज्ञानी कर्मी लाइ त्यति कहाँ छ राम्रो कुरा बुझ ।।
गोपीले जो प्रसाद पाइन् अच्युत बाट
प्राप्त गरेको श्री विधि शिवले पनि कहाँ छ ?

आमा धन्दातिर लागिन् जब तान्दै ऊखल
पुग्यो जनार्दन जहाँ खरिका रुख थे युग्मल ।।
नलकूवर मणिग्रीव कन नारदजीले आर्द्र बनी ।
श्राप दिएका थिए "रूख भै गोकुलमा जन्म" भनी ।।

दशौं अध्याय

[नलकूवर, मणिग्रीव उद्धार]

कुवेरका सुत शिवका सेवक थे धनमत्त
मन्दाकिनीमा खेल्थे स्त्रीसँग भै उन्मत्त ।
मदिरा पीकन गाई नाची युवती सँगमा
देखे नारद त्यहाँ अचानक आई घटना ।।
युवतीले कुट वस्त्र भिरे यक्षहरूले लाएनन् ।
देखी मदिरा मत्त ऋषि श्राप दिंदै यो गाउदछन् ।।
"लाग्छ नसा जति धन मदले त्यति अरूले हैन
धन मदमा नै सुरा जुवा स्त्री लिन्छन् चैन ।
अजरामर हूँ भन्दै पशुको गर्दछ हत्या
नरक पर्छ तन हुन्छ खरानी कीरा विष्ठा ।।
भला, देह यो कसको हो आमा बाबू बाजेको ?
वलियाको या किन्ने को कुकुर श्याल या आगाको ।।
यस्तो स्थितिमा कायालाई आफ्नो मानी
को अरूलाई देला कष्ट मार्ला प्राणी ?
धनमद द्वारा आँखा अन्धो जसको हुन्छ
दरिद्रता नै परमा अञ्जन त्यसको बन्छ ।।

काँडा गड्ने व्यक्ति गडोस् अरूलाई भन्दैन कबै ।
देख्छ सर्वदा दरिद्र नै दोश्रालाई आफू झैं ।।

लोक पालका पुत्र भएर भयौ अचेत
अतः वृक्ष हौ, नहवोस् यस्तो घटना चेत ।
गरें अनुग्रह वृक्ष हुँदा पनि कृष्ण स्मृति होस्
दिव्य वर्ष शय पछि सान्निद्य केशवको होस् ।।"

गाई यस्तो हिंडे ऋषि रुख भै जन्मे जुम्ल्याहा ।
नलकूवर मणि ग्रीवहरू यमलार्जुन भो नाम अहा ।।

ऊखल घिसारी कृष्ण घिस्रदै रुखको अन्तर
बाट पस्यो जब तेर्स्यो विचमै अड्क्यो ओखल ।
जोर लगाई केही तान्दा पल्टचो! वृक्ष
निस्के दुइ तेजस्वी व्यक्ति भन्छन् सुस्त ।।

"वाणी गाओस् हजूरको मङ्गलमय गुण सदा दिन ।
कान सर्वदा सुनी रहोस् जगतपतिको पराक्रम ।।

हात रमाउन् हजूरको नै सेवा वीच
संझोस् मनले पाउ हजुरको सदा मुकुन्द !
मस्तक हाम्रो झुकी रहोस् नित सबको सामु
सन्त-देह हो प्रभुको त्यसमै नेत्र रमाऊँ ।।

दामोदरले सुनी स्तुति 'भक्ति हवस्' यो भन्यो अनि ।
गरी कृष्णको परिक्रमा गए हिमालय तर्फ तिनी ।।

एघारौं अध्याय

[वृन्दावन गमन, वक वत्सासुर उद्धार]

सर्व शक्तिमान् वालक लीला थाल्यो गर्न
नाची गाई प्रीति वढाई छर्थ्यो शर्म ।
गोपीको वश परेर मानी वचन मुरारि
ल्याई दिन्थ्यो पिरा खराउ मानो आदि ।।

कहिले हल्लाउदै कर नाइँ भन्थ्यो शान गरी ।
सेवकको वश म छू यति भन्ने दर्शाउदै अति ।।

'फल ल्यौ' भन्दै आइ मालिनी मथुराबाट
सर्व फलप्रद श्री हरि दौड्यो फललिन आज ।
अंजलिको सव खस्यो अनाज बाटै वीच
तर पनि दिन् फलहरू अञ्जलि भर गर्दै प्रीत ।।

फलको वदला श्री प्रभुले गऱ्यो प्रेम मणि समर्पण ।
टोकरी तिनको भरिन गयो भाग्यो इच्छा थियो जुन ।।

यमलार्जुन रुख भाँचेको दिन वल हरि गोप
गए खेल्न तर यमुनामा दिन चढी सकेछ ।
वोलाइन् श्री रोहिणीजी गै जव आएनन्
पुगी यशोदा उँचो स्वरले वोलाउदछिन् ।।

"कमल नयन ए कृष्ण सुन ! आऊ पेऊ दूध रस ।
कुलनन्दन ए राम ! तिमी आऊ भाई सहित गृह ।।

चढी सक्यो दिन भो अव खेल्न, लाग्यो भोक
जन्म तिथी हो आजै तिम्रो क्रीडा रोक ।

न्वाऊ देऊ दान र खाऊ खाना लाला
पर्खी रहेछन् चौकी वीच तिम्रा बाबा !"
नाडि समाई दुवैतिर राम श्यामको, स्नेह छरी ।
लगी स्नान औ दान, हवन सवै गराइन् मग्न परी ।।
गोकुलमा अति देखी विघ्न सभा लगाए
वृन्दावनमा वसई सर्ने पास गराए ।
हिंडे गोप औ गोपी सारा गोधन साथ
चढेर छकडा गाई गीत वल हरि नाथ ।।
थिए यशोदा रोहिणीजी छकडा विच वल कृष्ण लिई ।
चल्यो सवारी मनोहर वृन्दावन तिर हेर अडी ।।
पुगेर देखी फलफूलले युत वृन्दावन श्री
प्यारो गोवर्धन औ प्यारी श्री यमुनाजी ।
देखी शोभा सुखमय वनको सान्है प्रीति
भयो दुवैको छाती वीच स्वयं प्रतीति ।।
वोली तोते वचन मिठो गोप गोपिमा दिई सुख ।
वत्स चराउन कृष्ण वन दिनहूँ लाग्यो जान अव ।।
वत्स चराई खेल्थे नजिकै राम मुरारि
वेणु वजाई गिर्रा खेल्थे नाची गाई ।
कहिले गाई पशु पंक्षी कैं गर्थे नाद
खेल्थे कहिले छमछम गर्दै किंकिणी पाद ।।
वाछो भै कन एकदिन आयो वल हरि मार्न अरि ।
वत्सासुर तर परमगति दियो कृष्णले कृपा गरी ।।
भएर लोक र लोकपालका स्वामी ईश
वनी अहिर जो वत्स चराउछ वनका वीच ।

उठी भोरमै लिई कलेवा वनमा जान्छ
एक बाट जो दोश्रो वनमा घुमी रहन्छ ।।

पानि पिलाए कुनै दिन जमुना जलमा वत्सकन ।
पिए स्वयं पनि सलिल अहा ! भो सान्है आनन्द मन ।।

ग्वाल वालले देखे यौटा जीव भयङ्कर
शैल शिखर झैं त्यहाँ वसेको मन भो थरथर ।
भई वकुल्लो दैत्य वसेको रहेछ भारी
आई सहसा निल्यो कृष्णकन चुच्चो फारी ।।

राम आदि सव सखा दल अचेत भैकन त्यहीं लडे ।
कृष्ण गलामा अग्नि बन्यो वक्ल्यो नसकी थाम्न हरे ।।

एक पैरले यौटा चुच्चो कुल्ची झट्ट
एक हातले अर्को चुच्चो पक्डी सट्ट ।
छ्वाली चिरे झैं चर्र चिरीकन दियो स्वधाम
देवहरूले झारे फूल गर्दै गान ।।

देखी घटना राम तथा गोप भईकन हर्ष अति ।
दिई अँगालो कृष्ण कन घटना गाए गाउँ पुगी ।।

सुनी गोप औ गोपीले यो घटना सारा
निहार्न लागे उत्सुकताले आफ्नो प्यारा ।
तृप्त हुदैन्थे हेरे पनि जति भन्छन् कस्तो ?
जान परेको मृत्यु मुखमा किन हो यस्तो ?

भने गर्गले जो पहिले रेछ सत्य भै त्यही कुरा ।"
यस्तै चर्चा गरी गरी विर्सन्थ्ये दु:ख प्रपञ्चका ।।

बाह्रौं अध्याय

[अघ उद्धार]

प्रात कुनै दिन वनमै भोज खाने सुरले
शृंग फुक्यो निज मनको वात जनाइ हरिले ।
असंख्य वाछा सँग ली आए गोप हजारन
हिंडे लट्ठि सिङ छिँका वंशी लिएर कानन ।।

मणि भूषणले युक्त थिए तर वल अङकुर लाल फल ।
मोर प्वाँखले सुसज्जित हुन्थे वनमा गोप दल ।।

चोर्थे छीँका देखे, दूर फ्याँकी दिन्थे
दोश्रा साथी तेश्रालाई फ्याँकी खेल्थे ।
शोभा वनको हेर्न पुगे हरि छुन्छु म पैले
भन्दै दौडी हालि अँगालो उर चिपटिन्थे ।।

पंक्षि सँग सगै दगुड्दथे चाल हाँसको लिई कुनै ।
मोर सरी भै नाच्थे क्वै वक झैं वस्थे सखा कुनै ।।

हाँस्छन् छाया सँग क्वै प्रतिध्वनि लाई गाली
गर्छन् वानर झैं उफ्रन्छन् विविध प्रणालि ।
ब्रह्मसुख अनुभूति साथ यी खेल्छन् कस्ता ?
पुण्यहरूका पुञ्जै रेछन् साथी सच्चा ।।

पाउन्नन् जन योगि पनि जसको गम अति कष्ट गरी ।
सामु देख्तछन् व्रजवासी गाऊँ तिनको भाग्य कति ?

राक्षस आयो नाम अघासुर मार्न मुरारि
रूप अजिगर को ली वायो मुख थ्यो भारी ।

सखाहरूले ठाने शोभा वृन्दावनको
उत्प्रेक्षा गरी लागे भन्न हो अजगर यो ?
के गर्ने भन निल्यो भने ?' भन्छन् अर्का अघी सरी ।
वक झैं त्यो भै हाल्द छनि ! थोरै छोड्छ र त्यसै हरि ?
हेर्दै हरिको स्वच्छ मुहार ठोक्तै ताली
अघको मुखमा पसे सखा सव वाछा सँग ली ।
सोच्तछ श्री हरि "साँचो सर्प पनि भो झूठ
कसरी वचाऊँ स्वजन र नाशौं कसरी दुष्ट ?"
नपसेकाले भित्र हरि निलेन अघले वत्स सखा ।
जानी श्री हरि भित्र पस्यो सन्त डराए थर थर हा !
देखी घटना पापी राक्षस भए सहर्ष
पुगी गलामा वढ्यो कृष्ण भो सवतिर स्तब्ध ।
श्वास रोकियो अघको लाग्यो छटपट गर्न
तालु फुटीकन प्राण गयो तन भयो विदिर्ण ।।
मरे वत्स औ सखा पनि श्वास दैत्यको वन्द हुदा ।
थियो नेत्रमा सुधारस हेऱ्यो हरिले गरी कृपा ।।
उठे निदाई विउझे जस्तै गरी समस्त
स्वजन वचाई वाहिर आयो कृष्ण सहर्ष ।
अघको कायावाट प्रकाश अद्भुत निक्ली
कृष्ण चरणमा गऱ्यो प्रवेश केही पर्खी ।।
सुरले पुष्प वृष्टि गरे जय जय निस्क्यो तुमुल स्वर ।
साक्षात् श्री हरि छाति विच पस्यो भन्नु कति भाग्य शुभ ?
पाँच वर्षको थियो कृष्ण यो वेला व्रजमा
तर छैटौंमा सखाहरूले गाए घटना ।

सोध्छन् राजा 'एक वर्ष पछि कसरी गाए ?
लाग्यो कौतुक आज्ञा होस् त्यो मेरो आगे ।।'
सुनेर संझे सत्य चरण शुक को अन्तर्वृत्ति भयो ।
विम्झे धेरै वेर पछि वल्ल वाहिरी दृष्टि खुल्यो ।।

तेह्रौं अध्याय

[ब्रह्माको मोह र मोहनाश]

राक्षस मारी वत्स विपिनको सामु यमुना
स्वच्छ पुलिनमा भन्यो कृष्णले-कस्तो सुषमा !
हेरन साथी, स्वच्छ वालुवा कस्तो कोमल
ब्रह्म केलिको निंति प्रशस्त जो छ मनोहर ।।
पुष्प प्रफुल्लित वृक्ष विच पंक्षीको ध्वनि प्रतिध्वनि ।
ले अति मन भो रमाइलो खाऊँ भोजन वसी यहीं ।।
गाई नजिकै वसुन् समस्त घाँस चरेर
सूर्य पुगेछन् धेरै माथि लाग्यो भोक ।
आज्ञा मानी मंडल लागे सारा साथी
कृष्ण वीचमा थियो उतै तिर फर्की हाँसी ।।
नेत्र खिलेका साथीको थियो कमलको झैं शोभा ।
स्वच्छ कर्णिका वीच थियो पत्र वरीपरी रुचिर छटा ।।
कोही फलमा वोक्रा वीच कोही थलमा
कुनै पत्रमा पल्लव अंकुर औ पत्थरमा ।
लागे भोजन गर्न सखाहरू सुन्दर दर्शन
हसाइ हाँसी आपस खाना गरी प्रदर्शन ।।

कस्तो मीठो स्वाद भनी आपस दर्शाउदै सव ।
लागे भोजन गर्न अहा ! झाँकी दर्शन गर्नु शुभ ।।
पटुकामा थ्यो वंशी घुसेको अतिशय सुन्दर
शृंग बेत थ्यो काखी विच वडा मनोहर ।
वायाँ करमा छाक थियो अति मसिनो मगमग
च्यापेको थ्यो अँगुलिहरूमा मरुवा कोमल ।।
वसी वीचमा यज्ञपति ठट्टा गर्दै हसाउदै ।
जिम्छ कलेवा मित्र सँग सुरहरूलाई इख्याउदै ।।
तन्मय थे ती ब्रह्म खेलमा चर्दै वत्स
दूर पुगेछन् घवडाए अति गोप समूह ।
"बन्द नगर है भोजन ल्याउछु खोजी वत्स"
भन्दै श्रीहरि हिंड्यो शैल वन गुफा निकुन्ज ।।
हेरी रहेका थिए विधि हेरौं अरू पनि कृष्ण चरित ।
भन्दै पहिले वत्स गण पछि लुकाए ग्वाल सप्रीत ।।
वत्स नदेखी फर्क्यो कृष्ण साथी छैनन्
खोज्यो चारै तर्फ दुवै थरिलाई वन वन ।
जान्यो ब्रह्माको हो कर्तुत वाछा बालक
जस्ता जति थे वन्यो स्वयं छ जो जगपालक ।।
जस्ता शिशु औ वत्स थिए वंशी कर पद वदन उर ।
उस्तै आकृति शील बनी दर्शायो जग विष्णु मय ।।
सर्वात्मा हरि आफू आफैं साथ विहार
गर्‍यो वर्ष दिन, वने विरंची मोह अपार ।
गाइ चराउन जान्थ्यो फिर्थ्यो नित्य मुरारि
एक थियो छ केवल यौटै भन्ने पारी ।।

गौ गोपीको भाव थियो उस्तै तर थ्यो स्नेह अधिक ।
प्रभुमा पनि थ्यो पहिलेकै पुत्र भाव तर मोह रहित ।।
वाछा तल हटि वीच र गाई गोवर्धनको
शिरमा चर्थे वर्ष पुग्न कुछ बाँकी दिन थ्यो ।
देखी वाछालाई गाई नगरी देरी
उफ्री दौडे दूर्ग शैलको पथै नहेरी ।।
वृद्ध गोपहरू रोक्तैथे पुगेर चाटे वत्सकन ।
मानो निल्छन् कि ऊँ गरी दूत छुटेका लाइ ऊन ।।
वृद्ध गोपहरू आई घटना बच्चा देखे
पग्ले किन हो उम्ड्यो प्रेम उरमा चिप्टे ।
आलिगनमा महानन्द भो भए निहाल
पछि संकुदा आशु बहन्थ्यो हुदै विहाल ।।
देखी प्रेमको उत्कण्ठा भन्दछ दाउ छक्क परी ।
"प्रेम कृष्णमा तुल्य किन ? वत्स ग्वाल मा रेछ बढी ?
दैवी मानवि आसुरि कसकी माया हुन् यी ?
मलाई मोहित पार्ने होलिन् माया कसकी ?"
यसो भनी के दृष्टि ज्ञानको दाउ फेर्छ
सबमा फलमल चिदानन्दको झाँकी देख्छ ।।
भन्दछ दाउ-भाइ, न यी देव ऋषि हुन् सिद्ध कुनै ।
अलग अलग किन एक तिमी भयौ प्रकाशित भनन सबै ।।"
जाने, आज्ञा भए पछि हरि द्वारा तत्व
एक त्रुटि पछि आए व्रज विधि हेर्न महत्व ।
देखे आफूबाट हरेका वाछा बालक
कुन साँचा हुन् झुट्टा हुन् कुन परिगो चक्कर ।।

परे विरिञ्चि चक्करमा रविमा जुनकिरि तुल्य वने ।
महानमा छल छाम गरे प्रभाव आफ्नै नास्छ भरे ।।
देखे विधिले वाछा बालक कन श्री कृष्ण
शंख चक्र अंभोज गदा युत परे अचम्म ।
दोश्रा ब्रह्मा देखि लगायत तृण पर्यन्त
नाची गाई उपासनामा छन् अति मस्त ।।
काल स्वभाव र कर्म गति मूर्ति लिएका छन् त पनि ।
प्रभु सत्ताको सामु कुनै छैन महत्ता राइ पनि ।।
देखे विधिले रूप त्रिकालावाधित सत्य
छुन उपनीषद दर्शीको पनि छैन समर्थ ।
देख्न तथा छुन वेदान्तै पनि सक्ने छैन
तर्कबाट पर, देख्न सकेनन् चिम्ले नैन ।।
जव विधिको भो गर्व चूर असामर्थता प्रकट गरे ।
वृन्दादेवी साम्रु उनी सानो पुतली तुल्य भए ।।
देखी ब्रह्माको लाचारी विना प्रयासै
खोल्यो हरिले माया पर्दा करले आफै ।
वाह्य ज्ञान भो खोले आँखा देखे विश्व
हेरे चारै तर्फ नजरमा आयो सुस्त ।।
वृन्दावनको दर्शन भो सवको प्यारो एक समान ।
जहाँ हेर तिमी प्राणीको जीवन दायी छ वृक्ष महान ।।
वैरभाव औ क्रोध र तिर्खा जहाँ प्रवेश
हुन सक्तैनन् जो छ अखण्ड सुखको देश ।
सिंह र मानव पशु पंक्षीहरू मित्र समान
वस्छन् खान्छन् खेल्छन् एक वनी तमाम ।।

देखे विधिले रुष्ट अनि गाँस हातमा लिने हरि ।
लडी स्वर्णको लठ्ठि सरी लागे गद्गद गर्न स्तुति ।।

चौथौं अध्याय

[ब्रह्म–स्तुति]

गोप वेष ए पीताम्वर शुभ गुंजा धारी
मोर प्वाँख घनश्याम स्वरूप हे कृष्ण मुरारि ।
सकौं पर्न यो मृदुलचरणको शरण म नाथ
पंचभूतको हैन वनोट तिम्रो गाथ ।।
अजित हजुर हुनु हुन्छ तर जिते तिनीले हजुर कन ।
वार्ता गर्दै हजुरको काल विताउछ सदा दिन ।।
भक्ति श्रेयको मूल स्रोत हो छाडी ज्ञान
खोजे, पाउछ भूस कुटेमा छोक्रो जान ।
कतिले पहिले योग आदिले नाथ नपाई
चरित सुनि सुनि पाए भक्ति सुधा पछाडि ।।
नाश वासना नभै कन निर्गुण गम मा हुन्न विकाश ।
वोलीले त्यो छैन गम रूप छ त्यसको स्वयं प्रकाश ।।
नभका तारा जलको विन्दु भू को धूलि
गिनोस् परिश्रम साथ हजाराँ जन्मौं सूरि ।
किन्तु सगुणको सक्ने छैन महिमा गन्न
प्राणिश्रेयको निति जो नर बन्दछ धन्य !
जानीदो त्यो रहेनछ भनी जान्नु हो ज्ञान शुभ ।
यसमै मीठो मिठास छ यै हो महिमा आखिर त ।।

अनुकम्पा पथ हेरी क्षण क्षण उत्सुकताले
ठानी सुख दुख आफ्नै कर्म निर्मल मनले ।
हृदय वचन तन गरी समर्पण बाँच्तछ जो जन
अंशीयार त्यो हुन्छ मोक्षको निश्चय मोहन !
जो लुक्तछ देखिन्छ यहाँ साँचो होइन आखिर त्यो !
माया हुन् यी विराट् पनि शरण परें म त पाहि प्रभो !
स्वयं तिमी हौ आफू साँचो पराइ मानी
अंतरात्म कन वाहिर ढुँड्छन् कति मुर्ख्याइँ ।
अतर्क्य आस्था क्वै जान्दैन गरेर तर्क
प्रसाद तिम्रो पाउछ जो त्यो जान्दछ तत्व ।।
यही जन्म होस् या अर्को पशु पंक्षीको जन्म हवोस् ।
सेवा पाऊँ दास भई गर्न चरणको दुःख छुटोस् ।।
गाई गोपी हुन् अति धन्य जसको दूध
पियो खुशी भै थेन तृप्त अघि हविले खूद ।
पूर्ण ब्रह्म छन् जसका मित्र हितैषी सत्य
ती व्रजवासीको कति गाऊँ आज म भाग्य ?
शिवादि हामी एघारह अधिष्ठात्री पनि धन्यै छौं ।
इन्द्रिय प्याला बाट सुधा पिएर गद्गद क्षण क्षण छौं ।।
जुन योनी होस् व्रजको वन या गाऊँ वीच
जन्मौं यो सौभाग्य उदाओस् होस् अति प्रीत ।
यसो भए पर्ने छ पादरज जसको जीवन
प्रभुकै खातिर बाँचेको छ तिनको मोहन !
तिनको पदरज पाउनु नै तिम्रो पदरज पाउनु हो ।
खोजि रहेछन् श्रुतिहरू जुन रज कहिले देखि अहो !

तिमी विश्वको यौटै फल छौ व्रजवासी कन
के दिंछौ भन तिमी भनीकन जसले जीवन ।
त्याग्यो धन जन प्राण देह मन तिनकन सोझै
स्वरूपता वकिले पनि पाई द्वेष गरेरै ।।
राग द्वेष हुन् डाँकुहरू मोह नेल औ जेल घर ।
जवतक साक्षात् हजूरको खास स्वजन बन्दैन नर ।।
जान्ने जानुन् म ता देह मन वाणी द्वारा
महिमा सक्तिन जान्न कदापि भन्दछु प्यारा ।
दासपंक्तिमा मेरो निक्लोस् नाम व्रजेश !
प्रपञ्च सारा छ तिमीमै स्थित हे परमेश !
वृष्णिवंश विच उदय भयौ कृष्ण चन्द्रमा नाम धरी ।
रवि शशिका आराध्य प्रभु ! प्रणाम गर्छु म कल्प भरी ।।"
स्तुति गरी यो तीन पटक व्रज घुम्दै ब्रह्मा
लागे गृहतिर वाछा बालक अर्पी प्रभुमा ।
वर्षौं लाई सखाहरूले क्षण भर ठाने
खाई खाना कृष्ण साथ सव व्रजतिर लागे ।।
"व्रजवासीको कसो गरी हरिमा यस्तो प्रेम वढ्यो ।"
भन्ने राजा विच भन्छन् स्नेह गरी शुकदेव अहो !
सवको प्यारो देह छ त्यसका पश्चात् धन जन
प्यारा हुन्छन् तन भन्दा छ आत्मा प्रियतम ।
आत्मा सवको यौटै कृष्ण जाने स्नेह
हुदैन थ्यो किन सवमा प्रेम हेरन फेर ।।
मुरारिका पद नौकाको आश्रयमा जो वस्छ जन ।
त्यसको खातिर सिन्धु भव वाछाको खुर वन्छ सुन ।।

पन्ध्रौं अध्याय

[धेनुकासुर उद्धार]

कृष्ण दाउ पौगण्ड भए अब छैठौं वर्ष
लाग्यो लागे गाइ चराउन जान सहर्ष ।
साथीहरू ली श्री वृन्दावन पार्दै पावन
वेणु वजाई कुसुमाकर वन पुग्दछ मोहन ।।

वृक्ष नुहेको चरण विच पुष्प फुलेको पंक्षि स्वर ।
देखी शोभा रूचिर अति भन्छ कृष्ण श्री दाउ सँग ।।

"हेर्नोस् दाजै, वृक्ष झुकेका पदमा निहुरी
दर्शन गर्नेको पनि पाप पुछ्छन् सब यी ।
भँवरा गाना गरी रहेछन् तिम्रो राम
प्राय यिनी हुन् तिम्रा आफ्नै स्वजन तमाम ।।

घरमा आयो जगतपति भनेर नाचे मयुर पनि ।
तिर्छि हेर्छन् मृगीहरू कोयली कुज्छन् धन्य बनी ।।

आज यहाँकी धरणी धन्य भई रहिछन्
चरणस्पर्शले रोमांचित तृण घास सहित छन् ।
चितवन पाई भए कृतार्थ स्थिर चर वन्य
स्पर्श वक्षको पाई गोपी छन् अति धन्य !

वृन्दावनको स्वच्छ छटा देखी हर्षित भई अति ।
लागे क्रीडा गर्न सब नदी शैल तट वीच पुगी ।।

भ्रमरा स्वरमा शव्द मिलाई कहिले गाई
नाच्छ मोर झैं अद्भुत सुन्दर मोर हँसाई ।

वोलाउछ पशु पंक्षी कहिले लो ली नाम
क्रौंच च्याखुरा चकवा मोह वन्दै श्याम ।।
सखाहरूको काख विच थकित भई जव सुत्छ वल ।
चरण दवाउछ कृष्ण पुगी पंखा दिन्छन् सखा दल ।।
थाकी श्री हरि कुनै सखाको गोदी वीच
शयन गर्छ जव दाव्दछ कोही पाउ सप्रीत ।
पंखा ली निष्पाप गर्छ क्वै हवा प्रदान
मन्द मन्द स्वर गाउछ अर्को अच्युत गान ।।
गर्छिन् सेवा रमा सदा जसको त्यो हरि गूढ बनी ।
सादा ग्रामिण साथ अहो ! गोठालो भै खेल्छ पनि ।।
श्री दामाले भने एकदिन दाउ मोहन
गई तालवन मारी धेनुक का सब पल्टन ।
पिऊँ तालरस धेनुकले त्यो छेकी रेछ
खाई सक्यो कति नरपशु त्यसले भीषण त्यो छ ।।
पुगे सखा सव तालवन हल्लाए रुख जोड सँग ।
धेनुक आयो गर्जिकन खस्न गए फल अनेकन ।।
दुइ पैरले हान्यो लात दाउलाई
घुंदै आई फेरि हान्यो पैर उठाई ।
पक्डी वलले पैर घुमाई नभका वीच
तालवृक्षमा पटकान्यो जव लडिगो नींच ।।
एक वृक्षको व्टकाले अर्को अर्को गरी सवै ।
वृक्ष लडे यो दाउको एक खेल हो मामुलि है ।।
सूत्र वसनमा कैं जसमा जग ओतप्रोत छ
त्यसले धेनुक मार्नु भला भन के अद्भुत छ ?

त्यसका बान्धव पनि उद्धार भए तमाम
निर्मल भो वन वस्र्यो फूल देखी काम ।।

फर्के हरिका पछि पछि सखा गाउछन् गीत शुचि ।
'तिम्रो कीर्तन श्रवण सुधा पावन जगमा रेछ अति ।।'

खुरको रजले अलक लसेको जंगली पुष्प
सिउरेको औ मोर प्वाँखले थ्यो अति स्वच्छ ।
सुखमय चितवन मुखमा मन्द हास्य उदार
वंशी स्वरले निस्क्यो वाहिर गोपी धार ।।

पी लोचनले विरह व्यथा, शान्त गराए दिनभरको ।
गोपीहरूको प्रेम भरी स्वागत ली हरि भित्र पस्यो ।।

आमाहरूले तेल लगाए स्नान गराए
वस्त्र र गहना चन्दन मालाहरू पहिराए ।
पस्के भोजन अति स्वादिष्ट आफै ख्वाए
हात पैर मुख सवै चुठाई ली तल आए ।।

सुन्दर शय्या वीच लगी राम श्याम दुइ भाइ कन ।
लाड प्यार अति गरी गरी शयन गराए स्नेह सँग ।।

यसरी खेल्थे बृन्दावनमा बल हरि नित्य
गए एकदिन दाउ विना सव यमुना वीच ।
ग्रीष्म घामले पीडित प्यासा थे शिशु वाछा
पिए पानि विष रेछ मरे सव भो अति हाहा !

कृष्ण नयनमा थियो सुधा ती सवलाई हेरि दियो ।
उठे परस्पर हेरि मुख भनें वचायो हरिले' यो ।।

सोहरौं अध्याय

[कालिय उद्धार लीला]

कालियको विष द्वारा दूषित यमुना जानी
चडी कदम रुख हाम्फाल्यो हरि पटुका वाँधी।
छचल्कियो जल हात चारशय सम्मन् फैल्यो
कालिय चिडियो आयो कृष्ण साथ भिडीयो ।।

निर्भय लाग्यो खेल्न हरि सान्है थ्यो सुकुमार तन।
वेऱ्यो टन टनि सखाहरू देखी पीडित भए सुन ।।

प्राण बुद्धि मन थिए गरेका जसले अर्पण
हरिमा आखिर भए विहोस हाय सखागण।
गाई वछडा वयलहरू डकराउन लागे
चित्र सरी अति अश्रु गिराई श्री हरि आगे ।।

व्रजमा देखी कुलक्षण नन्दादि बल सखा सखी।
आए हेर्दै चिह्न पद यमुना तट तिर भई दुःखी ।।

ह्रदमा कालियको फन्दा विच देखी कृष्ण
गोप गोपिनी रोए हरि विन देखे सून्य।
आमा लागिन् यमुना वीच गर्न प्रवेश
रोक्छन् गोपी संझाई हरि लीला वेश ।।

नन्द आदि पनि यमुनामा लागे पस्न र राम उठी।
संझाइकन रोक्छ अहो श्री हरिको अनुभाव शुचि ।।

पीडित मूर्छा गोकुलवासी लाई देखी
म विना यिनको आश्रय छैनन् कोही सोची।

मुहूर्त भर हरि बन्धनवाट बाहिर आयो
कालियले पुनः वेऱ्यो हरिले देह फुलायो ।।
कालियको अव देह टुट्यो अलग भयो हरिबाट अहो ।
लाग्यो फूँ फूँ गर्न अति किन्तु क्रोधले फणा उठ्यो ।।
चढी फणामा लाग्यो नाच्न वर्स्यो फूल
गान बजाना गरे व्योममा सुरले खूव ।
जुन शिर कालिय झुकाउदैन त्यसमा पाउ
टेक्थ्यो श्री हरि हुन्थ्यो मूर्छा लागी घाउ ।।
रगत बूँद श्री चरण प्रति लागी हुन्थ्यो भान भला ।
रक्त पुष्पले स्वजनहरू रेछन् अर्चन गरी अहा !
गर्नु भयो श्री हरिले अद्भुत ताण्डव नृत्य
फणा फुट्यो औ वक्ल्यो खून पग्ल्यो चित्त ।
बुझी जगद् गुरु नारायण हुन् जगका ईश
'शरण परें' यो भन्दछ नाग मनका वीच ।।
दशा नागको देखिकन नागिनी आए भीत भई ।
राखी बालक सामु भने निहुरी पदमा कृष्ण प्रति ।।
अपराधीमा दण्ड दिनु हो सार्‍है वेस
यसको प्रायश्चित्त भयो अव साथै श्रेय ।
गरेछ यसले पैले तप कुन बनी अमानी
प्राणी श्रेयको निति कार्य कुन गरेछ छानी ।।
क्रोध पनि हो हजूरको महा अनुग्रह जीव प्रति ।
सर्व जीवमा नगरी दया सर्वात्मा हरि हुन्न खुशी ।।
'कुन साधनको फल हो पद रज-स्पर्श' बुझेनौं
जुन पाउन श्री धन जन त्यागी भज्छिन् वर्षौं ।

पद रज प्रेमी न हुन्छ इन्द्र, न राज्य रोज्छ
न ता रसाको न विधिको पद नसिद्धि खोज्छ ।।

त्यै रज पायो सुदुर्लभ कसरी क्रोधी कालियले ।
इच्छैले पनि मोक्ष हुने भने वस्तु अरू दुर्लभ के ?

पाऊँ अनुग्रह प्रजा हजुरकै हौं सव हामी
शान्त अशान्त र मूढ तीन छौं जगमा प्राणी ।
त्याग्न प्राण यो लाग्यो नाग देउ वचाई
एक पटक अपराध क्षमा दी आज मुरारि ।।

कालिय विम्झ्यो स्वास लियो बोल्यो प्रभुसँग दीन भई ।
दण्ड अनुग्रह छ ठीक जे राजी छौं गर खुशी भई ।।

आज्ञा भो हे कालिय जाऊ सागर माझ
यो घटना जो व्यक्ति संझला साँझ र प्रातः ।
जो यो लीला स्थलिमा आई तर्पण देला
देव पितृको तिल पानीले पावन होला ।।

शिरमा पदको चिह्न हुँदा खाने छैनन् गरुड बुझ ।
तिमी गएपछि जल निर्मल पिउने छन् पशु पंक्षि नर ।।

पूजन गर्दै कालियले पनि मणिको हार
अर्पण गर्दै परिक्रमा दी ली परिवार ।
खुशी गराई अनुमति ली कन रमणक द्वीप
गए जहाँ सव सर्प वस्तछन् एक समूह ।।

त्यो दिन देखि यमुनाजी विष नभएको मात्र नभै ।
अमृत सरी स्वादिष्ट भइन् परी अनुग्रह श्री हरिकै ।।

सत्रौं अध्याय

[कालीयकथा, अग्निपान]

गरुड साथ प्रति औंशी एक जान्थ्यो सर्प
कालियको थ्यो पालि गएन ली अति गर्व ।
प्वाँख सुनौंला थियो गरुडको कालियलाई
हाने भाग्यो कालिय यमुना भित्र डराई ।।

'कुनै पक्षिले यहाँ पसी माछा खाए जान्छ मरी ।
थियो सौभरी श्राप यहाँ थ्यो था कालिय लाइ सभी ।।

पैले रमणक कै हुन् कालिय ली परिवार
गए उहीं ती प्रभुको आज्ञा लिई उदार ।
प्यारो भूषण सुवसन पहिरी वाहिर आयो
नन्द यशोदा वलहरूको मुख भयो उज्यालो ।।

'फिर्‍यो गएको प्राण' भनी छाति लाउछन् सखासखी ।
प्रभाव जानी हाँसि वल छाती लाउछ भई खुशी ।।

मिले परस्पर वाछा गाई भए प्रसन्न
नन्द गर्दछन् दान सुवर्ण औ धन धान्य ।
थकाई लागी वसे त्यहीं नै त्यो दिन राती
उठ्यो दढेलो भन्छन् गोप हरि सँग आत्ती ।।

'मृत्युको डर छैन तर सक्तैनौं यो छोड्न चरण ।'
सुनी कुरा यो साथीको अनल पियो भो शान्त जलन ।।

अठारौं अध्याय

[प्रलम्वासुर उद्धार]

आयो व्रजमा ग्रीष्म परन्तु वृन्दावनको
गुणले झाको बसन्त ऋतुको झैं देखिन्थ्यो ।
कारण थ्यो श्री राम र केशव हुदा विराज
झरना झर्थ्यो शीतल कण ली हरियो घाँस ।।

वायु वहन्थ्यो मधुर अति कमलहरूको पराग ली ।
न घामको थ्यो ताप अति न थ्यो दढेलो दुःख स्थिति ।।

कुसुमित थ्यो वन कुज्थे पक्षि कोकिल मोर
लागे क्रीडा वनमा गर्न नन्द किशोर ।
लड्थे कुस्ती राग अलाप्थे गर्थे नृत्य
ताल वेणु सिङ फुक्थे भन्थे कोही वाह !

चाकली पांपां खेल्द थिए खाल्टो नाघ्थे गोप कुनै ।
डोरी तान्थे परस्पर लड्थे फ्याक्थे वस्तु कुनै ।।

वल हरि गर्थे गान वजान साथी नाचे
आख मिचौनी खेल्थे कहिले झूला झुल्थे ।
खेल्दा यसरी दैत्य प्रलम्व गोप वनेर
मिल्यो खेलमा वल हरि हर्ने सूर कसेर ।।

हार्नेहरूले विजयी कन वोकी लाने लक्ष विच ।
भन्ने यो सल्लाह गरी थाले क्रीडा गर्न शुभ ।।

भए मूलपा राम र कृष्ण साथी छाँटी
कुनै राम तिर लागे कोही केशव पट्टी ।

हार्ने वोकी पिठिऊ वीच जित्ने लाई
पुऱ्याउथ्यो निर्दिष्ट स्थानमा कत्ति नथाकी ।।
राम पक्षको जीत भयो थे श्रीदामा वृषभ सखा ।
हारे हरिका पक्ष जव तालि वजे दुइ तर्फ अहा !
हरुवा हरिले पीठ चडायो श्रीदामा जी
प्रलम्वले बल भद्रसेनले वृषभ सखा ली ।
हिंडे लक्षतिर प्रलम्वले यो सोच्यो होला
'कृष्ण छ वलियो त्यो भन्दा वल हलुको होला ।।'
भाग्यो आज्यू देखि पर वल कन मार्ने सूर लिई ।।
पर्वत भन्दा भयो गह्रौं ताकत सकियो रुक्यो गति ।।
रूप सक्कली लियो दैत्यले कालो उग्र
सुनका गहना गोरा दाउ भो अति शुभ्र ।
भो विजुली युत कालो वादल मानो चन्द्र
दाउ तर्स्यो कुछ पछि संक्र्यो आफ्नो रूप ।।
दलेर बलले मुड्कि दिई मारी दिनु भो दुष्ट खल ।
वृष्टि गर्दछन् सुमन सुर भन्छन् जय होस् सखा दल ।।

उन्नाइसौं अध्याय

[दावानलबाट बचाउनु]

यसरी खेल्दा वाख्रा पाठा भैंसी गाई
मुन्जा वनको भित्र पसेछन् गर्मी लागी ।
गोपहरू सव लागे गर्न पश्चाताप
पाएनन् पशु वन वन खोज्दा पनि भो ताप ।।

छिन्न दाँतले घाँस तथा हेर्दै खुरका चिह्नहरू ।
रोई चिल्लाउदै सव वढे अगाडि गोपहरू ।।

आखिर देखे मुंजाटविमा मार्ग भुलेर
थकित पियासा क्रन्दन गर्ने पशुहरू हेर ।
वोलाउनु भो ली ली नाम हरिले सुन्दर
गाई पशुहरू वाँ वाँ गर्दै दिन्छन् उत्तर ।।

यै वेला अति आँधि चल्यो उठ्यो दडेलो भयङ्कर ।
चाटी आयो चराचरै शरण परे अनि गोपदल ।।

भन्छन् चारै तर्फ दडेलो आयो कृष्ण !
छोयो हामी लाइ मुरारे लाग्यौं मर्न ।
हाम्रो भाई पिता र माता तिमि छौ सवकुछ
छैन भरोसा तिमी विना अरू जनको माधव !

आँखा चिम्लत भनी कन पिउनु भयो त्यो अग्नि सव ।
आँखा खोल्दा भाण्डिरवट देखे सवले परे छक ।।

प्रताप प्रभुको देखी गोप लागी अद्भुत
भन्छन्' यो ता निश्चय होइन सादा मानव ।
विना देवता आगो प्यून सक्ने को र ?
धन्य कनैयाँ !' भन्दै फर्के व्रजतिर गोप ।।

कृष्ण विना क्षण एक शय युग झैं लाग्थ्यो गोपिकन ।
झाँकी देखी गोपीको हुन्थ्यो परमानन्द मन ।।

विशौं अध्याय

[वर्षा वर्णन]

लाग्यो वर्षा नभका वीच आयो वादल
गड्यां गुडुं भो चट्क्यो विजुली वर्स्यो नवजल ।
आठ मास खिचिएको जल रवि गर्छन् अर्पण
दयालु जसरी आपदमा धन गर्छन् वितरण ।।

सकामीको तन तुल्य भूमि पुष्ट भईन् अति हरी भरी ।
तारा देखीदैन कतै देखिन्छन् वरु जूनकिरी ।।

वादलको स्वर सुनी भ्याउता गर्छन् टर्र
गुरु आज्ञाले वेद शिष्य गण पढ्छन् खर्र ।
नदी र वाटो भत्कन लागे वढेर भेल
अजितेन्द्रियको देह द्रव्य धन झैं गरी हेर ।।

हरियो दूभो, च्याउ थिए रंगिविरंगी सेना झैं ।
अनाज सवतिर लहलह भो किसान हाँसे गद्गद् भै ।।

हरि सेवाले वाहिर भित्र स्वच्छ भए झैं
नयाँ पानिले प्राणि भए सव सुन्दर अति नै ।
नदी अनेकन पसी सिन्धुको उर्ल्यो छाल
अपक्वको मन विषय प्राप्तिमा वन्छ विहाल ।।

चोट परे पनि वर्षाको हुन्न व्यथा क्यै पर्वतमा ।
दु:ख परे पनि हरिजनको हुन्न व्यथा रति छातीमा ।।

वढे घाँस तृण पथ चिनिएन वाटो कुन हो ?
नगरेको अभ्यास वेद श्रुति सारा भुलियो ।

घनमा बिजुली अड्दिन गुणिमा कामिनी तुल्य
इन्द्र धनुषको शोभा मानो निर्गुण ब्रह्म ।।
चन्द्र किरणले रुचिर घन ढाक्छ किन्तु त्यै चन्द्र कन ।
निजी अहंले पुरुष सरी ढाक्तछ हेरन विलक्षण ।।
आए घरमा भक्त, गृहस्थी हुन्छन् हर्ष
नवघन देखी नाच्छन् मोर दी दी शब्द ।
जल पी पत्ता फूल र फलले रम्यछ वृक्ष
सकामि वन्दछ तगडा पाए इच्छित चीज ।।
काँडा कंकट युक्त सर सारस क्षण पनि छाड्दैनन् ।
झंझट हो घर मूर्ख नर छाड्न कहील्यै सक्तैनन् ।।
वर्षा ऋतुको हरियो लहलह झाँकी शोभन
पाक्यो जामुन खजूर सवतिर भो रौनक पन ।
गयो कृष्ण ली दाउ र साथी वनमा हेर
खेल्दै हाँस्तै सुखमय लीला गर्दै घेर ।।
वोलाउदथ्यो गाइ जव कल्चौंडोको भार परी ।
जल्दी जल्दी आउदथे दूत चुहाई भूमि भरी ।।
वर्षा हुन्थ्यो पस्थे टोड्का वीच मुरारि
छिप्थे कैले गुफा वीच गै माला धारी ।
खान्थे फलफूल कन्द मूल फल सुखले फुल्थे
पानि रोकिए पश्चात् जलको नगिचै पुग्थे ।।
वसी कुनै चट्टान विच घेरा लाई वरी परी ।
ल्याएको दही भातहरू भोजन गर्थे स्वयं भुली ।।
वयल वत्स गौ पेट भरेर आँखा चिंली
सस्यशालि भू वीच वसे ली हेर जुगाली ।

प्राणि मात्रकन सुख पहुचाउँन सक्ने शोभा
देखी भै हरि प्रसन्न सान्है गर्छ प्रशंशा ।।
आफ्नै लीला विलास हो वर्षा ऋतुको सुन्दरता ।
तर पनि हरिले प्रसन्न भै गऱ्यो प्रशंशा हेर सखा !

[शरत् वर्णन]

आयो व्रजमा स्वच्छ शरत् ऋतु जल भो निर्मल
अकाशका विच छैन कतै पनि कालो वादल ।
हिलो मैलो हट्यो भूमिको भो अब शुद्धि
सवतिर कम भो जो थ्यो प्राणीहरूको बृद्धि ।।
भक्ति आइन् भने जसो चार वर्णको भाग्छ अशुभ ।
शरत् ऋतुमा निर्मल भो हेरन चारै तर्फ विशुद्ध ।।
शरद तापले जलचर छट्पट गर्छन् सान्है
गरीव विषयी वहु परिवार अजितेन्द्रिय कैं ।
साधक त्याग्दछ अहं र ममता जसरी सुस्त
त्यागे रुखले कच्चापन औ भूले कीच ।।
आलि लगाई किसानले रोके जल निज खेत विच ।
रोक्छन् इन्द्रिय जसो गरी योगी आफ्नै हृदय विच ।।
हेरन हर्छन् दिनको गर्मी रात्री चन्द्र
गोपीको दुख हर्छन् व्रजमा गोकुल चन्द्र ।
तारा मंडलका विच चन्द्र शोभित कस्तो
यादवका विच श्री यदुपतिको शोभा जस्तो ।।
सूर्य उदयमा कुमुद विना कमल खिले सब रम्य बनी ।
सस्यशालि सब फाँट भए थाले न्वागी गर्न रमी ।।

एक्काइशौं अध्याय

[वेणु गीत]

मोर प्वाँख औ मालालाई करिल घुसारी
नव घन तनमा सुन्दर पिताम्वर फहराई ।
वंशीमा अधरामृत भर्दै गऱ्यो प्रवेश
वृन्दावन वीच गोप गाउछन् लीला वेश ।।

खिचियो मन जड चेतनको सुनेर गोपी तन्मय भै ।
लागे वर्णन गर्न निज उरमा हरिको स्पर्श लिदै ।।

दाउ कनैया लाई देख्ने आँखा मात्र
आँखा हो, अरू मालुम छैन दर्शन शास्त्र ।
नजर दिएको आफ्नो तर्फ उसको दर्शन
पाए मात्र छ सफल जगतमा हाम्रो जीवन ।।

गरेछ तप के वंशीले पियो अधरको सुधा सब ।
भक्त वंशमा उदय भयो भन्दै झार्छन् अश्रु रुख ।।

वृन्दावनकी पृथ्वीले यश छरिन् जगतभर
देवकी सुतका पदको चिह्न पाई सुखकर ।
वंशी सुन्दै नाच्तछ मोर देख्ने प्राणी
निरोध बन्दछ देखी लीला सुखको खानि ।।

व्रजका पंक्षी लाइ चरा देख्नु भूल, हुन् तिनी मुनि ।
जो छाडी अरू कुरा सब टकटकी रेछन् शब्द सुनी ।।

शब्द सुनी यो विमानका स्त्री बन्छन् मोह
खुल्दछ बन्धन वस्त्राभूषण तिनको ओह ।

गर्दै गाई ठाडा कान सुन्छन् चूप
वाछा थुनमा मुख छ निल्न सक्तैनन् दूध ।।
रोकिन्छन् नदि, मेघ सखा छाता बन्दै जीवन कण ।
वर्षा गर्छन् सुस्त सँग शब्द निकाली सभीत मन ।।
गोपी उरको केशर कुम्वुम कृष्ण चरणमा
लाग्यो त्यो तृण घासपातमा हेर न सुषमा ।
त्यो ली आफ्नो विरह व्यथाले पीडित उरमा
दल्छन् भीलिनि यी पो धन्य रेछन् जगमा ।।
गोवर्धन हरिदास ठुला हुन् वल हरि पद स्पर्श खुला ।
पाई सक्छन् दान दिन पानी फल फूल घाँस गुफा ।।
श्याम र गोरा यी दुइको गति हेर निराला
शिरमा रस्सी फन्दा भार छ अद्‌भुत चाला ।
हाँकी गाई यौटाबाट दोश्रो वनमा
वंशी छेड्‌दै हिड्‌छ कृष्ण जव साथी सँगमा ।।
चल्ने प्राणी वन्छ जड जडहरू थाल्छन् चल्न सब ।
चेतन वन्दछ चित्र सरी रोमाञ्चित हुन पुग्छ जड ।।

बाइशौं अध्याय

[चीर हरण लीला]

नन्द व्रजका गोप कुमारी खाइ हविस्य
उपासनामा लागे मंसिर भर भै व्यस्त ।
कात्यायनीको पूजा गर्दै यमुना वीच
भन्थे हाम्रा स्वामी कृष्ण वनुन् सप्रीत ।।

कृष्ण गाउदै उचो स्वर हात समाती सखी दल ।
पुग्थे यमुना साथ सधैं प्रेम बढाई परस्पर ।।
आखिर दिन थ्यो साथी साथै आई कृष्ण
वस्त्र उठाई चड्यो कदमको रुखमा रम्य ।
वोल्यो हास्तै–आफ्नो आफ्नो लेऊ वस्त्र
कूठ म वोल्दिन साक्षी छन् यी हेरन गोप ।।
व्रतले दुवला तिमीहरू छौ, बोलौं किन कूठ सखी ।
दासी हौ यदि सत्य भने आई लेओ वस्त्र निजी ।।
आए वाहिर करले गुप्त छोपी अङ्ग
सूचन गर्दै गर्छौं हामी रचना वन्द ।
शुद्ध भावले आए कन्या देखी अच्युत
वस्त्र काँधमा राखी वोल्दछ मीठो माधव ।।
वसन रहित भै स्नान गर्‍यौ यमुनाजीमा पाप भयो ।
अञ्जलि जोडी ढोग सखी तिमीहरूको हुन्छ भलो ।।
गरे नमस्कार पूर्ति गर्न त्रुटि जोडी हात
श्री हरिको नै चरण कमलमा नवाई माथ ।
देखी करुणा भाव उम्रिई भन्दछ मोहन
लाऊ लेऊ वस्त्र निजी सब हर्षभयो मन ।।
लाज छुटाएँ बस्त्र हरें कठपुतली झैं गरें हँसी ।
किन्तु दोष तर देख्नु कहाँ ? उल्टै तिमीहरू भयौ सुखी ।।
मेरा पदको पाउन स्पर्श गर्‍यौ तपस्या
हुन्छ सत्य त्यो जाने मैले गर्नु प्रतिक्षा ।
उसिनेको भुटिएको अन्न अव उम्रन्न
ब्रह्म कामनाले जन विषय तिर फर्कन्न ।'

आज्ञा पाई थेन मन फिरे कुमारी गेह सव ।
'सिद्ध भयो व्रत' वचन सुने गर्नु प्रतिक्षा मास दश ।।
गौ चारणमा दाउ गोप ली गयो मुरारि
देखी सुन्दर शाखा रुखको स्वच्छ छहारी ।
भन्छ–सुवल श्री दामा चक्र वृषभ विशाल
हेरन रुखहरू कसरी गर्छन् पर उपकार ।।
जन्म सफल हो यसो हुनु बाँच्नु अरूको निंति सदा ।
वर्षा गर्मी सही स्वयम् नास्छन् अरूको कष्ट अहा !"
यस्तो भन्दै फल पल्लव युत निहुरेका रुख
हरूको मुनि मुनि यमुना तटमा पुगे सखादल ।
मधुर स्वच्छ औ शीतल पानी पिए सहर्ष
प्याए गाई लगी चराए उपवन वीच ।।
खालि पेटमा पानि पिए लाग्यो साह्रै भोक भनी ।
राम कृष्णको नजिक गई भन्छन् साथी दीन बनी ।।

तेइसौं अध्याय

[यज्ञ पत्नी माथि कृपा]

राम राम हे सुन्दर श्याम मारी दुष्ट
कति कति हामीलाई दिई सुख पार्‍यौ पुष्ट ।
अैले पनि यो रेछ सताई राक्षस भोक
मारी देऊ सुख अरू कोही छैन त ओत ।।
सुनी सखाको वचन हरि भन्दछ यमुना पार तरी ।
जाऊ यज्ञ छ ब्राह्मणको ल्याऊ मागी भात दही ।।

संकर्षणको साथै मेरो कीर्तन नाम
गर्नु दिने छन् भोजन मीठो हुनेछ काम ।
पशुवलि नहुने मखको अन्न दूषित हुन्न
मागी ल्याऊ जाऊ झट्ट वन्दै दीन ।।
मागे गै तर वोलेनन् दिन्छु दिन्न क्यै, हेर स्थिति ।
फिरे त्यसै प्रभु भन्छ पुनः दर्शाई कन लोक गति ।।
"असफलता भै रन्छ निराशा वन्न हुदैन
प्रयत्न गर्दै रहे सफलता मिल्दछ चैन ।
अव तिमि तिनका स्त्रीको पास गै यति बोल
आएका छन् कृष्ण र दाऊ लागी भोक ।।
स्नेही छन् ती ममा मन लागेका अति भक्त पनि ।
माग दिने छन् भने जति भोजन ल्याऊ शान्त बनी ।।"
गई भने पछि वचन सखाले द्विजस्त्री झटपट
उठी वनाए चार किसिमका भोजन हितकर ।
आए बोकी सागरमा नद तुल्य वगेर
रोक्थे वान्धव त्यसको ख्याल क्यै नगरेर ।।
यौटी लाई रोकि दिए द्विजले, संक्षी सत्य छवि ।
देहै छाडी प्रथम पुगीन् कृष्ण चरणमा हेर खुवी ।।
द्विज पत्नीले पाए दर्शन सुन्दर श्याम
वनमाला पीताम्वर धारी सुखको धाम ।
गोप काँधमा वाहु अड्याई कमल घुमाई
हेरी रहेको अमृत नयनले आफूलाई ।।
भन्यो कृष्णले—स्वागत छ ! भलाइ जान्ने सन्तजन ।
गर्छन् मेरो प्रेम व्यव-धान रहितको अनूपम ।।

देह पुत्र स्त्रीलाई जो छ र लाग्दछ प्रेम
त्यो परमात्मा मदेखि प्रिय को ? सक्ला वन्न ?
आयौ मेरो दर्शन गर्न प्यारो चीज
गरें प्रेमको अभिनन्दन है मैले खूव ॥
जाऊ" भन्ने वचन सुनी भन्छन् द्विज स्त्री दीन भई ।
"आयौं छाडी बन्धु घर जाउ कहाँ अव शरण हरि !"
भन्यो कृष्णले—ममा दियौ मन यसले गर्दा
पति बन्धु सुत गर्ने छन् प्रिय हुनेछ श्रद्धा ।"
फर्के पछि द्विज पश्चाताप गर्दै भन्छन्
"काटे स्त्रीले पाश मृत्युको धन्य छ भगवन् !
गायत्री अनुष्ठान गर्‍यौं तप्यौं गर्‍यौं मख शय्यौं तर ।
भएन भक्ति श्री हरिमा भयो सवै त्यो मट्टि सह्र ॥
तर पाई स्त्री हरिका भक्त छौं अति धन्य !
उनले गर्दा भक्त कृष्णको पायौं वन्न ।
अवाध ज्ञान छ जसको नित्य हामी विप्र
कर्म पचेडामा छौं गर्छौं प्रणाम नित्य ॥"
द्विज पत्नीहरू फिरे पछि अशोक वनमा सखा सहित ।
भोजन लाग्यो गर्न हरि संङ्गे वन्दछ शोक रहित ॥

चौविशौं अध्याय

[गोवर्धन पूजा]

इन्द्र यज्ञ सव गर्न तयारि देखी कृष्ण
भन्दछ बाबा, केको हड्‌वड हो यो लौ न !

ए. ३
१३०६

यसको के उद्देश्य छ फल के भन्नोस् स्पष्ट ?
शास्त्रिय हो कि रुढिवाद हो सब त्यो प्रष्ट ।।
नन्द भन्दछन्—इन्द्र घन वर्षाउदछन् नीर कण ।
उम्रन्छन् फल अन्न अनि पूज्छन् मानव इन्द्र कन ।।"
भन्छ कृष्ण—रजगुणले मेघ गर्छन् वर्षा
भला, इन्द्रसँग के छ प्रयोजन अथवा श्रद्धा ।
गाई पाल्छौं हामी वैश्य यै हो वृत्ति
ब्राह्मण गाई गिरिको सेवा गर्छौं यत्ति ।।
न देश ग्राम छ नगर कतै हाम्रो घर नै स्वच्छ वन ।
हवन गराऊँ धेनु पुजौं खुवाऊँ कुकुर र दीन जन ।।
जस द्वारा निज जीवन चल्छ त्यसकै पूजन
गर्नुपर्छ गिरिराजै हाम्रा छन् जीवन धन ।
गरेर पूजा घूमधामले दहि दुध माखन
गरी समर्पण घुमौं पहाड हौंला पावन ।।'
दर्प इन्द्रको छुटाउने सुनी कृष्णको वचन शुभ ।
हुन्छ हुन्छ लौ त्यसै गरौं भन्छन् गोकुल वासि सब ।।
घाँस खुवाई गाई लाई लाइ अगाडि
चढेर गाडा सिंगारिई सब हिंडे पछाडि ।
सखिले गाए सुरिलो तान कृष्ण चरित्र
व्रजवासी सब लावा लस्कर हिंडे पवित्र ।।
रूप कृष्णले अर्को ली गोवर्धन हूँ भनी कन ।
भोजन सारा वस्तु गर्‍यो हेर्दै थे व्रजवासि जन ।।
यता कृष्ण व्रजवासीलाई भन्दछ "हेर !
गिरिराजले साक्षात् दर्शन दियो सस्नेह ।

जो यसलाई गर्छ अनादर मारी छाड्छ
आफु र गौको निति ढोगौं लडी सहर्ष ।।"
मानी आज्ञा श्री हरिको गोवर्धन को मान गरी ।
अगाडि लाई कृष्णकन फर्के व्रजतिर स्नेह बढी ।।

पच्चिशौं अध्याय

[गोवर्धन धारण]

देखी आफ्नो यज्ञ हटेको इन्द्र रिसाई
भने 'घोर घन वर्षा गर' सांवर्तक लाई ।
ओत कृष्णको लिई अनादर गरे अपार
आउँछु म पनि नन्द व्रजसव पार सखाप ।।"
चम्क्यो विजुली आँधि चल्यो गड्यां गुडु भो उग्र भई ।
असिना वर्स्यो वडे वडे वर्स्यो पानी व्रजै भरी ।।
गोपी बालक वोकी आए वन्दै आकुल
लेउ शरण गोविन्द मुरारे भन्दै गोकुल ।
'स्वजन सुरक्षित गर्दछु' भन्ने व्रत यो पालन
गर्ने अवसर पर्‍यो मलाई सोच्तछ मोहन ।।
उठाइ कन गिरिराज भन्यो—पिता र माता वन्धु सवै ।
गिरिको तल वस भीत नभै मछू छहारी एक सघैं ।।"
सात रात तक नपी नखाई नचली डेक
शैल उचाल्यो गिरिवर प्रभुले भयो उदेक ।
देखी महिमा सुरपति भन्छन् त्यागी रोष
"रोक रोक ! के लाग्दछ हाम्रो वर्षा रोक ।।"

सूर्य उदाए मेघ हट्यो पानि घटेको देखिकन ।
वाहिर आए गिरिधरको आज्ञा पाई गोप जन ।।
शैल राख्नु भो जव ठाउमा लाए छाती
नन्द यशोदा रोहिणी जूले ज्यादै च्यापी ।
चिप्टाउनु भो प्यारो ! भन्दै वलले फट्ट
दही अक्षता लगाइ दिन्छन् गोपी चट्ट ।।
सुरहरू द्वारा फूल झर्‍यो नाचे अप्सर थरी थरी ।
कृष्ण फिर्‍यो व्रज, गोपबधू लाग्छन् पछि पछि कीर्ति छरी ।।

छब्बिशौं अध्याय

[व्रजवासीको शंका समाधान]

व्रजवासीहरू हरिको यस्तो देखी भाव
कृष्ण चरित सव भन्दै सोध्छन् उत्सुक साथ ।
"सात वर्षको वच्चाले यो वोक्नु पहाड
शंका लाग्दछ तिम्रा सुतको के हो चाल ?
भन्नोस् बाबा, नन्द ! अब हामी लाई रहस्य त्यो ।
लाग्छ प्रेम यस माथि त्यसै स्वभावले नै किन हो यो ?"
नन्द भन्दछन्—आए गर्ग कुनै एक दिन
भने कृष्ण हुन् नारायण नै साक्षात् मोहन ।
गोरा चाहिं साक्षात् शेष हुन् सङ्कर्षण
गरे प्रेम यी दुइमा मानव वन्छन् पावन ।।"
सुनेर यस्तो नन्द वचन विस्मय फाली नन्द कन ।
व्रजवासीहरू स्नेह गरी गर्छन् पूजा मनोरम ।।

आफ्नो मख भो नाश भनेर रिसले इन्द्र
वर्षा गर्छन् असिना ढुंगा पानि र वज्र ।
आपद पाई गोपी गोप वच्चा च्यापी
पर्छन् प्रभुको चरण शरणमा सवकुछ त्यागी ।।
देखी आकुल स्वजनहरू उठाइ गिरिवर च्याउ सरी ।
रक्षा जसले गऱ्यो व्रज वासीको होस् खुशी हरि ।।

सत्ताइशौं अध्याय

[इन्द्रले गरेको स्तुति]

आए सुरपति लज्जित भै अति शिरले स्पर्श
गरी चरणमा शरणछु भन्छन् वनी सहर्ष ।
"छैन हजुरमा रज तम लेश कसरी क्रोध ?
धर्म सुरक्षालाई गर्छौं दण्ड विरोध ।।
ईश्वर हूँ जो भन्छ अहं त्यसको सारा गलाउन ।
स्वजन लालसा जगाउँन तिम्रो हो अवतार तन ।।
भय पर्दा पनि निर्भय देखी हजूरलाई
ईश्वर हूँ यो भन्ने पनि अभिमान गलाई ।
पर्छ शरणमा गर्दछ भक्ति धन्य छ नाथ
शरण परें रति छैन घमण्ड देऊ पास ।।
बाँच्तछ आफ्नो निति फगत् जो त्यै हो भू भार जन ।
मोक्ष तिनी कन, सन्त प्रति श्रेय दिने हो नाथ तन ।।"
भन्छ कृष्ण—हो मैले यज्ञ भङ्ग गरेको
मत्त भयौ अति संझाउन यो कार्य रचेको ।

गर्छु अनुग्रह जसलाई म पार्दछु भ्रष्ट
दुख दिन होइन पथ संक्राउन आफ्नो प्रष्ट ।।

जानोस् मेरो गरी स्मृति संक्री सन्निधि स्वर्ग प्रति ।
गर्नोस् निज अधिकार तथा मर्यादा अनुसार कृति ।।"

काम धेनु गौ भन्छित् प्रभुमा सरी अगाडि
आफ्ना सव परिवार साथ ली वाछी गाई ।
"हुँदै गरुन् पति इन्द्र जगत्का तर गोविन्द !
गौ ब्राँह्मण सुर सज्जनका हौ तिमी नै इन्द्र ।।

ब्रह्माको ली वचन यहाँ नास्न भूमिको भार सव ।
आएका अभिशेष दिन, आज्ञा पाऊँ अधोक्षज !"

भन्दै आफ्नो दूधको सिर्का द्वारा सुन्दर
अभिशेष दिइन् भयो छाति अति सवको शीतल ।
परी प्रेरणा आमा अदिती आदिको शुभ
ऐरावत सुँड द्वारा ल्याई गंगाको जल ।।

गरे इन्द्रले अभिशेष देवर्षि थे साथ मुनि ।
नाचे अप्सर फूल झऱ्यो सुनियो कीर्तन नामध्वनि ।।

भने इन्द्रले—नाम पऱ्यो गोविन्द ! महान
यसले अति कल्याण हुनेछ जगको जान ।
यसपछि रुखमा मधुको, नदिमा रसको वाढ
आयो गिरिमा मणि औ भूमा त्यसै अनाज ।।

क्रूर जन्तु पनि परस्पर सवै देखिए मित्र सरी ।
देव सहित ली इन्द्र पनि गए विदा भै स्वर्ग प्रति ।।

अट्ठाइशौं अध्याय

[वरुणलोक गमन]

वसे नन्दजी एकादशी व्रत कार्तिक महिना
पसे कुवेलै न्वाउन ह्रद थ्यो यमुना जलमा ।
लग्यो पक्डिई वरुण दूतले स्वामी सामु
गोप कराए राम कृष्णको ली ली नाउँ ।।

पुग्नु भयो हरि वरुण पुरी भयो महोत्सव उहाँ महान ।
पूजा हरिको गरे खिले लोकपालका रोम तमाम ।।

भने वरुणले—देह लिएको आज सफल भो
पिता लानु होस् मूर्ख दूतले ल्याए थे जो ।
विश्व सृष्टिको व्यर्थ कल्पना गर्ने माया
छैन हजुरमा भन्छन् श्रुतिहरू धूप न छाया ।।

वेदान्तीका ब्रह्म तिमी स्वभक्तका भगवान तिमी ।
योगीका हौ परमात्मा पाऊँ अनुग्रह रूप तिमी ।।"

पिता लिई हरि फिर्नु भयो व्रज भो आनन्द
सुने गोपले नन्दबाट त्यो सव वृत्तान्त ।
"मान कृष्णको वरुण लोकमा भयो जसोरी
थियो उहाँ जो अद्‌भुत सुन्दर सम्पत्ति सुख श्री ।।"

सुनी गोपहरू गम्छन् यो—यो ता यस्तो अगम भने ।
धाम कृष्णको मायातीत कस्तो होला ? हेर्न मिले ?"

करुणामयले शुभ सङ्कल्प तिनको जानी
सोच्यो "तन कन आत्मा ठानी भै अज्ञानी ।

कहिले नर सुर कहिले पशु भै घुम्दछ प्राणी
को हूँ छु कहाँ ? जान्छु कहाँ यो कुनै नजानी ।।"
देखायो अनि धाम निजी सत्य सनातन ज्योति परम ।
गुणातीत जन जो देख्छन् देखे सवले धन्य जनम ।।

उनन्तिशौं अध्याय

[रासमा कृष्ण अन्तर्धान]

शरत् ॠतुको जुनले गर्दा वेलि चमेली
फुली सुगन्धित गन्ध वहेको हरिले देखी ।
क्रीडा गर्ने भई मनसुवा मायाजी को
लिई सहारा वंशी फुक्नु भो सान्है नीको ।।
चन्द्र लालिमा कुना कुना पस्यो फिंजियो शीतलता ।
खिचियो मन सव गोपीको पुगे जहाँ थ्यो प्राण सखा ।।
वंशी ध्वनिले भए विहाल गोपी मण्डल
जहाँ थिए जे गर्न सवै त्यो छाडी झट्पट ।
उल्टो लाई दौडे वस्त्र, गाजल, हार
रोक्छन् वान्धव किन रोकिन्थ्यो नदको धार ।।
सखी रोकिए आउन क्वै, संझे मोहन सत्य छवि ।
पाप विरहले पखालियो अंकमालले पुण्य कृति ।।
त्यागी गुणमय देह परम पद तिनले पाए
पुगे अरू सव योगेश्वरको साक्षात् आगे ।
वोल्यो–स्वागत ! मैले केही गर्नु छ कि भन ?
फर्क जन्तुले हुन्छ भयानक रात्रीमा वन ।।

खोज्दै होलान् बन्धु पति नगराऊ उद्विग्न रति ।
देखी हाल्यौ रुचिर वन चन्द्र चाँदनि युक्त छवि ।।
सुनी अप्रिय यो वाणी चिंता मानी फेरि
पदले लेख्छन् पृथ्वी गोपी तलतिर हेरी ।
दुखले भरियो छाति, खडा छन् बोल्न सकेनन्
पुछेर आँसु अडी अडी यो वाणी बोल्छन् ।।
"हामी तिम्रा भक्त निजी शरण पर्‍यौं अब सब छाडी ।
गर्छन् तिम्रै प्रेम सदा आत्म ज्ञानका अधिकारी ।।
दुःख दिने हुन् पति सुत बाबू वान्धव नाता
त्यस द्वारा छौं हामी वाक्क हेर विधाता !
चित्त तिमी प्रति खिचिएको छ कर पद मोहन!
चल्दैनन् घर कसरी फिर्नु, चैन लिई कुन ?
हामी तिम्रा भई सक्यौं स्वीकृति गर प्रभु नत्र यहीं ।
विरह अनलमा होमि तन भेट्नेछौं प्रिय लाइ कहीं ।।"
सुनी सखीको विरह व्यथा युत व्याकुल वाणी
हो ऊ आत्माराम तथापि वनी अकामी ।
लाग्यो अच्युत क्रीडा गर्न भै अनुकूल
पार्दै आफ्नो भाव भंगिले हर्षित खूव ।।
प्रभु दर्शनले खिल्यो वदन चितवनले मन विहाल भो ।
तारा गण विच शशी सरी गोपी गण विच श्री हरि थ्यो ।।
पुगे पुलिनमा चमक वालुको थ्यो अति सुन्दर
मारुत चल्थ्यो यमुना जलकण ली अति सुख कर ।
कहिले गोपीहरूको प्रेम हरि गाउदथ्यो
गर्थे कहिले गोपी गान मंगल हरिको ।।

स्पर्श प्रेमको दिई दिई अंग अंगमा स्नेह छरी ।
प्रेम वढाउन परमोज्वल क्रीडा लाग्यो गर्न हरि ।।
पाए तिनले श्री नारायण द्वारा मान
जसले फुट्तछ साँचो प्रभुको प्रेम मुहान ।
संझे 'सवमा हामी रेछौं उच्च महान'
तिनलाई थ्यो सुहागको यो केही मान ।।
देखी हरिले मान तथा गर्व गोपिका वीच अति ।
प्रसाद दिन छिपि दियो त्यहीं देख्न सकेनन् कृष्ण स्थिति ।।

तिशौं अध्याय

[कृष्णान्वेषण लीला]

कृष्ण लुकेमा व्यथित गोपिका लागे संझन
हरिको चेष्टा चाल हँसाइ विहार पावन ।
लीला संझी संझी लागे तन्मय ती हुन
वढ्यो भाव अति लागे भन्न 'मै हूँ मोहन' ।।
गाउन लागे उँचो स्वर खोज्दै झाडी कुन्ज वन ।
नभ झैं वाहिर भित्र छ जो तरु सँग लागे सोध्न पुनः ।।
पिपल पाकर वट देख्यौ कि गिरधर लाई ?
अशोक चम्पा भन न कता गो वलको भाई ?
देख्यौ तुलसि सदा तिमी छौ उरमा जसको
जुही मालती जाई देख्यौ कि पथ हरिको ?
प्रियाल कटहर आँपहरू कदम्व जामुन वृक्ष गण ।
वाँच्छौ अरूको निति तिमी वताउ गो हरि मार्ग कुन ?

पृथ्वी ! हरिको पाई स्पर्श रोमाञ्चित छौ
मृगिणी हो भन, श्री हरिको तन सुन्दर देख्यौ ?
हुन्नन् हरिको स्पर्श नपाई रौंहरू हर्ष
लताहरू यी छन् पुलकित अति सौधौं मार्ग ।।"
मतवाला झैं बनी सखी खोज्दै तन्मय हुदै अति ।
कुनै पूतना कुनै वक कुनै वने अघ स्वयं भुली ।।
देखे प्रभुपद चिह्न सँङः सगै ललना चिह्न
क्षोभ भई यो भन्छन्—होली को जगवन्द्य ?
आराधन ता गरी यसैले हरिको वास्तव
जसको पदरज शिरमा राख्छन् विधि श्री शंकर ।।
जे होस् रस सर्वश्व सव हाम्रो एक्लै पिई दिई ।
छैन चिह्न पद हेर यहाँ, वोक्यो होला कृष्ण पुगी ।।
थियो स्वयं प्रभु आत्माराम आफू देखी
अर्को कोही जसको छैन वनेर देही ।
कामीहरूको स्त्री परवशता स्त्रीको चाल
देखाउन यो रच्यो चरित्र हेरन ताल ।।
यसरी गोपी मतवाली जस्ता वन्दै स्वयं भुली ।
देखाई पद चिह्नहरू वन वन लागे खोज्न हरि ।।
हरि सँग जाने उपासिका हुन् उनले संझिन्
समस्त गोपीहरूमा रेछु म श्रेष्ठ सुशोभन ।
भनिन् कृष्णसँग 'हिड्न सकिन लग जहाँ छ चित्त !
चढत भनेपछि लागिन् चढ्न लुकि गो फुत्त ।।
हा ! प्यारे हा ! रमण भनी रोइन्, भेटिन् सखी समाज ।
प्रभु दर्शनको ली इच्छा थाले गोपी गर्न विलाप ।।

एकतीशौं अध्याय

[गोपी गीत]

खोजी रहेछौं दासी बाँची तिम्रै खातिर
पावन भो व्रज तिम्रो जन्म ले जगदीश्वर !
रमा त्यसैले खेल्छिन् आई छाडी धाम
सदा बचायौ पद पद हामीलाई श्याम !

आज कता तिर लुक्यौ सखे ! हैनौ केवल नन्द सुत ।
विश्व सुरक्षित गर्न तिमी आएका हौ अधोक्षज ।।

सृष्टि चक्रको भयले जन जब पदमा पर्छ
भेट्छ अभय कर त्यो शिरमा अब राख सहर्ष ।
जसले हेरे निज जनको स्मय भाग्दछ टाडा
देखाऊ त्यो सुन्दर सुखमय आनन प्यारा ।।

शरणागतको पाप धुने, लाग्ने गौ को पछि पछि ।
सर्प फणामा अर्पित, श्री चरण छातिमा राख हरि ।।

विरही लाई तिम्रो गाथा जीवन दान
दिने अमृत हो, ज्ञानी जसको गर्छन् गान ।
जो गाउदछन् सुन्दा मङ्गल दिने चरित्र
ती नै हुन् यो जगमा दानी महा पवित्र ।।

हाँसो चितवन विहारको गर्थ्यौं चिन्तन नाथ ! अघि ।
खड्को लाग्ने वचन सुनी आज छ हाम्रो क्षुब्ध मति ।।

जब फिर्छौं व्रज रजले केश ढाकी स्वच्छ
बढ्छ प्रेमको ज्वाला छाति धड्कन थाल्छ ।

विज्लान् पदमा तृण काँडा मन हुन्छ व्यसङ्ग
हृदय जलन भो राखी पाऊ पार प्रशान्त ।।
पाए वंशी सुन्न ध्वनि हुन्छन् इच्छा दूर सब ।
वन जान्छौ जव एक त्रुटि युग झैं वन्दछ अधोक्षज ।।
तिम्रो गति जानेर पति सुत त्यागी गेह
आयौं तिनको आज्ञा नाघी नगरी देर ।
तिमी विना को रात्री यूवति त्याग्ने होला ?
विशाल वक्षस्थल देखी छौं मोहित भोला ।।
राख्छौं तिम्रो मृदुल चरण डरले हामी छाति प्रति ।
पत्थर काँडा विज्छ भनी व्यसङ्ग हुन्छे आज मति ।।

बत्तिशौं अध्याय

[कृष्ण प्रादुर्भाव]

उच्च स्वरले सखी गाउदै प्रलाप गर्दै
दर्शन इच्छाले रुन लागे बाटो हेर्दै ।
यसै समय भो आविर्भाव प्रसन्न कृष्ण
साक्षात् मन्मथको मन मन्मथ पार्ने रम्य ।।
पक्डि बाहुली स्कन्ध विच राख्छिन् गोपी कुनै शुभ ।
कुनै चरण उर वीच लिई फ्याँक्छिन् उरको ज्वलन सव ।।
चढाई भ्रु निज कटाक्ष द्वारा ताक्छिन् यौटी
निर्निमेषले हेर्छिन् कृष्ण लाई अर्को ।
भित्र लगी प्रभुलाई अँगालो यौटी हाल्छिन्
गोपी सव आनन्द समुद्र विच गै डुब्छन् ।।

एक विन्दु हो त्रिलोकको शोभा जसको किन्तु सुन ।
अच्युत गोपी सभा विच शोभित हुन गो अधिक व्रन ।।
राज भयो प्रभु गोपीहरूको आँचल वीच
भन्छन् गोपी ब्रह्म स्पर्श सुख पाई "ईश !
भज्ने लाई भज्छन् कोही यहाँ मुरारि
कुनै नभज्ने जनलाई पनि भज्छन् भारी ।।
कोही भज्ने लाइ पनि भज्दैनन् अरू लाइ त के ?
जगमा यी हुन् तीन थरी यिनमा कुन हुन् श्रेष्ठ सखे !"
भन्छ कृष्ण——हो, भज्नेलाई स्वार्थी भज्छ
न छ त्यसमा सौहार्द न त्यो हो धर्म विशुद्ध ।
प्रेम नगर्ने जनलाई पनि प्रेम अतीव
गर्छन् आमा बाबु र सन्त करुणा शील ।।
यी तिनको व्यवहार विच धर्म छ निश्छल, सत्य पनि ।
हितैषिता औ सौहृदता ले युत हुन्छन् सदा यिनी ।।
भज्नेलाई भज्दैनन् जो यस्ता व्यक्ति
चार थरी छन् भजुन् नभज्ने लाई के ती ?
आत्माराम र आप्तकाम औ कृतघ्न जीव
चौथा ती हुन् मान्य सन्तको गर्छन् द्रोह ।।
भज्दिन भज्ने लाइ म त प्रेम वढाउन निति अधिक ।
द्रव्य हराए पाएको, जस्तो चिन्तित वन्छ गरिव ।।
लोक वेदको मर्यादा सव तोडी आयौ
छरिएका सव मनका वृत्ति ममा मिलायौ ।
त्यो अब म विना अन्त नजाओस् हवोस् निरोध
भनी छिपेको हूँ म नदेख गोपी दोष ।।

तोडी आयौ वेडि कडा महा त्यागको वदला म।
दिव्य आयु नै मिले पनि सक्तिन कहिल्यै चुकाउन ।।

तेतिशौं अध्याय

[महारास]

सुमधुर वाणी द्वारा ताप भाग्यो उरको
ब्रह्म स्पर्शले सफल मनोरथ उर भो तिनको।
खडा भए भो हाते मालो ग्रन्थि छ ढीला
यमुना तटमा भो प्रारम्भ रास क्रीडा ।।
दुइ दुइको विच कृष्ण प्रकट भो घुँघराली अलक थियो।
कुण्डल झिलिमिलि हिल्द थिए मुखमा पसिना बूँद उठ्यो ।।
गोपी कर पद चाल्थे सुन्दर नाना ढंग
उठ्दा नाच्ता कुण्डल औ स्तन हिल्थ्यो रम्य।
मुख विच पसिना चम्कन्थ्यो अति खुल्थ्यो केश
हात उठाई भाव वताउद थे सव वेश ।।
स्वर्ण मणीको वीच गई नाच्यो मानो नीलमणि।
नव घन मण्डल वीच विच हेरन विजुली चमक तिमी ।।
कृष्ण प्रेम नै गोपीको थ्यो जीवन धार
गाए ऊँचो, ब्रह्म स्पर्श सुख पाए हार।
विश्वभरी त्यो अझ पनि गुन्जी रहेछ गान
कुनै कृष्ण सँग, चडाई छेड्न लागे तान ।।
कुनै ध्रुपदमा गाउदछिन् राग रागिनी सुख दाई।
उच्च विलक्षण शब्द सुनी दिन्छ मान हरि सवलाई ।।

निर्विकार मनले छाया सँग बालक तुल्य
छाति लगाई कहिले स्पर्श गर्दै अंग ।
कहिले हाँस्तै तिर्छी चितवन द्वारा हेर्दै
श्री पति लाग्यो खेल्न गोपिकाको मन हर्दै ।।
जति थिए ती भई त्यति खेल्यो श्री हरि भई खुशी ।
तारा, देवाङ्गना, शशी चकित भए सब देखि स्थिति ।।
लोक वेदको मर्यादा सब तोडी पन्थ
कालिन्दी बिच पस्यो गोपी सँग बन्दै श्रान्त ।
भयो परस्पर जल क्रीडा अति उचिली पानी
वर्षाउदथे देवी फूल श्री हरि जानी ।।
उत्री तटमा उपवनको शोभा हेर्दै जनार्दन ।
गोपीहरू ली रम्यो शरत्–ऋतुको धेरै रात्रि सुन ।।
संझनु हो यो चिन्मय हरिको चिमय लीला
थिएन यसमा काम भावको लेश र द्विविधा ।
कामदेवको क्रियालाई औ चेष्टा लाई
आफूमै थ्यो कैद गरेको हरिले भाई !
प्रातः लागे सखी घर प्रभु आज्ञाले मनै नभै ।
अनुमोदन जो गर्दछ यो भाग्छ वासना उरको है ।।

चौतिशौं अध्याय

[सकाम सर्प र शङ्खचूडको उद्धार]

विपिन अम्बिका बीच एकदिन सगोप नन्द
पुगी सरस्वती स्नान गरेर ली आनन्द ।

शङ्कर अर्चन गरी त्यहीं भो रात्री वास
सकाम सर्प पद पक्डन्छ दिएर त्राश ।।
नन्द कराए कृष्ण ! भनी सुनी गोपहरू उठी सव ।
वालि अगुल्टो ठटाउछन् तैपनि त्यो छाड्दैन पद ।।
कृष्ण उठी गै पदको स्पर्श दिनु भो छुट्ट
विद्याधर भो- भन्दछ पदमा सर्प सहर्ष ।
"यौवन मदले कुरूप ऋषिको हँसी उडाएँ
अनि 'सर्पको रूप लिएस्' यो श्राप पाएँ ।।
दर्शन पाएँ श्राप छुट्यो छैन कुनै आश्चर्य हरि !
नामोच्चारण गर्दछ जो तर्दछ श्रोता साथ त्यही ।।
कुनै एक दिन बल हरि गोपी लिएर साथ
साँझ खदिर वन पुगी लाग्नु भो गर्न विहार ।
गाए सखिले गान ललित स्वर तीखो शब्द
चन्द्र किरण औ सुगन्ध मारुत वग्थ्यो सर्र ।।
कृष्ण दाउले अलाप्नु भो आरोह र अवरोह स्वर ।
चडाउ औ उतराऊले खिच्यो कान मन उतैतिर ।।
भए मूर्छना सुनी गोपिका वेसुध सारा
गिरे केश औ वसन परन्तु भएन थाहा ।
थिए गानमा मस्त कृष्ण, वल आई यक्ष
शंखचूडले वोकी गोपी भाग्यो छुट्ट ।।
'हा दाऊ ! हा ! कृष्ण' प्रिय' भन्दै कीर्तन उच्च स्वर ।
लागे गोपी गर्न यता उत्तर लाग्यो दुष्ट खल ।।
'नडराऊ' यो भन्दै वल हरि लागे पछि पछि
काल मृत्यु दुइ लाई देखी घवडायो अति ।

भाग्यो छोडी गोपी वल जू तिनको रक्षा
लाइ राज भो हरिले लिनु भो त्यसको पीछा ।।
पुगी कोट वन घुस्सा दी मारी हरि चूडामणि ली ।
शेष चरणमा समर्पण गर्नु हुन्छ, भो फूल झरी ।।

पैंतिशौं अध्याय

[युगल गीत]

गौचारणमा पाल्नु हुदा हरि पछि पछि चित्त
पठाइ गोपी चरित गाउथे विश्व पवित्र ।
"वायाँ गाला लटकाई जव वंशी–तान
कृष्ण छोड्छ सुर नारी हुन्छन् मूर्छित जान ।।
गुंज्दछ जगतै व्याप्त गरी मृग गाई औ मयुर चरी ।
हाँस र सारस वृक्ष लता हेर वन्दछन् चित्र सरी ।।
फलफुलको परि भार नुहेका रुखका पंक्ति
प्रणाम गर्छन् मधुको धारा पदमा अर्पी ।
शैल शिखरमा दाउ श्याम जव छाड्छन् तान
त्यो सुख चेतन जडलाई पनि मिल्दछ जान ।।
स्पर्श भरियो जगत भरी इन्द्र, शंभु, विधि चियाउदै ।
तल हेर्छन् क्यै नबुझेर काँध तथा शिर नुहाउदै ।।
माथि मान्यको रहँदा मेघ गर्दै शंका
मन्द मन्द स्वर किञ्चित् गर्जी गर्छन् वर्षा ।
मृगी चकित भै टक्टकी लाई हेर्छन् घेरी
नाम लिदैनन् घरतिर फिर्ने कहिल्यै फेरि ।।

आमा ! हेर्नोस् कुन्दकली को माला शुभ लाइ हरि ।
खेल्छन् प्यारा हजूरका सखाहरूमा हर्ष छरी ।।
फिर्ने वेला लडी देव मुनि गर्छन् बन्दन
अगाडि गोाई बलहरि विचमा गोप पछि छन् ।
मदले लोचन केहि घुमेको हेरन लाल !
पीत वयर झैं स्वच्छ खिलेको रम्य मुहार ।।
आउन लाग्यो गेह तिर वन माला श्री छाति प्रति ।
पीताम्वर फहराइकन हेरन कस्तो रुचिर छवि !
मानो हात्ती आयो ढल्की ढल्की श्याम
साँझ झुल्कने चन्द्र समान गति ली रम्य ।
विरहीको उरताप हटाउन नजिकै आयो
हेरन देवकी जठरचन्द्र यो यहीं उदायो ।।"
नित्य विपिनमा पाल्नु हुँदा चिन्तन गर्दै गोपिजन ।
तन्मय भै कन गाउदथे जोडी जोडी मिली कन ।।

छत्तिशौं अध्याय

[अरिष्टासुर उद्धार, कंस अक्रूरको मंत्रणा]

आली झत्काउदै कम्प भू गर्दै उफ्री
उडाउदै व्रज धूलो साँडे आयो गर्जी ।
अरिष्ट नै थ्यो व्रजको निति मानो कालै
सामु कृष्ण गै ताली ठोक्छ हेला गर्दै ।।
वज्र इन्द्रले छोडे झैं कृष्ण प्रति अति वेग सँग ।
हानिई आयो समाई सिङ धकेलि दिनु भो दूर तर ।।

उठेर आयो फेरि अरिष्ट सिङ पक्डेर
लात दिई भू वीच लडाई दवाइ देह ।
चीसो कपडा तुल्य निचोरी दिनुभो हरिले
मूत्र दिशा त्यो लाग्यो त्याग्न मर्ने डरले ।।
प्राण छुटे पछि देवहरू लागे स्तुति शुभ गर्न यता ।
भन्न कंस सँग नारद गै लागे मथुरा वीच उता ।।
'सुता यशोदा की हुन् छोरी जानी लेऊ
रोहिणी देवकी का हुन् पुत्र कृष्ण र दाऊ ।'
सुनी कंसले ली तलवार वैनी ज्वाइँ
मार्न उठायो तर नारदले रोके हाई ।।
बन्द जेलमा फेरि गरी, केशी दानव डाकि कन ।
राम कृष्ण दुइ मार्न व्रज वीच पठायो क्रूर मन ।।
महाउते शल तोशल मुष्टिक चाणूर लाई
भन्यो 'आउछन् कृष्ण र राम जव दुइ भाई ।
हात्ती कुवलय द्वारा ढोकैमा वध गर्नु
पसे भित्र यदि मल्लहरूले मारी छाड्नु ।।"
स्वार्थ सिद्धको निति यति गरी घोषणा अक्रूर ।
साथ भन्छ कर पक्डिकन 'उदार दानी मित्र वर !
भोज वृष्णि कुलमा मेरो हित गर्ने भित्र
तपाई भन्दा को छन् अर्का सच्चा मित्र ?
तस्मात् व्रज गै पाल्नु हवोस् ली कृष्ण र राम
'सुन्दर मथुरा जाने हेर्न' पार्दै भान ।।
"सफल र असफल जे होला गर्नै पर्दछ कर्म तर ।
हवस् जान्छु व्रज भोली नै" भनी गए अक्रूर घर ।।

सैंतिशौं अध्याय

[केशी एवं व्योमासुर उद्धार]

केशी आयो खोद्दै पृथ्वी गर्दै कंप
टोड्को कैं मुख कालो देह गरी घमण्ड ।
हिन्हिन लाग्यो गर्न डराए गोप र गोपी
कृष्ण सामु गै ललकाऱ्यो जब साऱ्है हेपी ।।

लात उठाई हान्छ जब छली कृष्णले पयर युग ।
पक्डि घुमाई फ्याँकिदियो पुग्यो चारशय हात पर ।।

उठेर आयो मुख आँ गर्दै मानो निल्न
वायाँ कर मुख वीच घुसाऱ्यो हरिले तूर्ण ।
दाँत झरी गो हात वढ्न गो मुखमा टम्म
श्वास रोकियो लडिगो राक्षस भो निष्पन्न ।।

काँक्रो फूटे तुल्य गरी फाट्यो त्यसको देह अहो ।
केशी घाटमा नारद गै भन्छन् हरि सँग रहस्य यो ।।

"कृष्ण तिमी हौ ब्रह्म परेश सवका आश्रय
आज मऱ्यो यो मर्छ कंस पनि पर्सी निश्चय ।
गई द्वारका चरित अनेकन अव गर्ने छौ
सूत पार्थको भै भूभार सव हर्ने छौ ।।

मायामा हो विकल्प, यो हैन तिमीमा जनार्दन ।
अैले लीला गर्न प्रकट मानवको कैं लियौ तन ।।

कुनै एक दिन गाइ चराई लूकामारी
खेल्थे बल हरि काम्यक वनको गिरिमा जाई ।

कोही भेडा कोही रक्षक कोही चोर
वन्दै खेले आयो व्योम चोर बनेर ।।
चोर्दै लाँदै गुफा विच थुन्यो गोप था पाइ पछि ।
पक्डि खकालो समात्नु भो लियो दैत्यले रूप निजी ।।
दुइ हातले पक्डी भैंमा लडाइ देह
पशुको भांति गला घोटीकन मार्‍यो हेर ।
हेर्दै थे सुर नभमा आई यो सव दृश्य
गोप थुनेको पुग्यो गुफामा श्री हरि सुस्त ।।
तोडी ठूलो शिला दृढ संकट द्वारा सखाहरू ।
लाइ छुटाई गयो व्रज गर्छन् स्तुति सुर वर्गहरू ।।

अठतीशौं अध्याय

[अक्रूरको व्रज मार्गमा प्रलाप]

भोली पल्टै श्री अक्रूर नन्दीग्राम
तर्फ हिंडे रथ चढी मार्गमा सोच्छन् धाम !
असल कर्म के गरिछु र आँटे पाउन दर्शन ?
योगी पनि जो देख्न नपाई गाना गर्छन् ।।
हुन्छ अमंगल नष्ट अव, हुन्छ सफलता जन्मेको ।
योगिध्येय पद देख्छु कमल गर्‍यो कंसले कृपा वडो !
पूज्छन् जुन पद विधि शिव श्रीजी ऋषिमुनि सात्वत
जसमा गोपी उर कुम्कुमको लेश छ अङ्कित ।
जसको लीला नाम गानले जगतै शोभन
हुन्छ प्राणिमा जीवन स्फूर्ति, हलका पावन ।।

जो त्यसमा छन् विरक्तजन मूर्दा हुन् ती सुन्दर तन ।
देख्छु अवश्य छ समय शुभ विहान देखि छ श्रेय सकुन ।।
जव प्रभुलाई देखी पदमा हाल्दछु छाँद
शिरमा वाहुलि प्रभु राख्ने छ सुन्दर आज !
काल सर्पको भयले पदमा पर्ने चाहिं
अभय दान जुन हात द्वारा पाउँछ प्राणी ।।
इन्द्र र वलिलें जुन करमा अर्पी पाए उच्चपद ।
पुछ्यो रासमा गोपीको जसले पसिना बूँद शुभ ।।
खडा हुनेछु जोडी हात जव त्यो बेला
हाँसी मुसुमुसु हरि हेर्ने छ अनि के होला ?
जन्म जन्मका अशुभ वगेरै के जावैनन् ?
भैं निःसङ्क म हुन्छु समर्पण भन्दै 'भगवन् !'
मलाइ जव 'अक्रूर' भनीं गर्लां आदर जनार्दन ।
मेरो जीवन हुन्छ सफल नत्र हुन्छ धिक्कार तन ।।
जसका अप्रिय न प्रिय छन् कोही वन्धु न शत्रु
कल्पवृक्ष भैं भज्ने जन प्रति वन्दछ मित्रु ।
हात समाई हाँसि स्नेहले राम र मोहन
छाति लगाई लगेर भित्र मान दिने छन् ।।"
यस्तो सोच्तै पुगे उनी नन्दग्राम तलहटी विच ।
अस्ताचलमा सूर्य डुवे प्राय अँध्यारो भयो व्रज ।।
देखे पथमा प्रभु पद चिह्न भूको भूषण
कमल र अंकुश जौं आदिको प्रष्टै दर्शन ।
अश्रु गिरे अति भो रोमाञ्च वग्गी बाट
लडे उफ्रिई 'प्रभु पद रज यो !' भन्दै छट्ट !

शोक, दम्भ, भय त्याग गरी सुनी देखि प्रभु चिह्न स्थल ।
भाव सँगाल्नु सार बुझ नर चोलाको एक शुभ ।।
देखे गाई दुहुन हिंडेका ईश्वर जोडा
सुन्दर सान्है गज शावक झैं श्याम र गोरा ।
उफ्री सहसा पस्रे पदमा पुलक शरीर
उत्कण्ठाले भरियो छाति वने अधीर ।।
आँशु भल भल गिरे तर नाम सकेनन् वताउन ।
छाति लगाउनु भयो खिची श्याम रामले चिप्टि कन ।।
राम कृष्णले एक एक कर च्ट्ट समाती
काका ! भन्दै लगेर राखे आसन माथि ।
पाउ पखाले भोजन, ताजा दूध पिलाए
पाउ दाप्तै हटाउदै श्रम, पान खिलाए ।।
सोध्नु हुन्छ हरि "ए काका, कंस निर्दयी छँदै पनि ।
कसरी वस्नु हुन्छ त्यहाँ ? के सोध्नु र आराम ? भनी ।।"

उनंचालिशौं अध्याय

[कृष्ण मथुरा गमन]

बल हरिले सन्मान गर्नु भा सुखले लेटे
पथको जो अभिलाषा थ्यो त्यो सारा भेटे ।
लक्ष्मीपति हरि हुँदा प्रसन्न दुर्लभ के छ ?
तर गर्दैनन् विषय कामना सज्जन देख ।।
रात्री भोजन सके पछि अक्रूर सँग यो सोध्नु भयो ।
"के छ कंसको सूर उहाँ भन्नोस् सब त्यो हाल प्रभो ।"

भने खवर अक्रूर नम्र भै 'वल हरि लाई
लिन आएको हूँ म कंसको आज्ञा पाई ।'
सुनी नन्दजी भन्छन् "गोप गोरस साथै
गाडा ठिक हुन् मथुरा जानुछ भोलि सखारै ।।
मथुरा पुरमा महोत्सव हुनेछ जान्छन् कृष्ण वल ।"
गरे घोषणा व्रजै भर व्यक्ति पठाई सवै तिर ।।
सुनी कुरा यो गोपीहरू अति लामो श्वास
फेर्छन् सुक्तछ ओठ मुख नै गर्छन् ताप ।
संझी संझी चेष्टा हरिको चितवन हास्य
मीठा वार्ता जम्मा भै सव गर्छन् वात ।।
अहो, विधाता छैन दया, तेरो छाती भित्र कतै ।
प्राणी मिलाइ परस्पर अलग पार्दछस् तृप्त नभै ।।
जो भनेर सव पति वान्धव जन त्याग्यौं हेर
त्यही दूर भो हेर्दा पनि हेर्दैन छ खेद !
मथुरा स्त्रीको हुनेछ मंगल रात प्रभात
देखि कृष्ण मुख हुनेछ पूर्ण उर अभिलाष ।।
क्रूर लाइ अक्रूर किन नाम दिएको उल्टो भो ।
हाम्रो प्यारो लाइ हरे ! खोज्छ लान जो दूर अहो ।।
प्राणनाथ पनि हाम्रो सखि हो ! छैन निठुर कम
चढी सक्यो रथ गोपहरू पनि हड्वडीमा छन् ।
वृद्ध पनि बोल्दैनन् स्वार्थी उल्टा प्राणी
भए विधाता पनि प्रतिकूल के गरुँ हामी ?
आधा क्षणको निंति पनि छाड्न प्राण प्रिय सक्तैनौं ।
तेस्र्याई उर मार्ग विच श्री केशवको रथ रोकौं ।।

गौचारणमा जान्थ्यो फिर्थ्यो दिनहूँ मोहन
देख्थ्यौं अनुपम झाँकी सक्छौं कसरी विर्सन ।”
माधव ! दामोदर ! गोविन्द ! नामोच्चारण
गर्दै रोए उच्च स्वरले गोपीका गण ।।
यस्तो गर्दै रात वित्यो भयो उज्यालो पुगे सखी ।
अक्रूर लागे हाँक्न रथ छकडामा थे गोप पछि ।।
आज्ञा होला केही भन्दै गोपी सारा
थिए खडा शी गाऊ वीच, दूत द्वारा ।
शीघ्र पर्सी नै आउँला यो सूचन पाए
देखिन्थ्यो रथ जहाँ सम्म निज नेत्र पुऱ्याए ।।
यमुना तटमा खडा गरी न्वाए अक्रूर भित्र घुसी ।
देखे जलमा दाउ हरि हेर्छन् वाहिर उही छवि ।।
फेरि जलमा हेर्दा देखे श्री नारायण
शेष माथि थ्यो राज साथ थे सव पार्षदगण ।
सेवामा थे सरस्वती औ लक्ष्मी, पुष्टि
कान्ति, कीर्ति औ ऊर्जा तुष्टि वहिरंगा जी ।।
संवित् शक्ति नवौं थिइन् मूर्ति मती थे शक्ति सव ।
रोमांचित औ पुलक भई गर्छन् स्तुति अक्रूर शुभ ।।

चालिशौं अध्याय

[अक्रूर कृत स्तुति]

सवका कारण नारायण तिमी द्वारा ब्रह्मा
जन्मे पहिले जसबाट भो जगको रचना ।

के जानुन् गम तिम्रो विधि शिव छन् अनभिज्ञ
अनात्म भज्ने मतवादी के जानुन् मर्म ।।
तिम्रो हो यो विस्व जगत् स्थिर चरका छौ ओत तिमी ।
तर लिन्छौ अवतार विविध जगको रक्षा गर्न भनी ।।
पुत्र, देह, स्त्री, धनलाई नै सम्झी सत्य
घुमीरहेछू स्वप्न जगतमा वनी असत्य ।
मेरो उल्टो बुद्धिको पनि सीमा होला ?
साँचो प्यारो भुली मुरारि परें म फेला ।।
पानि ढाकियो क्याउ बढी थियो नजिकै दूर पुगें ।
मृग तृष्णा कै पछारिएँ स्वरूप भुल्दै लछारिएँ ।।
खाउँ लाउँले नष्ट छ मेरो मन हे प्यारे
रोक्न सकिन त्यो पापीलाई हारें क्यारे ।
गर्छु सतत सङ्कल्प विकल्प यसले गर्दा
मायाजीले लछारिरैछन् टांगी पर्दा ।।
कपटीलाई छ दुर्लभ पद तर म दयाले आइ पुगें ।
उपासनामा लाग्छ जव बेला आउछ मोक्ष हुने ।।

एकचालिशौं अध्याय

[मथुरापुरी प्रवेश]

स्तुति गर्दै थे छिपाउनु भो झाँकी दिव्य
आए नजिकै रथमा सोध्नु हुन्छ मुकुन्द ।
'देख्नु भयो आश्चर्य कुनै कि ?' यस्तो लाग्छ
'साक्षात् देख्तैछू प्रभु अर्को अद्‌भुत कुन छ ?'

भन्द हाँके वग्गि हिड्यो देख्नेको मन हरी हरि ।
मथुरा वाहिर पुग्नु भयो ढल्क्यो दिन पनि साँझ परी ।।
वास वसे त्यो दिन उपवनमा भई प्रसन्न
अर्को दिन पुर हेर्न प्रवेश गऱ्यो मुकुन्द ।
थिए पछाडि गोप समाज देखे मथुरा
गोपुर फाटक दोवाटो चौवाटो सुखदा ।।
सुनका ऊँचा अटालि थे परिखा सुन्दर वरी परी ।
स्थल स्थलमा थे सरोवर वाग वगैंचा थरी थरी ।।
जमरा गजरा लावा फूल छरिएका पथ
द्वार द्वारमा चन्दन चर्चित कलश सुशोभित ।
हीरा मोती स्फटिक जडेका फर्श र झ्याल
पन्नाका थे स्थान स्थानमा द्वार किवाड ।।
कृष्ण रामहरू पसे पुरी पुर नारी यो हाल सुनी ।
जस्ता थे औ जहाँ थिए पुगे अटाली हेर्न भनी ।।
वर्षाए फूल लावा छाति भित्र पसाए
अनन्त आँधी चित्त भित्रको शान्त गराए ।
द्विजाति चन्दन दही अक्षता दल अर्पन्छन्
सेठ महाजन ली उपहार अगाडि सर्छन् ।।
धोवी आयो माग्नु भयो 'योग्य वसन दे' हुन्छ असल ।
दिएन मरिगो श्री हरिले एक तमाचा दिदै सहज ।।
पीत नील दुइ छानी वस्त्र दर्जी लाई
आज्ञा भो यो 'छाँटी देऊ हामी लाई ।'
ठीक गराई वस्त्र छाँटियो दर्जी द्वारा
पहिरी माली कहाँ पुग्नु भो देवकी प्यारा ।।

मालीले पनि मान गरी माला अर्पे उनी उनी ।
भने–भक्त सँग स्नेह हवोस् दया जीवमा नाथ ! भनी ।।

बयालिशौं अध्याय

[धनुषभंग एवं कंसको चिंतितावस्था]

राज सडकमा लिई हातमा चन्दन पात्र
हिड्ने कुप्री देखी भन्दछ सुन्दर गात्र ।
'को हौ तिमी भन अंग राग यो हामीलाई
सक्यौ भने दिन हुनेछ तिम्रो महान् भलाइ ।।'
'म हूँ कंसकी दासी प्रभो ! लिनुहोस् चन्दन' भनी यति ।
अर्पी सोझो श्री हरिले पारी दिनु भो देह गति ।।
'आउनेछु पछि' भनी यज्ञमा पुग्यो मुरारि
फूर्ति साथ गै पाऱ्यो टुकडा धनुष उठाई ।
रक्षक आए मार्न भनी तर हरिले माऱ्यो
फेरि पुरीको शोभा हेर्न पयर वढायो ।।
निज डेरा विच साँझ पुगी धोई कर पद कृष्ण वल ।
राय कंसको के छ बुझी छकडा विच गै सुते सब ।।
हिड्ने वेला विरही गोपीहरूले जो जो
सोचेका थे अहिले सारा सत्य भयो त्यो ।
मथुराका पुर स्त्रीले साक्षात् हरिको रूप
अमृतमय शुभ देखे आज रुचिर स्वरूप ।।
धनुष भङ्गको हाल सुनी कंस डरायो भो चिन्ता ।
देख्न कुलक्षण त्यो लाग्यो नाना थरिका भीषणता ।।

छायामा शिर नदेखिनु औ पर्नु छिद्र
दुइ दुइ बत्ती चन्द्र देखिनु पर्नु अनिद्र ।
गधा चढेको स्वप्ना देख्नु औंला कोची
सुन्दा पनि निज प्राण घोष नसुनिनु आदि ।।
आलिगन हुनु प्रेत सँग देखि कुलक्षण थरी थरी ।
मंच वनायो चिंतित भै कुस्ती खेल्ने प्रात उठी ।।
वजे अनेकन वाजा टाँगे ध्वजा पताका
प्रजा गाउले नगर निवासी जनता राजा ।
यथा स्थानमा वसे कंस पनि दुःखित वन्दै
चाणूर मुष्टिक पहलवान पनि वसे आउदै ।।
राजाको संदेश बुझी नन्द गोप पनि भित्र पसे ।
गोरस अर्पण भेट गरी एक मंचमा गई वसे ।।

त्रितालिशौं अध्याय

[कुवलयापीड वध, रंगमंचमा प्रवेश]

कृष्ण राम पनि स्नान र शौच सकेर सत्वर
गोप साथ ली कंस द्वारमा पुग्नु भयो तर ।
रहेछ कुवलय हात्ती द्वारमा पटुका वाँधी
भन्नु भयो 'ए महाउते ! दे वाटो छोडी ।।
मान्दैनस् यदि हाति सहित पुऱ्याइदिन्छु म यमको घर ।'
महाउतेले सुनी वचन हात्ति वढायो कृष्ण तरफ ।।
वेऱ्यो सुँडले फुत्की घुस्सा दिई पयर विच
छिप्यो कृष्ण त्यो सुँडले खोज्दछ वन्दै क्रोधित ।

पक्डयो फेरि छुटी कृष्णले पक्डी पुच्छर
शयौं हात पर लग्यो घिसारी हेरन अद्‌भुत ।।
वायाँ आउछ हात्ति जव दायाँ घुम्दछ हेर हरि ।
दायाँ घूमे हात्ति हरि वायाँ भाग्दछ छली छली ।।
सूँड समाई खूव घुमाई भैंमा पड्‌की
पाउ द्वारा देह दवाइ दाँतै भाँची ।
गरी सहात्ती महाउतेको काम तमाम
पस्यो सभामा आयुध दाँत ली वल श्याम ।।
वज्र मल्लले, सादाले नरवर, स्त्रीले तुल्य स्मर ।
स्वजन गोपले राजाले शासक, देखे उग्रतर ।।
पिता र माताले शिशु, कंस देख्तछ काल
अज्ञानीले देखे मांछे सादा चाल ।
योगी देख्छन् तत्व र वृष्णि इष्ट देवता
पसे मंचमा सुन्दर जोडी विश्व विधाता ।।
भयो उज्यालो मुख सवको लागे आँखा पिउन सव ।
मानो चाटे, चिपटाए वोले वाणी परस्पर ।।
"यो हो श्री हरि नै वसुदेवको प्रिय पुत्र
मथुरा जन्म र व्रजमा वृद्धि भएर गुप्त ।
तृणावर्त औ पूतना केशी मार्ने यै हो
गोवर्धन गिरि सातदिन उचाल्ने यै हो ।।
गोरा चाहिं हुन् दाजू नेत्र छ जसको कमल सरी ।
प्रलम्व धेनुक आदि असुर मार्‍यो जसले खेल गरी ।।"
उठी भन्छ—चाणूर कृष्ण वल ! भन्ने जानी
'लड्‌न भनी वोलाए नृपले आज्ञा मानी ।

मुष्टिक सँग श्री राम लड्न् औ कृष्ण म साथ
भन्नु हुन्छ हरि–'बालक छौं हुन् जोडा गाथ ।।
भन्छ पुनः चाणूर उठी "कृष्ण राम छौ वीर अति ।
न हौ किशोरै न वालकै मार्‍यौ हात्ती महावली ।।"

चवालिशौं अध्याय

[मल्लहरू साथ कंसको उद्धार]

कृष्ण साथ चाणूर र राम सँगमा मुष्टिक
लागे रणमा जसरी वीर लड्छन् अद्भुत ।
हात हातले पयर पयरले खूव अठ्याँई
घुँडा घुँडामा छाति छातिमा जोर भिडाई ।।
थचारि चिप्टी धकेल्दिई उठाई वाँधी हात पयर ।
दाउ पेचले अनेकन लागे मानो गर्न समर ।।
भन्छन् स्त्रीहरू अटालिवाट "भयो अनर्थ
शिशु र युवाहरू लागे लड्न यो के अर्थ ?
वोलोस् जान्दिन भनोस्, नवोलोस् दोषी बन्छ
वाहिर निक्लनु वेस छ शास्त्र यस्तै भन्छ ।।
रेछ,धन्य ! व्रज भूमि अति जहाँ राम सँग वेणु फुकी ।
गौचारणमा हिड्छ हरि पूज्छन् पद शिव रमा विधि ।।
गोपीले कुन कर्म गरे छन् यसको रूप
हेर्न पाउछन्–अति लावण्य अनन्य खूद ।
धन्य यिनै हुन् दुहुँदा, मथ्दा, लिप्ता, कुट्ता
फुलाउदा शिशु कुचो वढार्दा भै अनुरक्ता ।।

आँशु खसाल्दै श्री हरिको लीला सुन्दर गाउदछन् ।
जाँदा फिर्दा विपिन प्रति नित्यै दर्शन पाउदछन् ।।"

हात अँठ्याई फन्न घुमाई पृथ्वी वीच
पटकारे पछि खल चाणूर मरिगो तींच ।
मुष्टिक वलको मुड्की खाई रन्थनिएर
लड्यो भयो निष्प्राण रक्त अति वमन गरेर ।।

शल तोशल औ कूट मरे भागे बाँकी मल्ल जति ।
वाजाको स्वर सखा सँग नाच्नु भयो हरि हर्ष बढी ।।

सन्निपात भै कंस भन्न यो लाग्यो वाणी
"कृष्ण राम् कन देश निकाल आज्ञा मानी ।
बाँध नन्द कन औ वसुदेव लाई मार"
भन्दै तिर्मिरिएर उठ्यो त्यो ली तलवार ।।

साँप गरुडले पक्डे फैं पक्डी त्यसको केश अति ।
ऊँचो आसनबाट तल खसाली दिनु भो कृष्ण उठी ।।

लड्यो भूमिमा छाती वीच लाग्यो कुद्न
हेर्दा हेर्दै कंस कुमतिको निक्ल्यो प्राण ।
हात्ति सिंहले तुल्य घसेटी पृथ्वी वीच
घिसार्नु भो श्री हरिले अद्भुत हुन गो दृश्य ।।

खाँदा, पिउदा, श्वास लिदा, जे गर्दा पनि कृष्ण स्वयम् ।
चिंतन गर्थ्यो द्वेष बढी पायो दुर्लभ सत्य चरण ।।

आठ भाइ थे दाउलाई झम्टे आई
परिध उठाई मारी दिनु भो ती सबलाई ।
माइजुहरू कन दिई सान्त्वना जेल पुगेर
पिता र माता लाइ ढोग्नु भो स्नेह बढेर ।।

फोरी ताल्चा जेल पुगी नेल हत्कडी तोड्नु भयो ।
पिताहरूले संकि हरि हाल्न सकेनन् छाँद अहो !

पैतालिशौं अध्याय

[व्रतवन्ध र गुरु कुलमा अध्ययन]

पुगी पासमा राम र कृष्ण आज्ञा हुन्छ
मेरो आमा मेरो बाबा, के आराम छ ?
हामी छोरा हौं पौगण्ड, वाल किशोर
त्यसै वित्यो हा, हजुरहरूको नपाई स्नेह ।।
भीत भई अति कंस सँग सेवा वञ्चित भयौं पिता ।
क्षमा गर्नु होस् पितृ ऋण तिर्न सकेनौं परी उता ।।
काख लिए वसुदेव देवकीहरूले पुत्र
अश्रु वगाई परमानन्द पाए खूद ।
वोल्न सकेनन् आश्वासन दी राज्यासन विच
गर्नु भयो श्री उग्रसेन कन हरिले शोभित ।।
विदेशिएका थिए यदु वृष्णि, खवर दी जताततै ।
डाकी हरिले राख्नु भयो धन आश्वासन दिई सवै ।।
मथुरा वासी भए वृद्ध पनि युवकै सरह
कृष्ण दाउको वाहुलि द्वारा भएर विज्वर ।
पिउथे दिनहूँ कृष्ण मुखाम्वुज अमृत जनता
थिएन तनको सुधवुध सुखले थे तन्मयता ।।
नन्दलाई सन्मान गरी वस्त्राभूषण हार दिई ।
पठाउनु भो गेह उनी हिडे विरह औ विकल भई ।।

व्रतवन्ध भयो मथुरा वीच धूमधामले
दश हज्जार गाई दान दिए शौरिले ।
गुरु कुल गै उज्जैन पढ्नु भो नाना शास्त्र
चौसठि दिनमा चौसठि विद्या हुनु भो पास ।।
गुरुले दक्षिणा माग्नु भयो 'पुत्र मरेका देउ भनी' ।
मारि पञ्चजन शङ्ख लिई पुग्नु भयो यम पुरी अनि ।।
भन्छन् स्वागत गर्दै यम के गरौं म सेवा ?
भन्नु हुन्छ हरि– कर्म फेरले गुरुको छोरा ।
यहाँ कर्म फल भोगि रहेछन् मेरो वोली
द्वारा देऊ कर्म मार्गको बन्धन तोडी ।।'
अर्पे यमले बालक ली गुरु पदमा लगी अर्पनु भो ।
विद्या कहिल्यै नविर्सिने अशिष ली घर फिर्नु भयो ।।

छयालिशौं अध्याय

[उद्धवको व्रज यात्रा]

हात समाई उद्धवको हरि आज्ञा हुन्छ
जाऊ व्रज ए प्यारा उद्धव ! सुखमय वन छ ।
नन्द यशोदा गोपीमा संदेश पुऱ्याऊ
विरहबाट तिनलाई चाँडै मुक्त गराऊ ।।
मेरो खातिर धर्म, सुख, वन्धु त्याग्छ जो यहाँ जन ।
त्यस्तालाई सुरक्षित मैले पर्दछ गर्न सुन ।।
तन मन जीवन मै छू तिनको प्यारो मात्र
हैन मान्दछन् आत्म मलाई आफ्नै गात्र ।

मूर्छा हुन्छन् संझि मलाई फिर्ने आश
लिई फगत् ती वाँची रेछन् छ अति त्राश ।।
दूर हुँदा छन् विह्वल ती बाटो हेरी अहर्निश ।
जाउ पुगी संदेश छरी संझाऊ औ आँधि हर ।।"
नन्द ग्रामतिर मथुराबाट उद्धव लागी
गोखुर रजले रथै ढाकियो देखे झाँकी ।
लड भीड गर्थे साँडे गाई वछडा हेरी
दौडिरहेछन् वाछाहरू पनि उफ्री उफ्री ।।
कही वेणुको मधुर ध्वनि दही मथेको शब्द कहीं ।
दूत दुहेको घार घुर राम कृष्णको नाम कहीं ।।
साँझ पुगे व्रज उद्धव हेर्दै व्रजको झाँकी
नन्दग्राम तल खडा भयो रथ उक्ले माथि ।
नन्द भन्दछन् छाति लगाई गर्दै मान
'के मथुरा विच छन् आराम कृष्ण र राम ?
संझन्छन् कि दुःखित यी बाबू आमा लाइ हरि ?
वृन्दावन गिरि यमुना औ गाई वाछा सखा सखी ?"
उद्धव भन्छन्– पुरुष प्रधान हुन् यी जोडा
भयो, हुने, जो भई रहेछ हुन् यी सारा ।
सवका हुन् यी हजुरहरूका मात्रै हैनन्
अन्त समयमा संझे मानव पारै हुन्छन् ।।
धन्य तपाई दुइ हरिमा जसको यस्तो प्रेम बढ्यो ।
आउने छ हरि चाँडै नै खेद नगर्नोस् कत्ति प्रभो !"
रात विताए कृष्ण गानले भो छर्लङ्ग
आमाले दुध आँसु वगाइन् सुनी प्रसङ्ग ।

उठेर गोपी दीप जलाए ढोका वीच
वास्तू पूजे भूमि वढारे गर्दै प्रीत ।।
गाए श्री हरि ऊँचो स्वर दहि मथनको साथ मिली ।
दशै दिशाको अमङ्गल हट्यो हुँदा उर वीच हरि ।।
मन्थन गर्दा गोपीको थ्यो यस्तो झाँकी
रस्सी खिच्दा हिल्थ्यो कंगन सुन्दर भाँती ।
स्तन नितम्व औ हार र कुण्डल हिल्थे उज्वल
झल्याक् झुलुक् भै दीपक साथै वन्थ्यो सुन्दर ।।
भित्र छातिको स्नेह सँगै वाहिर माखन निक्लन्थ्यो ।
संझी श्री हरि सखीहरू को छाती झन् पुलकिन्थ्यो ।।
भन्छन् गोपी नन्द द्वारमा रथ देखेर
"अक्रूर आयो यो किन फेरि व्रजमा हेर !
गोपींलाई लगी कंसको दिन्छ कि पिण्ड ?
त्यो मान्छे व्रज आउनु फेरि के छ त खण्ड ?"
गोपी भन्दै थिए यसो सामु उदाए उद्धव जी ।
नन्द ग्राम तल योग वन वीच भेट भो चन्द्र सरी ।।

सतचालिशौं अध्याय

[भ्रमर गीत]

देखे गोपीहरूले विग्रह कृष्ण समान
दूत कृष्णका हुन् यी जानी गरे प्रणाम ।
लज्जा छोडी रोए प्रभुको संझी लीला
भन्छन् भँवरोलाई पारी ग्रन्थी ढीला ।।

कप्टीको होस् दूत भँवर ! हामीहरूको पयर न छौं ।
लेफ जुँगामा तेरो छ सर्ला हामी वीच अहो !
चापलुसी चल्दैन यहाँ रति व्रजमा तेरो
मधुपुर वासी मानिनीलाई गएर भन् त्यो !
हुँदा नयाँ ती देलान् इच्छित वस्तु इनाम
हामी ता छौं वडा पुराना घर धन हीन ।।
जसकी लक्ष्मी दासी छन् के हुँ र हाँमी गवारिनी ।
तै पनि लाग्दछ दीन तिर प्राण यसैले वाँकि छनि ।।
जसले घर पति वन्धु छुटायो त्यै भो दूर
त्यसको वार्ता गर्नु व्यर्थ बुझ अव हे दूत !
छौं जानेका तर छ सुदुस्त्यज भुल्न सकेनौं
पक्डन पनि छौं हा ! असमर्थ अव के हुन्छौं ?
पुगे पछि पुन फिर्नु कठिन कसरी लान्छौ दूत भन ।
जो सँग श्री छन् निर्वाह हाम्रो कसरी होला हँ ?
एक पटक पनि जसको लीला चसका लाग्छ
सक्तैनन् ती छोड्न दुःख सुख द्वन्दै भाग्छ ।
गेह वन्धु सव छोडि अकिञ्चन भै वन जान्छन्
मुनिहरू लीला छाड्न किन्तु असमर्थै वन्छन् ।।
छाडौं कसरी हामी अव त्यसको गाथा आज भन ।
भन कहिले कहिं गर्छ स्मृति हामीलाई जनार्दन ?
मथुरा विच आराम छ कृष्णलाई भन त्यो !
कहिले कहीं निज आमा बाबा संझन्छ कि त्यो ?
सखा वन्धु गण गाई गोप व्रजको काम
दासीहरूको हुँदा प्रसङ्ग लिन्छ कि नाम ?

भनन, भवर त्यो एक कुरा ! अगरु दलेको वाहु शुभ ।
हाम्रो शिरमा कुनै दिन हे प्रिय ! सक्ला पर्न अव ?"
उद्धव भन्छन्--परमात्माको लाग्यो भक्ति
धन्य हजुरहरू म पनि छू धन्य आयो स्फूर्ति ।
पठाइबक्सेको यै देख्न रेछ मलाई
सुन्नोस् अव संदेश म भन्छु अति सुखदाई ।।
"सखि हो, छैन वियोग रति ! सवमा पंचभूत समान ।
छू म रहेको मायाका वृत्ति द्वारा मिल्छ प्रमाण ।।
दूर भएमा नजिन्छ भइन्छ थाहा पाएँ
दूर भएमा वढ्ला प्रेम भनी म आएँ ।
दोष नदेऊ सखी मलाई संझी सत्य
सारा वृत्ति ममा लगाऊ भेट्छौ तथ्य ।।
चूर्ण सवै संकल्प गर यति न भै त्यो सत्य छवि ।
सक्ने छैनन् देख्न कुनै गरुन् हजारौं यत्न कवि ।।"
भन्छन् गोपी उद्धवलाई भै आनन्द
"विर्सन कसरी सक्नु त भन्नोस् परमानन्द !
हुन्छ संझना नद गिरि कानन देख्ना साथ
गरौं कसो लौ ! जाउ कहा हा ! छाडी नाथ ।।
लक्ष्मीपति व्रज नाथ हरि ! दु:ख छुटाऊ दर्शन दी ।
डुव्यो डुव्यो व्रज ओत कहीं छैन वचाऊ स्नेह छरी ।।"
उद्धव भन्नोस्--"के त्यो रात हरि संझन्छ ?
जुन लागेको फूल खिलेको वनमा स्वच्छ ?
रास समयमा उँचो स्वरले जो गाए थ्यौं ?
आफ्नै पारी नि:संकोच जो खेले थ्यौं ?"

अच्युतको संदेश सुनी हामीहरूको गयो व्यथा ।
सुनी सखीको वचन नुही भन्छन् उद्धव भई खडा ।।
"व्रजका वधूले जन्म लिएको मात्रै जगमा
सफल भयो संसार भरीका तनुधारीमा ।
अपनाई परमात्मा कृष्ण लाई फन्दा
काट्यो जसले को छन् ठूला अव ती भन्दा ?
थेन प्राप्त जो भाव उँचो लक्ष्मीलाई पनि अहो ।
पाए यिनले प्रसाद त्यो कति भनौं सौभाग्य म त्यो ?
कृष्ण प्रेमको ऊँचो आस्था गोपीलाई
मात्र मिल्यो यो असत् विश्वमा पनि सुखदाई ।
वाञ्छनीय अति भक्तहरूको छ जुन आस्था
भवदेखी भयभीत हुने मुनिको पनि रास्ता ।।
चसका लागे यो रसको धर्म कर्म पनि गर्नु किन ?
यदि नलागे कल्प भरै विधि वने पनि लाभ कुन ?
लोक वेदको मर्यादा औ दुस्त्यज बान्धव
त्यागी जसले पाए हरिको पदवी उज्वल ।
यिनको पदरज पाउन वनको झाडी विच
जन्मन पाऊँ लता औषधी वनी सप्रीत ।।
खोजि रहेछन् श्रुति जुन प्राप्त भएको छैन तर ।
सखी पदरजमा म वन्दना गर्छु निरन्तर स्नेह सँग ।।"
संझाई हरि उद्धवजीले दी आनन्द
लागे मथुरा हिँड्न भन्दछन् गोप र नन्द ।
मनका वृत्ति कृष्ण चरणमा अखण्ड लागोस्
दान गरौं हरिमा होस् स्नेह जन्म जहाँ होस् ।।

उद्धव हाम्रो विनय यति भनी दिनू श्री कृष्ण प्रति ।'
भन्दै थे रथ चल्यो पुरी पुगी भने व्रज विरह स्थिति ।।

अठचालिशौं अध्याय

[भगवान्‌को कुब्जा तथा अक्रूर कहाँ जानु]

कुब्जाका घर पाल्नु भयो हरि स्वागत गर्छिन्
गर्दै पूजन आसन उद्धवलाई दिन्छिन् ।
उनका मनमा थियो कामना जुन त्यो दिनु भो
स्वभाव हरिको यही छ किन्तु मानव छकियो ।।

खुशी हुँदा पनि मोक्षपति नमागी सेवा सखिले झैं ।
माग्नु विषय सुख, यो भन्दा दुर्मति लाग्नु अरू के खै ?

लिई कुनै दिन दाउ र उद्धव श्री अक्रूर
कहाँ पाल्नु भो धोई पाउ बोल्छन्–सुस्वर ।
"देखें इन्द्र र योगीमा पनि दुर्लभ गाथ
काटी देऊ ममता घर धन स्त्रीको नाथ ।।

प्रभु छाडी अरू द्यौताको शरण लिने कुन पण्डित हो ?
दिन्छौ आफैं स्वजन कन छैन वृद्धि औ क्षति जसको ।।"

काका ! मात्रै हैन सन्त हुनु हुन्छ हजूर
सुर भन्दा पनि महान ठान्छौं हामी खूद ।
जल मय तीर्थ र पत्थर मूर्ति हैनन् द्यौता
निस्वार्थी छन् सन्त र सुरमा स्वार्थ छ वढता।।

गएर हस्तिना पुरी विच पाण्डवहरूको बुझी स्थिति ।
पाल्नु हवोस्" भनि फिर्नु भयो श्री हरि आफ्नो महल प्रति ।।

उनञ्चाशौं अध्याय

[अक्रूर हस्तिनापुर जानु]

पुगी गजाह्वय विच अक्रूर भेटे वान्धव
विदुर पृथाहरूबाट सुने अन्याय कुरा सव ।
पाण्डव प्रति थ्यो दुर्योधनको जो वर्ताव
त्यो पनि सारा सुने सबै तिर बाट कुभाव ।।

पाण्डवहरूको शौर्य, गुण देखी सुन्दर नम्र पन ।
जल्थे दुर्योधन किन्तु प्रेम गर्दथे प्रजा जन ।।

पृथा भन्दछिन् "भदहा मेरा कृष्ण र राम
शरणागतको हर्ने छन् रे दुःख तमाम ।
के ती आई दाजूहरूको हर्लान् दुःख ?
ब्वाँसाका विच हरिणी झैं छु भो अतिकष्ट ।।

कृष्ण ! कृष्ण ! गोविन्द ! प्रभु ! छैन तिमी विन शरण कहीं ।'
यस्तो भन्दै फुटी फुटी रोइन् तिम्री पितामही ।।

दिए सान्त्वना अक्रूरले औ प्रभु संदेश
पनि सुनाए श्री धृतराष्ट्र लाई वेस ।
"आफ्ना पुत्र र पाण्डव राख्नु एकै नाश
पाइन्छ र के लान मरेपछि गर्नु स्वार्थ ।।

आफ्नै तन जाँदैन सँग स्त्री, धन, सुतको कुरा त के ?
छ चाँदनि यो चार दिने स्वार्थी किन हो बन्नु हरे ।।

अधर्म द्वारा द्रव्य कमायो छोरा स्वास्नी
लूट गर्दछन् तिनलाई त्यो आफ्नै मानी ।

प्यारा संझी पालन पोषण गर्दछ किन्तु
भोग्न पर्छ फल आफू एक्लै इन्तु न चिन्तु ।।
तस्मात् दुनियाँ चार दिने चाँदनि हो यो स्वप्न सह्र ।"
अक्रूरको शुभ वचन सुनी भन्छन् यो धृतराष्ट्र अव ।।
"कुरा हजुरको सारै ठीक छ अमृत जस्तो
पुत्र प्रेमले गर्दा मनमा अडेन उस्तो ।
यसमा छू लाचार म साह्रै यो पनि कृष्ण
कै हो माया गर्छु प्रणाम त्यसलाई म ।।"
कौरवको सव चाल बुझी भेटी सब सँग दान पति ।
फर्की मथुरा भने सवै उहाँ सुनेको हाल जति ।।

पचाशौं अध्याय

[उत्तरार्ध]

जरासन्धका छोरी थे दुइ अस्ति र प्राप्ति
रानि कंसका गई पितासँग वनेर दु:खी ।
हाल वताए अप्रिय कुरा यो सुनी रिसायो
'यादव यौटै राख्तिन जगमा' भनी करायो ।।
तेइश अक्षौहिणि सेना लिई हिड्यो यदु वंशीको ।
राजधानि तिर लड्न भनी घेर्यो मथुरा लाई अहो !
दुइ रथ वर्ले अकाशबाट, चढी कृष्ण वल
शङ्ख फुके रण घमासान भो मथुरा वाहिर ।
वग्यो रगतको खोलो हात्ती घोडा मानव
वगे नदीमा वाँकि एक भो विरथी मागध ।।

'अरू सेना पनि ल्याउछ यो हरिन्छ भूको भार भरे।'
भन्दै छाडी दिनू भयो गरी उपेक्षा श्री हरिले ।।
यस्तै सत्रह वाजी हरिसँग आई लड्दै
हार्दै एक्लै रहदै वाँकि घरतिर फिर्दै ।
भयो अठारौं वाजि आउने वेला त्यसको
यसै वीचमा कालयवन खल आयो चर्को ।।
कृष्ण राम सल्लाह गरे आयो मागध भने पुनः ।
मार्छ बन्धु या मार्छ अतः दूर्ग वनाई गरौं रण ।।"
सिन्धु वीच अठचालिशकोश वीच मनोहर
पुरी द्वारका बन्यो रातमै लगिए जन सव ।
पुग्यो सुधर्मा, पारीजात सुरपति द्वारा
लोकपालले अर्पे निज निज विभूति सारा ।।
मथुरा रक्षा गर्न बल लाई राखी शस्त्र न ली ।
निक्लनु भो हरि दरवाजा वाहिर एक्लै हेर छवि ।।

एकाउन्नौं अध्याय

[कालयवनको मृत्यु, मुचुकन्द चरित्र]

कालयवन पछि लाग्यो दौड्नु भयो मुकुन्द
पद पद पक्डें ठान्थ्यो छुन किन सक्थ्यो ? मन्द ।
थेन वासना नास भएको कसरी छोओस् ?
पसी गुफा विच लुक्नु भयो हरि कसरी देखोस् ?
मुचुकुन्द सुतेका रेछन् ठानी श्री हरि लात दियो ।
उठे भष्म भो गरे स्तुति राजाले पद तुरीयको ।।

"पाई दुर्लभ मानव जन्म हरि भज्दैन
मुसा सर्पले झैं टोकिन्छ नमिली चैन।
माया द्वारा अनर्थमा नर फँस्यो ठगीयो
सेवा तिम्रो नगरे झंझट बीच परीगो ।।
माटै हो यो देह तर राजा भन्ने नाम धरी।
चडेर घोडा हात्ति रथ गनिनँ रति तिमी लाइ हरि ।।
विश्व विजेता छन् तर स्त्रीसित हार्छन् न्याय
भोग निंति किन त्यागी भोग तप्छन् हाय ?
मोक्ष हुने जब आउछ बेला मिल्छन् भक्त
तिनका सँगले बुद्धि तिम्रो पदमा लाग्छ ।।
तस्मात् छाडी आश भय तिम्रै पदमा पर्छु प्रभो।
यस्ता प्रभुसँग माग्नु किन बन्धन पर्ने वस्तु अहो !
भन्नु हुन्छ हरि–क्षत्रिय धर्म गरी सिकार
मारेकाछौ पशु तप गरी त्यो पाप पखाल।
प्राणी मात्रको सुहृद नभै क्वै मोक्ष हुदैन
जन्मान्तरमा द्विज भै त्यो सब हुनेछ पूर्ण ।।
अभक्त जति नै यत्न गरोस् मनरूपी वश गर्न अरि।
छैन वासना क्षीण भने चित्त विषयमा हाल्छ कुदी ।।

बाउन्नौं अध्याय

[बलको विवाह रुक्मिणीको पत्र]

मथुरा फर्की कालयवनका मारी फौज
धन ली तिनको पुरी द्वारका तिर भो दौड।

आयो मागध यही समयमा छाडी द्रव्य
धनको गाडा, भागे बल हरि पैदल खूब ।।
हाँसी मागध पिछा लियो प्रभाव थाहा थिएन क्यै ।
थाकी बल हरि प्रवर्षण शैल चढ्नु भो भीत हुदै ।।
अग्नि लगायो चारै तिर जब फाली हाम
कोश चवालिस ऊँचो बाट कूदे राम ।
काख कनैयाँ लाई लीकन पुगे द्वारका
मरे भाई दुइ ठानी मागध फर्क्यो सहसा ।।
रैवत जीकी सुता थिइन् रेवती, बलसँग विहा भयो ।
राक्षस विधिले श्री हरिले रुक्मिणी लाई हर्तु भयो ।।
रुक्मिणीको मन हरिमा थ्यो द्विज खोजी सज्जन
पत्र पठाइन् प्रभुको पदमा पुग्छन् ब्राह्मण ।
भन्नुहुन्छ हरि–मत्त संतोष छ, छैन भने ता
इन्द्र भए पनि खानै पर्दछ चक्कर जगका ।।
संतोषी प्रिय प्राणीका निरहंकारी विप्र कन ।
भाल झुकाई गर्छु नति वन्छ तोषले शान्त मन ।।
आउनु भो किन सागर नाघी ? मैले विप्र !
गर्नु पर्ने सेवा छ कि क्यै भन्नोस् क्षिप्र ।"
वचन सुनी यो श्री रुक्मिणिको हेर्दै पत्र
विन्ति गर्दछन् सर्वेश्वरको सामु पवित्र ।।
"जन्म जन्मका जलनहरू नास्ने गाथा सुनें जब ।
रूप नेत्रको लाभ परम भन्ने वाणी सुनें जब ।।
त्यै दिन देखि मेरो चित्त छाडी लाज
प्रवेश भो प्रभु ! तिम्रो पदमा के गरुँ आज ।

का होला नर प्रभु देखेर शरण नपन ?
धैर्यवती को होली नारी पाउ नवर्ने ?
अतः आफू नै समर्पण भएँ श्यालहरू न छुन् अब ।
अरूलाई नै पर्सि दिन लागे के गरुँ अधोक्षज !
कुलदेवीको पूजा पहिलो दिनमा गर्छन्
आफैं आई झट्ट हरी लैजाऊ भगवन् !
मैले प्राणी प्रति उपकार दान र मान
भए गरेको लैजाओस् हरि आफ्नो धाम ।।
खोज्छन् शिव विधि नास्न कलुष जसको पदरज शिरमा ली ।
नमिले अनशन लिई शय जन्मौं मर्छु र भेट्छु कहीं ।।

त्रिपन्नौं अध्याय

[रुक्मिणी हरण]

पाल्नु भयो हरि कुण्डिनपुर तिर लक्ष्मी ल्याउन
सुनी 'विपक्षी नृप छन् घेरै' श्री संकर्षण ।
फौज साथ पछि पछी पुग्नु भो एकै साथ
भीष्मक नृपले गरे सुस्वागत नवाइ माथ ।।
आउनु कृष्ण त कता कता ? न आउदा ती विप्र पनि ।
भन्छिन् रुक्मिणी—जरुर ममा रेछ जुगुप्सा के गरुँ नि !
भन्दैथिन् श्री–किन आएन त नत्र जनार्दन"
फट्कन लाग्यो वायाँ अंग आए ब्राह्मण ।
कुलदेवीको पूजा गर्न रुक्मिणि निस्किनं
देखी सुन्दर छवि राजाहरू निज रथ देखिन् ।।

खसे लडी ती भूमि विच नसकी थामिन मोह भई ।
अलक समाली हेर्छिन् श्री कहाँ छ आफ्नो प्राण हरि ।।
देखिन् नजिकै त्यही समयमा प्यारो कृष्ण
पयर उठाई लक्ष्मी रथमा लागिन् चढ्न ।
हेर्दै थे सब वैरी नृपहरू समाई हात
रथमा राखी पाल्नु भयो हरि जगन्निवास ।।
श्यालहरूको बीच थियो भाग उठाई सिंह हिंड्यो ।
धिक् धिक लागे गर्न स्वयं चैद्य शाल्वहरू खूब अहो !

चवन्नौं अध्याय

[रुक्मिणी विवाह]

जरासन्धहरू आए लड्न सेनाहरू ली
देखी घटना हेर्छिन् आनन प्रभुको श्रीजी ।
हाँसी आज्ञा हुन्छ मुरारि "नडराऊ क्यै
तिम्रा सेनाले मार्ने छन् वैरी अहिल्यै ।।"
तितर वितर सब पारि दिए वैरीका दल यादवले ।
संझाए शिशुपालकन दिई सान्त्वना मागधले ।।
रुक्मि आयो लड्न र भन्छ 'मारी कृष्ण
फर्काउन यदि वैनी नसके फिर्दिनँ घर म ।'
लाग्यो पख ! पख ! भन्दै हरिसँग रुक्मि लड्न
उठाउनु भो निज तरवार वैरी मार्न ।।
देखी यस्तो भीत भई पाउ परी श्री भन्छिन् यो ।
"हुन् यी मेरा दाजु स्वयं, क्षमा दिनु होस् आज प्रभो !"

सुनी वचन श्रीजीको छोडी दिनु भो देख
किन्तु बाँध्नु भो टन्न वस्त्रले मुडेर केश।
देखी वलले घटना यस्तो गर्दै प्यार
खोली दिनु भो वन्धन फ्ट्ट गरी हतार ।।
भन्नु भयो—ए भाइ सुन विरूप पार्नु सुहृद कन
एक किसिमको हत्या हो भएन राम्रो यो त सुन ।।
'विरूप पारे भनी बुहारी दुःख नमान
सुख दुख आफ्नै मिल्छ कर्मफलबाट तमाम ।'
'दोषी भए पनि मार्न हुन्न थ्यो बान्धव कृष्ण !'
'भाइ लाइ पनि मार्ने घोर छ क्षत्रिय कर्म ।।'
'अभिमानी जन गर्छ निज बान्धवको अपमान हरि !'
'रुक्मि जीवको थ्यो द्वेषी, मिल्यो त्यसैको दण्ड सती !
देह लाइ जव आत्मा मान्छ्यौ देख्छ्यौ भाव
शत्रु मित्र औ उदासीन यो सुझ्छ कुभाव ।
होइन आत्माको गुण जन्म आदि जान
शरीरका हुन् कृष्ण पक्षका शशी समान ।।
त्याग बुहारी ! तिमी सवै चित्त भित्रको शोक पन
तत्व ज्ञानले स्वस्थ बनी हाँसी लेऊ स्वच्छ मन ।।"
सुनी दाउको दीक्षा लक्ष्मी भइन् प्रसन्न
रुक्मि भोजकट देश गएर लाग्यो वस्न ।
द्वारवतीमा लक्ष्मी हरिको भयो विवाह
देश देशका आए राजा वन्धु निकाय ।।
रुक्मिणीजूको हरण सुनी देखी दम्पति रमा हरि
नरनारी सव भए खुशी टक्र्याए उपहार लगी ।।

पचपन्नौं अध्याय

[प्रद्युम्न जन्म र शम्वर बध]

जन्मे रुक्मिणी बाट प्रद्युम्न चोरी किन्तु
सम्वर खलले फ्याँक्यो सागर भित्र परन्तु ।
माछाले खाएछ माछिले हाल्दा जाल
भित्र परेछन् लगे भूपको घर उपहार ।।

कामदेव ती थिए प्रथम, भान्छे सम्वर कहाँ रति ।
थिइन् वसेकी मत्स्य लगी चिर्दा देखिन् स्वयं पति ।।

युवक भए पछि मायावतीले माहामाया
नाम भएको सारा माया नाशक विद्या ।
सवै सिकाइन् पऱ्यो लडाइँ सम्वर साथ
त्यसका सारा माया फारी काटे माथ ।।

आए दम्पति अकाशपथ द्वारा दुर्गम द्वारवती ।
कृष्णै संझी पुरस्त्रीहरू छिप्थे भाग्थे यता उती ।।

रुक्मिणी भन्छिन् 'बाँचेको यदि भए प्रद्युम्न
यत्रै हुन्थ्यो हो कि न यै पो मेरो अङ्ग !
रहेछ फर्की वायाँ हेरन अति सुख दायी ?'
सवै वताइ दिए रहस्य नारद आई ।।

हरिका थे प्रतिविम्व यिनी कामदेव नै रम्य अति ।
हुन्थे आमै मोह भने अरुस्त्रीको के भन्नु स्थिति ?

छपन्नौं अध्याय

[जाम्ववती सत्यभामा विवाह]

सत्राजित सँग सूर्य द्वारा प्राप्त स्यमंतक
थ्यो प्रतिदिन त्यो आठ भार सुन दिन्थ्यो सुन्दर ।
पुगे एक दिन मणि लगाई द्वारवती विच
भने कृष्ण पद वीच प्रजा गै "हे परमेश्वर !

खोज्छन् प्रभुको मार्ग सुर हरू पनि हेर्नोस् सूर्य यहाँ ।
आई रहेछन् हेर्न भनी गुप्त हजुर कन ढोकामा ।।"

भन्यो कृष्णले "सत्राजित सित यदुपतिलाई
दिनोस् स्यमंतक, किंतु दिएनन् के भन्ठानी ।
प्रसेन भाइ मणि उरलाई गयो सिकार
उहाँ सिंहले मारी लिएछ त्यो मणि हार ।।

जाम्बवानले सिंह कन मारी मणि सुत लाइ दिए ।
सत्राजितले भने हुन सक्छ कृष्णले मणि लिए ।।

एक कान दुइ कान प्रचार भो तव कृष्ण
खोज्न हिड्यो ली सभ्य व्यक्तिजन कलंक मेट्न ।
पस्यो गुफामा एक्लै, देख्यो वच्चा खेल्न
पारि स्यमंतक लाइ खिलौना, वनी प्रसन्न ।।

जाम्वबान सँग परस्पर अट्ठाइस दिन युद्ध पऱ्यो ।
मुड्की खाए गाँठ टुट्यो चिने राम अनि भने 'प्रभो !

दियो प्रभुले कर—मृदुस्पर्श भाग्यो दुःख
भन्यो—"म आएँ मणि चोरीको मेट्न कलङ्क ।"

१३०५

सुनी वचन यो जाम्ववानजी भई समर्पण
मणि साथै श्री जाम्ववती पनि गर्छन् अर्पण ।।
फिरी द्वारका दियो मणि सत्राजित कन केशवले ।
अर्पी छोरी साथ मणि उनले पछुतो घेर गरे ।।

सन्ताउन्नौं अध्याय

[शतधन्वा उद्धार मणि पर्व]

कृष्ण देहली जानु भएको वेला हेर
शतधन्वा कन कृतवर्मा अक्रूर मिलेर ।
वोले–सत्राजित मारी मणि किन लिन्नौ हैं ?'
सुनी गरी वध मणि ली भाग्यो वनी जघन्य ।।
डुवाएर शव तेल विच सत्य भामा उहीं पुगी ।
घटना यो सव सुनाइदिन् फिरे राम हरि शोक गरी ।।
लागे पीछा शतधन्वाको डरले हाय
कृतवर्मा अक्रूर कहाँ गै माग्छ सहाय ।
भन्छन् उनिहरू–रचना नाश पालन जगको
गर्ने प्रभुसँग गरौं विरोध कसरी उल्टो ?
फाली मणि अक्रूर कहाँ दौड्यो पछि पछि लागि हरि ।
मार्दा रेनछ साथ मणि हरि सँग भन्दछ राम वढी ।।
"जाऊ भाई ! पुरमै होला मणि त्यो खोज
केही मैना जनक कहाँ म वस्तछु हेर ।'
सुनी पाल्नु भो भाइ द्वारका मिथिला दाजै
खोज्नु भयो मणि रेछ द्वारका अक्रूर साथै ।।

भागे श्री अक्रूर डर लागी काशी तर्फ अहो !
बोलाई कन श्री हरिले मान दिई अति भन्नु भयो ।।

"शतधन्वाले हजुर कहाँ मणि राखी भाग्यो
सत्राजितको सन्तति नहुदा पश्चात् मणि त्यो ।
मेरै छोरा पिण्ड दिनेछन् उनका नाति
को हक लाग्दछ भन्दछ हेर्नोस् सबको छाति ।।

तथापि त्यो मणि हजूरकैं रहोस् सुरक्षित भई सतत ।
शुद्धात्मा जन मात्र यहाँ सक्छ राख्न त्यो मणि फगत् ।।

मणि बारे श्री दाउकन पनि मेरो बात
बीच छैन विश्वास परेको भो अति घात ।
देखाई मणि बान्धवको संदेह मिटाई
शान्ति गराई दिनु होस् काका ! आज मलाई ।।"

अर्पे मणि अक्रूर उठी हरिले वापस दिनु भयो ।
जो सुन्दछ संझन्छ कथा नास्तछ सब अपकीर्ति छ जो ।।

अन्ठाउन्नौं अध्याय

[कृष्णको अरू पत्नीहरू सँग विवाह]

इन्द्रप्रस्थ हरि पाल्नु भयो ली सात्यकी आदि
पाँच भाइले जोरे छाती कष्मल फाली ।
भीम युधिष्ठिर लाई श्री हरि गर्दछ वन्दन
हालि अगालो अर्जुनको उर जोर्दछ मोहन ।।

जानु भयो हरि फुफू कहाँ प्रणाम पदमा गर्नु भयो ।
छाति लगाई अश्रु गिरे सोधिन् कुशल छ नाथ प्रभो !

सहदेव नकुल दुइ भाइ गै परे पाउमा
स्नेह उम्डियो वरवर अश्रु गिरे भूमिमा ।
नयाँ वधू थिन् उठी द्रौपदि भई सलज्ज
विस्तारै गै परिन् पाउमा हेर सप्रीत ।।
भई कुनै दिन अर्जुनको सारथी श्री हरि डुल्न गई ।
खाण्डव वन दी अग्नि कन पाल्नु भयो कालिन्दी लिई ।।
सूर्य सुता थिन् कालिन्दीजी जलमा पर्खी
थिइन् रहेकी हरिले रथमा ल्यायो राखी ।।
अग्नि खुशी भै धनु गाण्डीव आदि अस्त्र
दिए पार्थकन कवच अभेद्य साथै शस्त्र ।।
अर्जुन द्वारा वचे पछि अग्निवाट मय खुशी भई ।
सभा वनाई दिए जहाँ हुन्थ्यो जल स्थल भ्रान्ति अति ।।
हरि ल्याउनु भो हरिले मित्र विन्दालाई
ल्याउनु भो श्री सत्या सात गोरू नाथी ।
भद्रा सँग भो समारोहले विवाह स्वच्छ
हरी लक्ष्मणालाई ल्याउनु भयो सप्रीत ।।
भौमासुर वध गरी कन छुटाइ कन्या हजारन ।
विहा गर्नु भो श्री हरिले द्वारवती विच लगीकन ।।

उनन्साठियौं अध्याय

[भौमवध राजकुमारीहरूका साथ विवाह]

हऱ्यो भौमले अदिती कुण्डल स्वर्गीय छत्र
सुर पर्वत यो भने इन्द्रले केशव साथ ।

गरुड चडी हरि लिएर सत्य भामा सँगमा
प्राग्ज्योतिषपुर पाल्नु भयो थ्यो भित्री तहमा ।
शैल गदाले फोर्नु भयो शस्त्र वाणले नास्नु भयो ।
अग्नि वायु जलको परिखा चक्र चलाई सोस्नु भयो ।।
मुरको फन्दा कन तलवार द्वारा काटी
मशीनहरू सव शंख नादले टुक्रा पारी ।
गदा चलाई सव परखाल भत्काएर
शंख फुक्नु भो सुनी उठ्यो मुर क्रूद्ध भएर ।।
मार्नु भयो मुर पाँच शिरे त्यसको छोरा सात पनि ।
देख्यो हरि श्री गरुड विच भौमासुरले क्रूद्ध बनी ।।
तोप चलायो बन्दुक वाण हान्यो खड्ग
काटी दिनु भो चक्र द्वारा त्यसको भाल ।
आई पृथ्वी कुण्डल छत्र मणि टक्र्याई
भन्छिन् नाति निर्भय होस् अव नाथ मुरारि !
कृष्ण जानु भो महल विच कन्या सोरह हजार थे ।
वरण गरे हरि लाई पति भनी कुमारी साराले ।।
ती सवलाई द्वारवतीपुर तर्फ पठाई
स्वर्ग पुगीकन दिनु भो कुण्डल अदितीलाई ।
पारिजातको आग्रह सत्यभामाबाट
परी उखाड्नु भो सुरपतिले गरे विघात ।।
जिती इन्द्र कन रोप्नु भयो लगी प्रियाको अजिर प्रति ।
स्वर्ग, द्वारका वीच भमर गर्थे यातायात अति ।।
स्वार्थ परेमा पाउ परे थे अहिले इन्द्र
कल्प वृक्षको हरण भएमा गर्छन् युद्ध ।

तमोगुणी हुन् साँचै द्यौता यिनमा दोष
धनाढ्यताको छ धिक्कार, भएन होस ।।
फर्की कन्या सोर हजार सँग भो हरिको विहा शुभ ।
कन्याहरू पनि खुशी भई थाले सेवा गर्न अब ।।
राजकुमारीहरूले लक्ष्मी पति पति पाए
जसको पदवी जान्दैनन् विधि शंभु, रमाए ।
एक एकका दासी सय्यौं थे तर आफैं
गर्थे सेवा पर्दछ जे जे नित्य खडा भै ।।
स्वागत गर्नु, पुन्याउनु, पान र भोजन खिलाउनु ।
पाउ दवाउनु, न्वाइ दिनु, वस्त्र लगाउनु, हवा दिनु ।।

साठियौं अध्याय

[कृष्ण रुक्मिणी अन्तरवार्ता]

पलङ्गमा थ्यो राज भएको कृष्ण कुनै दिन
पंखा लागिन् दिन रुक्मिणीजी हलका पावन ।
ठट्टा गर्दै श्री हरि भन्छ 'राजकुमारी !
उस्ता उस्ता राजा छाडी भज्यौ मलाई ।।
भज्दैनन् है प्राय धनी रहित हुदा गुण बाट प्रिये !
भिक्षु गानमा भुलि भज्यौ अदूरदर्शी भई हरे !
तिम्रो मेरो समान थेन व्यर्थै आयौ
डरले लुक्ने सँग आएर भन के पायौ ?
दीपशिखा झैं उदासीन छौं दाउ तथा म ,
स्त्री धन घरमा छैनौं लोलुप निश्चय जान ।।

ठूलाका छौं शत्रु सदा निष्किञ्चन छौं हामि अति ।
क्यै विग्रेको छैन अझै गुण अनुसारै खोज पति ।।"
पलङ्ग द्वारा लडिन् भइँमा रमा विहासै
क्री कृष्णले उठाउनु भो आँशु पुछ्तै ।
अंकमाल दी आज्ञा भो यो "तिम्रो प्रेम
वचन सुन्नको लागि भनें जो साँचो हैन ।।
गृहस्थहरूको निति यति नै छ लाभ यो जगत प्रति ।"
ठट्टा संझी निर्भय भै भन्छिन् लक्ष्मी पाउ परी ।।
"वचन प्रभुको ठीक छ कहाँ छु सुहाउने म ?
खल इन्द्रियको भयले लुक्छौ भित्र जनार्दन !
अद्वय निर्गुण छौ अनि गर्छौं काम विलक्षण
डरले होला ? मलाइ ल्याएको पनि मोहन !
आएको हूँ म ता चिनी 'सुर विधि शिवका पूज्य' भनी ।
न्यस्त दण्ड गुण गाउद छन् तिमी नै सवका ओत गुनी ।।
हैन अकिञ्चनको साँचो यो दरिद्र अर्थ !
हजुर भिन्न के यो जगमा छ र भिन्न पदार्थ ।
भन्न गरिव धनवान हजुर कन क्यै मिल्दैन
मलाइ ता यै भर छ चरणको अरू सुझ्दैन !
भरत अंग गय राज तजी गए विपिन दुख कहाँ पऱ्यो ?
मत भज्नेको मिथ्यापन हटाउने पद भज्छु प्रभो !
मांस रगत गुहु वोसो मुतको थुप्रोलाई
जसले प्यारो संझेकी छ लाई खाई ।
त्यो स्त्री जाओस् वयल कुकुर सम ठूला भज्न
छैन सुनेको जसले लीला, लीला नास्न ।।

मलाइ ता अनुराग हवोस् तिम्रै पदमा दिनहूँ दिन ।
हेरेको पनि हजूरले हैन दया र ? मधुसूदन !"
भन्यो कृष्णले–रिसले तिम्रो ओठ चलेको
हेर्न गरेको हूँ त्यो ठट्टा ! होइन साँचो ।
धन्य तिमी कति गरौं प्रशंसा तिम्रो खोई ?
मोक्ष दिने पति पाई विषयै खोज्छन् कोही ।।"
यस्तै अरू पनि रानि सित बनी गृहस्थी तुल्य अति ।
गर्नु हुन्थ्यो नाश अहं ठट्टा गर्दै योग पति ।।

एकसट्ठियौं अध्याय

[कृष्ण वंश, अनिरुद्ध विवाह]

यौटी यौटी पत्नीबाट जन्मे दश दश
पुत्र कृष्णका जेष्ट प्रद्युम्न थिए सुशोभित ।
उनका थे अनिरुद्ध भनौं कति सब थे धीर
थिए करोडौं पुत्र पौत्रको संख्या वीर ।।
छोरी यौटी चारुमती रुक्मिणीजीकी थिइन् शुचि ।
कृतवर्मा सुत वलीकन दिनु भो हरिले भई खुशी ।।
प्रद्युम्नजी थे साह्रै सुन्दर कामदेव नै
सुता रुक्मिकी रुक्मवतीले वरिन् खुशी भै ।
रुक्मिले निज पौत्री अर्पण श्री अनिरुद्ध
लाइ गरेपछि पाशा खेल्ने गर्छन् सूर ।।
दाउले शय थाप्नु भयो हजार दश हज्जार सब ।
मारें भन्दै सोरि लियो गरी रुक्मिले छेल छल ।।

कलिंग हास्यो दाँत पसारी दाउ रिसायो
लाख रुक्मिले थाप्यो वलले दाउ मान्यो ।
तर रुक्मिले मेरो जीत भन्दै सोऱ्यो
क्षोभ भई दश कोटि असर्फि वलले थाप्यो ।।
जीत रामकै थियो तर रुक्मि भन्दछ गरी छल ।
'जीतें मैले सभ्यहरू यसको निर्णय दिऊन् अब ।।'
अकाशवाणी भयो दाउकै जीत छ सोछै
तर मान्थ्यो किन सोऱ्यो जीत छ मेरो भन्दै ।
हाँसे कलिङ्ग आदि सभासद जो थे धृष्ट
पसिना आयो भो अपमान वल भो क्रूद्ध ।।
रुक्मि भन्दछ–जान्दैनौ वलजी, पाशा खेल्न तिमी ।
धेनु चराऊ, वाण, जुवा खेल्छन् राजा वीर वनी ।।"
उठ्यो क्रूद्ध भै राम सभामा 'परिघ उठाई
सन्न भए सब पक्डी सालो रुक्मि लाई ।
वीच महोत्सव मारी, पक्डी मूर्ख कलिंग
को भाच्नु भो दाँत र अरूको अंग र भंग ।।
स्नेह भङ्गको हेतु परी . चूप लाग्नु भो कृष्ण यता ।
नयाँ वधूवर द्वारवती पुगे खुशी थे हर्ष प्रज्ञा ।।

बासट्ठियौं अध्याय

[ऊषा अनिरुद्ध मिलन]

वलिका छोरा वाणासुर थे शिवका भक्त
शोणितपुरमा गर्थे राज्य ताण्डव नृत्य ।

गरी वजाई वाद्य हजार करले, मागे
पाऊँ जोडा युद्ध गर्न म "शिवको आगे ।।
सुनी असुरको वचन शिव भन्नु हुन्छ यो दैत्य कन ।
"टुट्ला जव यो ध्वजा, रण गर्ने मिल्ला योग्य जन ।।"
तिनकी छोरी ऊषा थिन् अति योग्य मनोरम
देखिन् स्वपना विच अनिरुद्ध साथ समागम ।
विउझी गर्छिन् शोक र चित्र लेखा लेख्छिन्
'छ भने जगमा ल्याउछु' भन्दै फोटो खिच्छिन् ।।
सवको लेखी सके पछि देखी श्री प्रद्युम्न छवि ।
लज्जित भैन् अनिरुद्ध कन देखी 'यै हो' भनीन् नुही ।।
थिइन् योगिनी पुगीन् द्वारका लेखा चित्र
ल्याई पलङ ऊषालाई दिन् अनिरुद्ध ।
कामात्मज अनिरुद्ध थिए अति सुन्दर गात्र
खेलि रहन्थे अन्तपुरमा ऊषा साथ ।।
यस्तो जव अपवाद सुने वाणासुरले छोरीको ।
नागपाशले वाँधि दिए—सुनेर रोइन् ऊषा यो ।।

त्रिसट्ठियौं अध्याय

[कृष्ण वाणासुर युद्ध]

राम जनार्दन नारद द्वारा सुनी खवर सव
हिडी हाल्नु भो फौज लिएर शोणितपुर तिर ।
आए शिव पनि भूत, प्रेत ली वाणासुरको
पक्ष लिईकन, हुन लाग्यो रण सत्व र तमको ।।

हेर्नें सुर थे रजोगुणी अकाश द्वारा महारण।
लागे यादव लड्न यता योद्धा निज लिज लिई कन ॥
हरिले शार्ङ्ग द्वारा भूत प्रेत धपायो
जे जति छाड्थे शिवजी शस्त्र श्री हरि काट्थ्यो।
आखिर पशुपत शस्त्र चलाए शिवले उग्र
नारायणमय अस्त्र चलायो हरिले शुभ्र ॥
प्रयोग जृंभण अस्त्र गऱ्यो हरिले 'हाई हाइ' गरी।'
भए शंभु रण वीच विरत सेना लाग्यो नास्न हरि ॥
देखी सेना नाश भएको सात्यकी छाडी
कृष्ण तर्फ गै हजार वाण हान्दछ ताकी।
परन्तु हरिले सारा वाण लाई धुल्यायो
सारथि रथ औ घोडा मारी शंख वजायो ॥
वाण मार्न हरि ठीक थियो देखी त्यसकी आमाले।
भएर नांगी अगाडि गै वसेर रोकी मार्न हरे !
तीन टाउके थियो शिव ज्वर आयो लड्न
लाई दिनु भो वैष्णव ज्वर कन त्यो सँग भीड्न।
भएर पीडित त्राण नपाई कहीं शिवज्वर
लाग्यो हरिको गर्न प्रार्थना भएर थर्थर ॥
"पद न भजे तक हजूरको त्रिताप दन्की रन्छ प्रभो !
शान्त भयङ्कर उग्र ज्वर ले तातें अव पाहि प्रभो !
खुशी भई हरि भन्दछ "मेरो अव ज्वर बाट
न हवोस् भय जो यो सम्फन्छ शुभ सम्वाद।
तिमीबाट पनि न हवोस् त्रास गर है होस"
भन्दै थ्यो हरि आयो वाण गर्दै रोष ॥

वर्षा शरको गऱ्यो जब श्री हरिले पनि चक्र लिई ।
काटि दियो कर चार विना भन्छन् शंकर सामु नुही ।।
“भो भो, प्रभु यो मेरो भक्त छ वक्स्योस् छाडी
थिएँ गरेको अभय प्रदान मैले भारी ।
माया द्वारा मोहित भै नर स्त्री सुत धनको
डुब्यो सिन्धुमा गरेन आदर मानव तनको !
छाडी प्रभुको उपासना अनात्म विषयै खोज्छ जन ।
छोडी अमृत पिउछ विष के भन्नु अव मूर्ख कन ।।”
श्री हरि भन्दछ–यो निर्भय होस् भन्नुभयो जो
हुनेछ त्यस्तै प्रिय प्रह्लाद कुलको हो यो ।
घमण्ड तोडी सम्म दिएको मैले जान्नोस्
मुख्य हजुरको हुनेछ पार्षद अव यो ठान्नोस् ।।”
भन्दै नाती बुहारी ली द्वारवती तिर हिंड्यो हरि ।
जो पढ्दछ यो प्रात उठी हुदैन त्यसको हार स्थिति ।।

चौसट्ठियौं अध्याय

[नृग चरित्र]

देखी कूवा विच कृकलाश शैल समान
साम्व आदिले झिक्न सकेनन् गरी प्रयत्न ।
पाल्नु भई हरि वायाँ करको स्पर्श दिदैमा
आए वाहिर भए मनोहर मानव सुषमा ।।
प्रभुको पदमा नुही उनी भन्छन् राजा हूँ म नृग ।
अनन्त गाई दान गरें तारा, धूलो, विन्दु सह्र ।।

दान नलिने ब्राह्मणकी गौ मेरो गोठ
वीच पसी छन् गरें प्रदान भएन होस ।
धनी विप्रले 'मेरी हुन् गौ देऊ' भनेछन्
अर्काले 'नृगबाट मिलेको दिन्न' भने छन् ।।
आए मेरो पास दुवै 'एक लाख गौ दिन्छु' भनें ।
'लिन्नौं' भन्दै दुवै हिंडे मरें म यमपुर वीच पुगें ।।
यमले सोधे–प्रथम अधर्म कि भोग्छौ धर्म ?'
भनें 'अधर्मै' खसें छेपारो भई जघन्य ।
कसरी देखें अमलात्माको ध्येय मुरारि ?
जो देखिन्थ्यौ मोक्ष हुने दिन मात्रै पारी ।।
देवलोक तिर जान्छु अव जहाँ गए पनि न भुलौं म ।
अल्झोस् तिम्रो पाद कमल विच मेरो मन भँवर सम ।।"
विदा भई नृग लागे स्वर्ग फिर्दा माधव
ब्राह्मण धनको प्रभाव सुतमा भन्दछ वास्तव ।
"ब्राह्मण धन हो विष भन्दा पनि महान उग्र
नपरोस् मेरो ढुकुटीमा त्यो कहिल्यै पुत्र !
गरुन् श्राप द्विज किन्तु नुही प्रणाम गर्नु छोरा हो !
द्विज धन इच्छा मात्र गरे वन्छ सर्प उद्वेगी त्यो ।।"

पैसट्ठियौं अध्याय

पाल्नु भयो बल गोकुल वीच व्रज भो गद्गद
आँशु खसाई रोए गोपी गोपहरू सव ।

"राम, उहाँ के प्रिय सञ्चैछन् ? व्रज संझन्छन् ?
एक पटक पनि श्री हरि व्रजमा के आउन्नन् ?
रेछ निठुर श्री कृष्ण अति जो भनेर घर बन्धु पति ।
त्याग्यौं त्यो हा ! दूर भयो चटक्क छाडी मोह रति ।।

"तिमि हौ मेरा ऋणि छु" भन्दै बात बनाई
भुल्यो पटक्कै कृष्णचन्द्रले हामी लाई ।"
यस्तो भन्दै रोयो व्रज नै डाको छाडी
संझाउनु भो बलले हरि संदेश फुकाई ।।

वसन्त ऋतु भर रात्रि विच प्रेम जगाई गोपीमा ।
विहार बलले गर्नु भयो यमुना तटको रेतीमा ।।

गीत गाउथे खेलन वनमा बलको नारी
पिई वारुणि हुनुहुन्थ्यो बल प्रमत्त भारी ।
जल क्रीडाको खातिर यमुना बोलाउनु भो
तर आइनन् ठानी मत्त क्रूद्ध हुनु भो ।।

'पापिनी' भन्दै दाउले खिची हलोले तान्नु भयो ।
भन्छिन् यमुना–प्रभाव क्यै 'जानिनँ तिम्रो जगत् गुरो !'

क्षमा दिई वल खेली जलमा तटमा उत्री
लक्ष्मी द्वारा पैरनु भो अनि नीलो धोती ।
अरू पनि उल्टो वहँदै यमुना गर्छिन् सूचन
राम पराक्रम राम घाटमा हेर्नोस् राजन् !

गोपीको माधुर्य रस वीच मुग्ध भै विश्व पति ।
धेरै रात्री गऱ्यो रमण एक रात झैं गयो विती ।।

छयसट्ठियौं अध्याय

[पौण्ड्रक काशीराज उद्धार]

दाउ गएको वेला व्रजमा "वासुदेव हूँ
चिह्न नक्कली छाडी दे तँ भगवान् मै हूँ ।"
दूत द्वारा पौण्ड्रकले यो खवर पठायो
द्वारवतीको सभालाई नै खूब हँसायो ।।

भन्नु हुन्छ हरि–दूत प्रति–जब छाड्नेछू चिह्न निजी ।
त्यो वेला तँ सुत्ने छन् घेर्छन् कुकुर र श्याल मिली ।।"

पौण्ड्रक राजा करुष देशको थियो प्रतापी
डरले साथी कहाँ वसेको थ्यो मन काँपी ।
अतः जनार्दन चढेर वग्गी काशी तर्फ
गयो मार्न ती दोटै लाई भएर हर्ष ।।

आए अक्षौ हिणी पाँच फौज भयंकर लिई दुवै ।
हाँस्यो श्री हरि चतुर्भुज पौण्ड्रक देखी आफू झैं ।।

"तेरो आज्ञा द्वारा चिह्न छोड्दछु आज"
भन्दै शरले काशिराज कन पौण्ड्रक साथ ।
मारी श्री हरि गयो द्वारका त्यसको पुत्र
थियो सुदक्षिण मार्न कृष्ण कन शंकर पुज्छ ।।

शिव भन्छन्—अभिचार गर ब्रह्म नमान्ने व्यक्ति फगत् ।
मर्दछ यसले नत्र बुरू पर्दछ उल्टो हुन्छ मफत् ।।"

पुरश्चरण यो पूर्ण भए पछि आगो निक्ल्यो
थिई भयङ्कर ज्वाला भित्र कृत्या त्यसको ।

धर्ती कँपाइ पुग्यो द्वारका, पुरी डरायो
बुझी कृष्णले चक्र सुदर्शन लाइ खटायो ।।
कोटी सूर्यको प्रकाश थ्यो कुल्ची त्यसको फोरि मुख ।
गरे काशि गै सुदक्षिण साथै ऋत्विजहरू बध ।।
काशी नगरी थियो विशाल सान्है सुन्दर
नगर द्वार वाजार मनोहर ढोका शिखर ।
हात्ती घोडा रथ धन धान्य स्वच्छ निवास
सवै जलाई फर्के चक्र प्रभुको पास ।।
जो सुन्दछ यो कृष्ण कृति या अरूलाई सुनाउछ ।
श्री हरिमा एकाग्र भई पाप निजी सव निखार्दछ ।।

सतसट्ठियौं अध्याय

[द्विविध उद्धार]

भौमासुरको सखा द्विविध थ्यो वानर बलियो
राष्ट्र द्वारका विप्लव गर्न सारै सुरियो ।
शहर गाउँमा क्रोस्थ्यो आगो ! पार्न खरानी
वसी सिन्धु विच पुरी डुवाउन रोक्थ्यो पानी ।।
स्त्रीहरू ली गिरिनार विच सङ्कर्षण गै कुनै दिन ।
विहार लाग्यो गर्न शुचि मत्त हात्ति झैं वनी कन ।।
आयो त्यो खल वानर वृक्ष शाखा वीच
चढ्दै हल्लाउदै निहार्दै ताकी चीज ।
किलकिल गर्दै वलको हेलन लाग्यो गर्न
देखाई निज अंग कुअंग, लाग्यो घुर्न ।।

हान्यो वलले पत्थर ली तर मधुकलशै लग्यो छली ।
फोऱ्यो कलशै च्याति दियो वस्त्रहरू स्त्रीहरूको ली ।।
राम उठाउछ हल औ मूसल भएर क्रूद्ध
शालवृक्ष ली हान्दछ दाउ लाई दुष्ट ।
रोकी रुख त्यो गर्छ सुनन्द दाउ प्रहार
रगत वग्छ तर दुष्ट उठाई फ्याँक्छ पहाड ।।
सकिए पछि रुख, पत्थरको लाग्यो वर्षा गर्न अरि ।
त्यो सव पार्दछ चूर्ण वल, मुड्की उरमा हान्छ छली ।।
वलले फ्याँकी हल औ मूसल पक्डि खकालो
वीच हान्नु भो वलियो मुड्की त्यो मरि हाल्यो ।
त्यसको लड्दा देह भूमिमा भो सव कम्प
सुनियो नभमा जय जय नम नम ! मङ्गल शब्द ।।
फूल गिराए दाउ उपर फर्क्यो दाउ द्वारवती ।
पुरजन परिजन भए खुशी गरी प्रशंशा सवै नुही ।।

अठसाठियौं अध्याय

[शाम्व विवाह, देहली कर्षण]

दूर्योधन की सुता लक्ष्मणा लाई शाम्व
गई स्वयंवर वीच हरेछन् भयो अचम्म ।
"वाँध वाँध के गर्लान् यादव ती को हुन् र ?"
भनी लगार्दै गए षड्रथी पिछा लिएर ।।
लडी शाम्व कन युद्ध जिती बाँधि हस्तिना तर्फ लगे ।
द्वारवती गै नारदले हाल, सवै यो भनी दिए ।।

फौज तयारी हुन लागेको देखी जान
मन नपरी त्यो स्वयं हिड्यो रथ चढेर राम !
पुगी द्वारमा कौरवहरूको बुझ्न विचार
उद्धवलाई पठाउनु भो नृप दरवार ।।

सुनी रामको आगमन सारा स्वागत गर्न पुगे ।
कुशल पुछे पछि परस्पर बोल्यो वाणी श्री वलले ।।

"उग्रसेनको आज्ञा सुन्नोस् मिलेर धेर
शाम्व एकलोलाई बाँध्नु भयो अँधेर ।
सह्यौं हामिले नहवोस् झगडा वान्धव वीच
दिनु होस् विग्रह छोडी नव वधू शाम्व सप्रीत ।।"

तिर्मिरिई कन भने वचन—कस्तो अद्‌भुत सुन्नु पऱ्यो ?
जूत्ता आई भाल बिच लाग्यो अहिल्यै चढ्न अहो !

पुगे छ अव हुन राजा यदु कन हामीलाई
आज्ञा गर्ने कत्रो शूर रेछ त हाई ।"
कुरु वंशी थे राज घमण्डले अति चूर
यति वोलीकन फर्के घरतिर मारी तीर ।।

सुनी चेहरा लाल भयो हास्तै श्री बल जोर सँग ।
भन्छ–घमण्डी शान्त हुन चाहन्थे किन जगत विच ।।

उग्रसेनजी राजा हैनन् भैगो नित्य
जसको आज्ञा मान्छन् लोकपाल र इन्द्र ।
ल्यायो जसले सभा सुधर्मा आफ्नो घरमा
त्यो अधिकारी छैन राज्यको हँ यो जगमा ?

जसको पदरज भाल विच राख्छन् लोकपाल सतत ।
ब्रह्मा लक्ष्मी म पनि अहो ! एक कला हूँ हेर फगत् ।।

कौरव द्वारा प्राप्त भएको टुक्रा पृथिवी
भोग्छन् यादवहरू रे हेरन उल्टो बुद्धि ।
विना पाद शिर को वाणी यो बोल्छन् हेर
ठेगाना अवलाई दिन्छु भूमि खिचेर ।।"
यस्तो बोली हलो लिई खडा भयो श्री शेष हरि ।
लाग्यो भूमा चोट दिन पुरिको चारै तर्फ घुमी ।।"
खिच्यो हलोले गंगा तर्फ डगमग गर्न
लाग्यो हस्तिनापुर नौका झैं भई तयर्न ।
डरले आए ज्वाइँ छोरी अर्पण गर्दै
प्राण वचाउन रुन्छन् कौरव पदमा पर्दै ।।
अभय दिई वल पाल्नु भयो पुत्र बुहारी लिई कन ।
अरू पनि टेडै छ त्यो पुरी हेर्नोस् वलको पराक्रम !

उनहत्तरौं अध्याय

[नारदलाई कृष्ण दिनचर्या दर्शन]

भौमासुर वध गरी कृष्णले सोह्र हजार
गर्नु भयो रे पत्नी व्याह भन्ने थाह ।
पाई नारद द्वारवती विच आए हेर्न
विर्से आफैंलाई, देखी शोभा रम्य ।।
एक भवनमा पसे उनी मूँगा हीरा नीलमणि ।
जगमग गर्थे सवै तिर हस्तिहाडका पलङ पनि ।।
नर नारी थे सिगारिएका वस्त्र र गहना
शिरवन्दी औ कुण्डल द्वारा मुख थ्यो सुषमा ।

धूप–धुवाँ कन वादल संझी नाच्थे मोर
पाउ पखाली गऱ्यो प्रणाम कृष्ण उठेर ।।
भन्छन् नारद–मुक्ति दिने देखें प्रभुको आज चरण ।
पतितको अवलम्ब छ जो पर्छन् विधि शिव जहाँ शरण ।।
अर्को घरमा लागेको थ्यो चौसर खेल्न
अर्को घरमा वच्चालाई प्यारो गर्न ।
न्वाउँन काहीं संध्या काहीं भोजन जिम्न
कहीं गुप्तचर कहीं विवाह, भाषण गर्न ।।
देखे सवतिर गेह प्रति विराट् महोत्सव विलक्षण ।
भन्छन्–तिम्रो नाम चरित गर्न सकौं नित प्रचार म ।।"
भन्यो प्रभुले–म छू धर्मको गुरु उपदेशक
अनुमोदक पनि मै हूँ कर्ता मै हूँ वास्तव ।
गर्छु धर्म आदर्श हेतु म खेद नमान"
देख्छन् आखिर ऋषि सवघरमा यौटै श्याम ।।
लीला श्री हरि गर्छ जुन त्यो सक्तैनन् गर्न अरू ।
अनुमोदन औ गान गरे सुने मात्र पनि तर्छ वरु ।।

सत्तरियौं अध्याय

[कृष्णदिन चर्या र वन्दीको दूत आउनु]

कुखुरा वासे पछि श्री कृष्ण ब्राह्म मुहूर्त
संझी उठ्थ्यो, वायु वहन्थ्यो मीठो सुस्त ।
शीतल पानी स्पर्श गरेर गर्थ्यो चिंतन
अन्धकार पर का आफैंको प्रात जनार्दन ।।

जसको नाम छ 'ब्रह्म' शुभ जसकै कारण सृष्टि स्थिति ।
नाश हुन्छ जग, नित्य छ जो शान्त एक रस महाशुचि ।।
पश्चात् गर्थ्यो स्नान र वस्त्र पहिरी धोती
संध्या वन्दन हवन र तर्पण जप गायत्री ।
सूर्योपासन, ब्राह्मण पूजा गाई दान
प्राणि मात्र कन गरी प्रणाम दिन्थ्यो मान ।।
घृतमा दर्शन विम्व गरी भूषण पीताम्वर पहिरी ।
पार्थ्यो सव संतोष प्रजा मंगल वस्तु स्पर्श गरी ।।
बन्धु प्रजा स्त्री तृप्त गराई पहिले ख्वाई
आफू भोजन गर्थ्यो कृष्ण स्वयं पछाडि ।
तव तक रथ ली आइ पुग्थे सारथी दारुक
सात्यकि उद्धव लिई साथमा चढ्थ्यो माधव ।।
पुगी सुधर्मा सभा विच उच्चासनमा हुन्थ्यो राज ।
जहाँ हुन्न थ्यो मृत्यु जरा शोक मोह औ भूख र प्यास ।।
तारक गणका वीच शशी झैं हुन्थ्यो कृष्ण
नाना रसको वर्षा हुन्थ्यो तृष्णा नास्न ।
व्याख्या हुन्थ्यो वेद मंत्रको गूढ महान
हुन्थ्यो पैले का नरपतिको कीर्ति वखान ।।
जरासन्धका वन्दीको "दर्शन पाऊँ छुट्न हरि ।"
भन्ने स्तुति ली दूत पुग्यो दर्द सुनायो पाउ परी ।।
"दुखदायी सुख भोग्ने देह छ मूर्दा तुल्य
जसको पीछा भय छ निरन्तर हेर मुकुन्द !
त्याग आत्म सुख, गरेर हामी भयौं कुकर्मी
त्यसको फल यो दुख भोग्दैछौं वन्दै मानी ।।

एक पटक प्रभु लाइ जिती गर्व वढी कन जगत प्रति ।
स्वजन हजुरको जानि कन रेछ सताई भै कुमति ।।"

भन्दैथ्यो यो दूत, अकाश द्वारा नारद
उत्रे पाण्डव कहाँबाट हरि गर्दछ स्वागत ।
भन्छन् नारद–फँसी वासना विच सव प्राणी
जन्म मरणको पर्‍यो चक्रमा नाथ नजानी ।।

तिनकै हितको निति चरित दीप वाल्दछौ देह धरी ।
गाई हुन्छन् मोक्ष जन म छू शरणमा नाथ हरि !

सुन्नोस् फुफुका छोराहरूको विचार कृष्ण !
राजसूय मख गरी हजुरको पाउन प्रेम ।
सार्‍है इच्छा गरी रहेछन् पाण्डव पाँचै
कुनै वस्तुको छैन चाहना हुन् ती साँचै ।।

जसको कीर्तन श्रवण गरे वन्दछ पावन शूद्र पनि ।
देख्ने छन् पद हजूरको जनता मखमा मोक्ष दिनी ।।

अनुमति बक्स्योस् हजूर यसमा भै अनुकूल"
भन्दै नारद पाउ परीकन लागे चूप ।
"पहिले मागधलाई जित्न जानु पर्छ"
भन्ने उत्सुकतामा रेछन् यादव खूव ।।

नारद वाणी सुनीकन खुशी भएनन् बन्धु यदु ।
थाहापाई भन्दछ यो उद्धव सँग भै मुग्ध प्रभु ।।

"उद्धव तिमि छौ वडा हितैषी मेरा सच्चा
आँखै छौ सल्लाहकार पनि हाम्रा पक्का ।
जे भन्छौ तिमि श्रद्धा साथ त्यो गर्ने छौं
भन अव काहाँ जानु असल हो ? त्यो नै गर्छौं ।।"

सवै कुराका ज्ञाताले केही नजाने तुल्य वनो।
सोधे पछि युग जोडि कर उद्धव लागे भन्न नमी ।।

एकहत्तरौं अध्याय

[कृष्णको इन्द्रप्रस्थ गमन]

"राजसूयको दिग्विजयैमा भीम द्वारा
कुस्ती खेली पर्दछ जित्नु मागध, प्यारा !
यसो भए उद्देश्य महान सफल हुनेछ
तिम्रो यशले सारा विश्व नै भरिने छ ।।
मागध वधले प्रयोजन हुनेछ हाम्रो सफल महान।
खुल्छ भूप औ मागधका पुण्य पापको पनि परिणाम ।।
गोपि गाउछन्–शङ्ख चूड वध सुन्दर लीला
मुनिहरू–जानकी तथा गजेन्द्र मोचन लीला।
हामि गाउछौं पिता र माता लाई जेल
बाट दिएको छुट्टी लीला जसरी हेर ।।
वन्दी नृपका पत्निहरू गाउने छन् त्यसै रमी।
वैरी मारी श्री हरिले स्वामि छुटाइ दियो भनी ।।"
सुनेर उद्धवको निर्दोष हितकर वाणी
नारद यादव श्री हरिले पनि सुन्दर ठानी।
गरे समर्थन भए तयारी देह्ली जान
उग्रसेन औ दाउ सँग ली आज्ञा दान ।।
पाल्की डोली सुवर्णका हात्ती हौदा चढी अहा !
पत्नी छोरा नाति सव थिए हजारन श्री हरिका ।।

वल गधा औ भैंसी वीच पाल समेना
ऊपडि कम्वल डसना गुन्टा लादी पीठमा ।
अनुचरका स्त्री गाडा छकडा वीच चडेर
गान वजाना गर्ने नारी हिंडे लिएर ।।
रक्षक थे तलवार लिई दायाँ वायाँ घोड चडी ।
पैदल सेना लाखौं थे चारैतिर, थ्यो वीच हरि ।।
नारद लागे अकाश तर्फ आज्ञा पाई
दूत प्रति यो भन्छ मुरारि "नृपहरूलाई ।
आउदैछु म भनी देऊ गै अव नडराऊ
चाँडै आई मागध मार्छु न घवडाऊ ।।"
दूत गई यो हाल उता वन्दी लाई भनी दियो ।
राजाहरू पनि दर्शनको बाटो लागे हेर्न अहो !
कृष्ण फौज आनर्त र सौविर मरु कुरुक्षेत्र
हुँदै वडी पञ्जाव र मत्स्य हेर्दै देश ।
इन्द्रप्रस्थको नगर द्वारमा अडियो हेर
पुगे पार्थहरू स्वागत गर्न हर्ष भएर ।।
पाप पखाल्छन् युधिष्ठिर छाति लगाई श्रीपतिको ।
आँशु गिऱ्यो उर पग्लन गो रऊँ खडा भो भने–"प्रभो !"
छाती भीमले जोरे धेरै वेर लगाए
विर्से आफैं उम्डयो प्रेम आँशु खसाए ।
अर्जुन सँग भो गाढ अगालो चिप्टे हेर
दुइ भाईले जोरे छाती स्नेह बढेर ।।
राजमार्ग ली हिंड्यो हरि स्वागत तिनले गरे अति ।
जस जसको उर निर्मल थ्यो पाए तिनले हेर्न छवि ।।

देखिन् कुन्तीले जब कृष्ण पलङ्ग बाट
ओर्ली छाती लाइन् थरथर सुँघ्दै माथ ।
स्नेह सुभद्रा वहिनी आई लागिन् गर्म
लागिन् द्रौपदि रानीहरूको स्वागत गर्न ।।
गर्छन् सेवा युधिष्ठिर साराको अति स्नेह छरी ।
जे जे जस्तो चाहिंदथ्यो पुऱ्याइ दिन्थे होस गरी ।।

बहत्तरौं अध्याय

[जरासन्ध उद्धार]

युधिष्ठिर भन्छन् "अनुमति पाऊँ म गोविन्द !
गर्छु राजसूय तिम्रो पदवि पाउन सत्य ।
'प्रभाव सेवा को जन देखुन्' इच्छा यो छ
भजन नगर्ने औ गर्नेको अन्तर के छ ?"
भन्दछ श्री हरि–खुशी हुँदै प्राणि मात्रको श्रेय हुने ।
यज्ञ हुनाले खुशी म छू मैले निश्चय यही गरें ।।
लोकपालका अंश भाइ छन् सद्गुण द्वारा
अजित म हूँ तर तिनले पारे वशमा प्यारा !
सक्ने छैनन् तिरस्कार क्वै तिनको गर्न
देख्न ठुला हुन् द्यौतै हुन् वा राजा मान्य ।।
भाइ पठाऊ दशै दिशा देश देश नृप वर्ग जिती ।
ल्याउने छन् द्रव्यहरू गर्नु त्यसैले यज्ञ शुचि ।।
सहदेव हिंडे दक्षिण तर्फ लिएर लस्कर
पश्चिम लागे नकुल र अर्जुन लागे उत्तर ।

पूव दिशातिर लागे भीम गर्दैं फूर्ति
ल्याए राजा जितेर द्रव्य मखको निति ।।
भीम र अर्जुन लिई हरि ब्राह्मणको झैं वेष धरी ।
जरासन्ध सँग पुगी भने--"भिक्षा देऊ फुट्ट गरी ।।"
'हुन्छ दिन्छु के ?' भन्दा 'द्वन्द लडाई देऊ'
भनी लडे दुइ मागध भीम हेरी लेऊ ।
हेर्छन् अर्जुन कृष्ण लडेको उभिई हेर !
सत्ताइश दिन संम हार जित क्यै नभएर ।।
भने--भीमले 'सकिनँ' भनी हरिले हाँगा चिरी कन ।
देखायो सन्देश बुझी आधा पारी चिरे तन ।।
रात वस्तथे मित्र वनेर एकै स्थान
दिनमा हुन्थ्यो घमासानले युद्ध महान ।
अर्जुन हरिले शान्त भएपछि मागध दुष्ट
भीमसेनको छाति लगाए भै सन्तुष्ट ।।
मागध सुत सहदेव कन नृप पारी अभिशेष दिई ।
बन्दी राजा छाडि दियो दयालु हरिले हर्ष छरी ।।

त्रिहत्तरौं अध्याय

[बन्दीको विदाई, प्रभु इन्द्रप्रस्थ]

विश हज्जार र आठसये थे वन्दी राजा
दुव्ला मलिना, शैल गुफा विच थे ती सारा ।
रूप, चतुर्भुज थियो विलक्षण देखी गाथ
पिऊँ, सुघौं, औ चाटौं लाग्यो वोले-'नाथ' ।।

जेलबाट ता मागधको आज छुटायौ दया गरी।
जन्म मृत्यु दुख बाट पनि देऊ चाँडै मोक्ष हरि !

राजा पाट यो मृग तृष्णा फैं रेछ असत्य
देह रोगको जन्मभूमि पनि जान्यौं सत्य।
हुने मरे पछि प्राप्त कर्म फल को विश्वास
छैन पर्दछौं शरण चरणमा जगन्निवास !

कृपा रहोस् अब जाउँ जहाँ चरण कमलको स्मरण वनोस्।
वासुदेव ! गोविन्द ! हरि ! भनी नमस्कार गर्न मिलोस्।।"

भन्यो कृष्णले "प्राप्त वस्तुमा होस् संतोष
संझी मलाई गर्नु भजन नित गर्दै होस।
भक्ति आउछिन् यसो गरे पछि आए भक्ति
कुनै वस्तुको हुन्न प्रयोजन भैगो मुक्ति।।"

राजोचित सन्मान गरी दिनु भो नृपहरू लाइ विदा।
पुगी भन्दछन् देश नृप 'प्रभुको चेष्टा सवै खुला।।

जरासन्ध–सुत थे सहदेव पूजा गर्छन्
भीम र अर्जुन साथै प्रभुको पदमा पर्छन्।
फिर्यो हस्तिनापुर दुइ भाइ लिएर कृष्ण
शङ्ख वजायो पुग्ने वेला सूचन गर्न।।

एक्कै वाजी भाइ तिन परे युधिष्ठिर पाउ विच।
सुनी अश्रुका विन्दु फरे संझी हरिको अनुग्रह।।

चौहत्तरौं अध्याय

[अग्रपूजा शिशुपालवध]

अनुमति ली हरि साथ युधिष्ठिर थाल्छन् यज्ञ
व्यास आदि ऋषि थिए निमंत्रित ब्राह्मण वर्ग ।
विदुर द्रोण दुर्योधन भीष्म औ धृतराष्ट्र
देश देशका आए राजा प्रजा समस्त ।।

ऋत्विजहरूले यज्ञ भूमि स्वर्ण हलोले खने पछि ।
राजसूय प्रारम्भ भयो धूमधामले यथाविधि ।।

पूर्ण हुने दिन झिके सोमरस देखी भूप
याजक, सदसस्पतिको पूजन गर्छन् खूव ।
सदस्य मध्ये अग्र–पूजा कसको गर्नु ?
खलवल भो सहदेव उठेर वोल्छन्–सुन्नु !

"जसको पूजन गरे जगत् भरका प्राणी तृप्तिन्छन् ।
त्यो सर्वात्मा कृष्ण विना पूजाका को भागी छन् ?

रूप कृष्णको हो यो सारा विश्व चराचर
ज्ञान कर्म पथ हेतु दुवैको प्राप्ति छ माधव ।
अक्षय पार्ने छ अभिलाषा आफ्नो कर्म
भने शान्त श्री हरिमा अर्पनु हुन्छ सुकर्म ।।

छ एक रस औ अद्वितीय ब्रह्म छ जसको नाम शुभ ।
सृष्टि स्थिति संहार पनि उसकै सानो खेल बुझ ।।"

सुनी सभासद सारा बोले–ठीक छ ठीक !
भए युधिष्ठिर विह्वल औ भो प्रेमोद्रेक ।

उच्चासनमा राखी आफ्नो प्यारो लाई
पाउ पखाले साथ द्रौपदि पाँचै भाई ।।
पूजा गर्छन् युधिष्ठिर आँशु नेत्रमा छचल्कियो ।
बोल्न सकेनन् नमः जय ! नारा लाग्यो नभ गुन्ज्यो ।।
भन्छ क्रूर–शिशुपाल उठेर हात उठाई
"छाडी योगी सन्त ऋषि मुनि ज्ञानीलाई ।
गोठालाको भयो समर्चा किन हो आज
मूर्खहरूको हा हा, वीच डुव्यो समाज ।।
सदसस्पति कन छाडिकन यसो गर्नु अन्याय भयो ।
धर्म वहिष्कृत निर्गुणले पायो कसरी पूजा यो ?"
सुनेर शय्यौं निन्दा कोही वाहिर निस्के
शस्त्र उठाई चैद्य गर्न बध कोही तम्से ।
उठी कृष्णले काटि दियो शिर चक्र चलाई
निक्ल्यो ज्योति कृष्ण चरणमा पस्यो रमाई ।।
यज्ञ पूर्ण भो सवै फिरे पाई दान र मान धन ।
केही दिन हरि राज गरी फिऱ्यो द्वारका निज सदन ।।

पचहत्तरौं अध्याय

[यज्ञ पूर्ति सुयोधनको अपमान]

भूपस्नेहले गर्दा सेवा विच भै लग्न
पारे मख सम्पन्न सवैले भई प्रसन्न ।
थिए सुयोधन कोषाध्यक्ष यसमा मुख्य
भीमसेन भोजन को गर्थे सवै प्रबन्ध ।।

स्वागतमा सहदेव थिए वस्तु नकुल सव जुटाउथे ।
मान्यहरूको सेवामा खडा अहर्निश अर्जुन थे ।।
अतिथिहरूको पाउ पखाल्थ्यो साक्षात् कृष्ण
द्रौपदि भोजन पस्किन्थिन् अति भई प्रसन्न ।
कर्ण गर्दथे खुला हातले उदार दान
एक बन्धुले एक लिएका थे शुभ काम ।।
यज्ञ पूर्ण भो शिशुपाल कृष्ण चरणमा लीन भयो ।
पाए दक्षिणा वस्त्र धन भने सवैले धन्य प्रभो !
यसपछि अवभृत स्नान गर्न नृप गङ्गा तर्फ
लागे सजधज वाद्य गान धुन भयो सहर्ष ।
पाँच भाइ औ कृष्ण द्रौपदी रानी सारा
हिँडे चढी रथ बज्यो माथि तल ढोल नगाडा ।।
मखमा थे जति व्यक्ति सव आएका थे यहाँ पनि ।
दूध तेल जल नौनि रङ छ्यापे आपस मस्त बनी ।।
रानीहरूको वस्त्र भिज्यो सव अंग प्रत्यङ्ग
देखिन्थ्यो कुछ, पिचकारी ली छोड्थे रङ्ग ।
देवर माथि अवीर लोला हान्थे रानी
आपस चल्थ्यो सरस रंगको हाना हानी ।।
पाप बुद्धिमा हुनेहरू क्षोभ भए यो लीलाले ।
खुशी हुनेको पाप महान् पनि वग्नगो श्रद्धाले ।।
सवमा देख्तै कृष्ण स्वरूप भूप सहर्ष
स्नान गरेपछि फेराउदछन् गहना वस्त्र ।
अति आदरले वारवार ती मित्र हितैषी
को गर्छन् सन्मान स्नेहले कृष्णै संङ्गी ।।

कृष्ण दासको सराहना गरी फिरे नरनारि सब ।
किन्तु भएनन् तृप्त तिनी जति गाए पनि कीर्ति शुभ ।।
विदा दिएनन् श्री हरिलाई बन्दै कातर
वस्यो कृष्ण पनि धेरै दिन तक पठाइ बान्धव ।
साथ भाइ ली पाण्डवको घर गए सुयोधन
देख्यो जलमा थल, थलमा जल मनमा भो भ्रम ।।
पयर उचाले पानि भनी ठक्कर लाग्यो पत्थरमा ।
टेके पत्थर भनी जब भिज्दछ वस्त्रै पानीमा ।।
लडे सुयोधन भ्रान्ति भएर हाँसे भीम
रानी राजा सारा हाँसे नसकी थाम्न ।
थिए युधिष्ठिर रोक्तै किन्तु रोक्ता रोक्तै
थियो इशारा जान्नु पहिल्यै यो श्री हरिकै ।।
लज्जित भैकन सुयोधन फिरे भाइ ली गेहतिर ।
चूप कृष्ण थ्यो भयो भ्रम जसकै दृष्टि परी बुझ ।।

छयहत्तरौं अध्याय

[शाल्व सँग यादवको युद्ध]

शिशुपाल सखा शाल्व थियो नृप रुक्मिणिजी को
विवाहमा थ्यो आएको त्यो हारी भाग्यो ।
किन्तु प्रतिज्ञा थियो गरेको "यादव एक
पृथ्वीका विच राख्ने छैन म सवले देख" ।।
भन्दै शिवको उपासना गरेर पायो सौभ विमान ।
चढी पुग्यो त्यो द्वारवती गऱ्यो शस्त्रको झरी महान ।।

प्रद्युम्न लडे लिई फौज औ भाई सारा
देवासुर संग्राम पऱ्यो अनि रौं भो ठाडा ।
माया नाना थरि फिज्यो तर प्रभुले नाशी
पारीदियो अति मोह र मूर्छा भो फिज काटी ।।
त्यसको मंत्री द्युमान गै हान्यो कार्णी लाइ गदा ।
मूर्छा हुनु भो दूर लगे विउझी हुनु भो दिक्क वडा ।।

सतहत्तरौं अध्याय

[शाल्व उद्धार]

उठी गई प्रद्युम्न लडे पुन बिउझी धीर
भाल द्युमान्को काटी अरू पनि नाशे वीर ।
सत्ताइश दिन गरे लडाइँ डटेर यादव
थियो गएको पुरी हस्तिना यी दिन माधव ।।
देखि कुलक्षण द्वारवती आयो श्री हरि चञ्चल भै ।
भन्छ मनमनै "शत्रु गई युद्ध गरे कि दाउ छँदै" ।।
सुनेर घटना गयो कृष्ण रण बीच तुरुन्त
पऱ्यो लडाइँ शाल्व र हरिको भयो भिडन्त ।
शार्ङ्ग धनुष थ्यो कृष्ण वाहुमा हानी वाण
दियो खसाई हाहाकार ! पऱ्यो महान ।।
गदा कृष्णको लागि कन मूर्छा भो त्यो शाल्व जव ।
हुन गो अन्तर्धान अनी आयो यौटा त्यहाँ नर ।।
भन्छ कृष्ण सँग–देवकीजीको सुन्नोस् वाणी !
"कृष्ण ! शाल्वले तिम्रा वावालाई बाँधी ।

लग्यो" सुनी यो अप्रिय घटना भन्दछ भगवान्
दाउ छँदै के सक्छ बाँध्न ? तर कर्म छ वलवान् ।।
आयो खल वसुदेव लिई–भन्छ–कृष्ण ए ! हेर्न यता ।
तेरो बाबा लाई वध गर्छु यहीं लौ सके वचा ।।"
भन्दै काटी शिर वसुदेव जी को झट्ट
वस्यो गई त्यो सौभ विमान मा गै चट्ट ।
जानेकै थ्यो कपट परन्तु एक मुहूर्त
मोह भयो हरि मानव लीला गर्न अनूप ।।
भक्त त जसका प्रसादले आत्मिय विद्या संपादन ।
गर्दै त्यागी अनात्म्य पन आत्मिय वैभव पाउदछन् ।।
भने कहाँ त्यो साक्षात् विष्णु लाई मोह ?
हैन रेछ वसुदेव मरेको जादू रे छ ।
आयो फेरि दुष्ट शाल्व त्यो नाना शस्त्र
छाड्दै लाग्यो लड्न भयङ्कर भएर व्यस्त ।।
पहिले हरिले हात छिनी चक्र चलाई सुदर्शन ।
मुकुट सहित शिर काटि दियो गाउदछन् सुर पराक्रम ।।

अठहत्तरौं अध्याय

[दन्तवक्र, विदूरथ, सूतको वध]

शिशुपाल सखा दन्तवक्र थ्यो आयो हेर
साथीको ऋण तिरी उ ऋण म हुन्छु भनेर ।
भन्यो कृष्ण सँग "मामाको होस् छोरो किन्तु
आज गदाले मारि तँलाई वदला लिन्छु ।।"

कृष्ण गदाको चोट परी लडी मरी गो हेर अरि ।
देख्तै थे सब ज्योति उडी कृष्ण पाउमा गयो मिली ।।

त्यसको भाइ थियो विदूरथ आयो लड्न
चक्र चलाई दिनु भो मारी पायो धाम ।
शाल्व विदूरथ दन्तवक्र कन मारी कृष्ण
पाल्नु भयो निज द्वारवती तिर सुन्दै गान ।।

जित्तछ कहिले हार्छ हरि देख्छन् यस्तो मूर्ख जन ।
नर लीला हो वास्तव ता नित्य छ जसको विजय सुन ।।

कौरव पाण्डव लागे युद्ध गर्न भनेर
थियो राम मध्यस्थ दुवैतिर द्रष्टा हेर ।
हिंड्यो द्वारका बाट तीर्थको छलले राम
प्रभासमा गै हवन र तर्पण गर्‍यो महान ।।

सरस्वती औ विन्दुसर चक्रतीर्थ भै नैमिष वन ।
पुग्यो राम थे साथ ऋषि वृद्ध विप्र औ सज्जन गण ।।

उच्चासनमा थे श्री रोमहर्षण सूत
प्रभु पुग्दा पनि खडा भएनन् गरे न प्रीत ।
सोच्यो वलले "व्यास शिष्यको यै हो चाला ?
शास्त्र पढेको वन्न र हो यै घमण्डवाला ?

धर्मध्वजी नै प्राय गरी हुन्छन् पातकी यस्तै को ।
नाश गर्न अवतार लिए को हूँ मैले अैले यो ।।"

भनी हातको कुशले हानी मार्‍यो सूत
भने ऋषिले "राम ! गर्नु भो अधर्म खूव !
यद्यपि श्रुति पनि हजूरमाथि शासन गर्न
सक्तैनन् आदर्श वनेर गर्नोस् कर्म ।।

गर्नोस् प्रायश्चित्त प्रभु ! शिक्षा खातिर हुनेछ त्यो ।
भन्दछ वल "ऋषि ! वताउनोस् सानो प्रायश्चित्त प्रभो !
भन्नु भए यदि सूत वचाई दिन्छु म हेरी
दिन्छु ओज वल इन्द्रिय शक्ति आयु म फेरि ।"
भने ऋषिले–"शस्त्र प्रयोग नहोस व्यर्थ
सुन्न चरित पनि पाऊँ हामी ! हरिको सत्य ।।"
'आफू नै हो पुत्र' यसो भन्छ वेद पनि खुला दिल ।
हुनेछ वक्ता पुत्र अव दिन्छु म शक्ति" भन्छ वल ।।
भने ऋषिले–इल्वलको सुत वल्वल दानव
यज्ञ भो कि शुरु आउछ विघ्न गर्न वरावर ।
पीप रगत औ विष्टा मूत्र गर्दछ वर्षा
त्यसलाई वध गरेर पार्नोस् पृथ्वी हलका ।।
यति गरीकन वर्ष भरी घुमेर भारत वर्ष सव ।
तीर्थ पुगे हरि स्मृति गरी हुनेछ सारा पाप क्षय ।।

उनासियौं अध्याय

[वल्वल वध र वल तीर्थ यात्रा]

यज्ञ गरे शुरु आयो वल्वल विघ्न गराउन
विष्टा धूलो पीप रगत मुत लाग्यो वर्षन ।
देखी वलले गाजल थुप्रो कालो भीषण
संझनु भो हल, मूसल, करमा भए सुशोभन ।।
हलले खैंची मूसलले ललाट फोरी गऱ्यो वध ।
ऋषि मुनिले अभिशेष गरे हवस् रामको भनी जय !

हिँड्यो तीर्थ वल ब्राह्मण साथ कल्मष नाशा
प्रयाग पुलहाश्रम औ गण्डकि शोण विपाशा ।
श्राद्ध गयामा गरी महेन्द्र पर्वत माथि
परशुरामजी हेरी द्राविड पुग्यो ससाथी ।।
वैंकट काञ्ची कावेरी हेरी बल श्रीरङ्ग पुग्यो ।
दक्षिण मथुरा मीनाक्षी सेतुवन्धमा राम सुक्र्यो ।।
दियो धेनु दश हज्जार रामले ब्राह्मण लाई
ताम्रपर्णि कृतमाला हेऱ्यो अति सुखदाई ।
अगस्त्य लाई गऱ्यो प्रणाम मलय गिरिमा
कुमारी कन्या भेट्यो दक्षिण सागर तटमा ।।
पञ्चाप्सरमा स्नान गऱ्यो गाई दश हज्जार दियो ।
त्रिगर्त, केरल हुँदै बल श्री शूर्पारक क्षेत्र पुग्यो ।।
तापि, पयोष्णि, निर्विन्ध्यामा गरेर स्नान
दण्डक वन औ नदी नर्मदा हेर्दै राम ।
माहिष्मती पुरिबाट प्रभास आयो फेरि
जहाँ पुग्दथ्यो हवन र श्राद्ध गर्थ्यो हेरी ।।
कुरु पाण्डवको लडाइँमा "प्राय मरे नृप वर्ग" सुनी ।
गर्छ राम अनुमान यता "निश्चय हलका भइन् भूमि ।।"
भीम सुयोधन लडी रहेको ठाउँ राम
गयो युधिष्ठिर अर्जुन हरिले गरे प्रणाम ।
'आउनु भो के भन्न' भनी छन् चूप समस्त
दुई लडाकू लाई भन्दछ श्री बल सुस्त ।।
"वलिया छन् अति भीम, अधिक दुर्योधनमा शिक्षा छ ।
जीत हार क्यै हुन्न रण छोड्ने मेरो दीक्षा छ ।।"

मान्थे किन ती 'हरि माया थ्यो यस्तै रेछ'
भन्दै फर्क्यो द्वारवती कुछ समय विते छ ।
अडेन मन रति त्यहाँ रेवती साथ लिएर
नैमिष विच गै लाग्यो गर्न यज्ञ सस्नेह ।।
विश्व वीच छन् यज्ञ जति छन् दाउकै अंग प्रति ।
त्यसले गर्नु यज्ञ फगत् हो संग्रह आदर्श स्थिति ।।
यज्ञ पूर्ण भो बस्यो सभा औ बोल्यो राम
"सबै विश्व यो आफू वीच गर अनुमान ।
आफूलाई विश्व भरी गर अनुभव एक
हुनेछ सुखमय शान्ति परमा हुन्छ विवेक ।।"
बलले अवभृत स्नान गर्‍यो सुहृद् बन्धु सव साथ लिई ।
हरिको प्यारो हुन्छ जन जो बलको यश पढ्छ नुही ।।

असियौं अध्याय

[द्वारकामा सुदामा]

भूप परीक्षित् भन्छन् कृष्ण सुनेर लीला
"सुन्न नखोज्ने विशेषज्ञ त्यो को जन होला ?
वाक् इन्द्रिय मन चित्तहरूको सफल त्यहीं छ
सेवा हरिको वनोस् अखण्ड शान्ति यहीं छ ।।
भन्छन् शुकजी–कृष्ण सखा थिए सुदामा गरिव अति ।
दुर्वल, शान्त र दान्त थिए विरक्त थे यश भोग प्रति ।।
स्त्री थिन् दुव्ली भनिन् एकदिन 'स्वामी जानोस्
धाम द्वारका श्री पतिले धन दिनेछ माग्नोस् ।'

कैयौं वाजी गरिन् प्रार्थना गरे विचार
'परम लाभ ता होई हाल्दछ जान्छु म आज ।।'

थिएन घरमा वस्तु कुनै मागी कनिका ल्याइ दिइन् ।
लिई हिंडे ती 'कसो गरी होला दर्शन' भनी स्वयम् ।।

द्वारवती विच भित्र पसे द्विज टाडैबाट
देखी दौडी छाति लगाउछ कृष्ण सप्रीत ।
अंग स्पर्शले भए निहाल र आशु बग्छ
राखी पलङमा श्री हरि आफैं पूजा गर्छ ।।

चवँर रमाले डोलाइन् दाव्यो प्रभुले पाउ अति ।
हात समाती गर्छ कुरा अघि घटेका, बढी रति ।।

"पढ्थ्यौं गुरु कुल वीच खुशी भै रमाइलो थ्यो
ती दिन कस्ता थिए उज्याला कस्तो सुख थ्यो ?
ती घटना के संझनु हुन्छ ? कुनै एकदिन
गुरु आमाले पठाउनु भो समिधा लिन वन ।।

वर्षा भो घनघोर भई साँझ परी भो वनमै वास ।
गुरुले खोजी लानु भयो प्यार गरी वर लिदै अगाध ।।

प्यारो साथी ! सुन्नोस् मेरो यौटा वात
गृहस्थ वानप्रस्थ र ब्रह्मचारी न्यास ।
यी चारैको धर्म द्वारा त्यति म हुन्न
गुरु सेवाले जति म हुन्छु यहाँ प्रसन्न ।।

भन्छन् उनी–प्रभु ! पढ्न मिल्यो गुरु कुलमा गै हजुर सँग ।
नक्कल हो यो पढ्नु प्रभो ! परमेश्वर भै जनार्दन ! ।।

एकासियौं अध्याय

[सुदामालाई ऐश्वर्य प्राप्ति]

"पत्र पुष्प जल जे होस् अणु पनि पूर्ण मलाई
अर्पे पूर्णै हुन्छ वस्तु त्यो अति सुखदाई ।
किन्तु स्नेहले स्नेहीले नै अर्पिनु पर्छ
त्यसो हुँदा के ल्याइ दिएका छौ भन मित्र !"

भन्दै खोस्यो वलै गरी तिन सँग चिउरा चार मुठी ।
"मुखमा हाली एक मुठी भन्यो" तृप्त भो विश्व सभी ।।

दोश्रो हाल्ने सूर थियो तर रोकिन् श्रीले
वसे सुदामा त्यो दिन रात्री अतिशय सुखले ।
फर्के प्रातः मनमन भन्दै रेछू धन्य
देखे तर निज कुटिमा ठूलो भवन सुरम्य ।।

"जन्मैको सौभाग्य हिन दरिद्रलाई वैभव यो ।
कृष्ण कृपा विन मिल्छ कसो दृष्टि परेरै हो प्रियको ।।

घन भन्दा कम छैन मेरो दयालु साथी
यत्रो वैभव दिंदा चूप छ केवल हाँसी ।
कनिका थोरै दिंदा प्रशंसा गर्‍यो कसोरी
रेछ महात्मा पर्छु शरणमा युग कर जोरी ।।

जन्म जन्म होस् तिनै सँग सौहृद मैत्री दास्य पन ।"
भन्दै ब्राह्मण भए अति भक्त निराशी शान्त मन ।।

सखा कृष्णका भक्त सुदामा ले यो देखे
"यद्यपि भगवान् अजित हुन्छ हुनु किन्तु भो के ?

सेवक को हुनु हुन्छ अधीन जानें मैले"
भन्दै साँचो भेटे तत्व गाँठै खोले ।।
जो यो ब्राह्मण भक्त हरि को सुन्दछ शुभ चरित शुचि ।
पाउछ त्यो हरि चरण रति कर्मिय बन्धन खोल्छ निजी ।।

बयासियौं अध्याय

[कुरुक्षेत्रमा कृष्ण व्रजवासी भेट]

कृष्ण रामको उपस्थितिमा भो खग्रास
सूर्य ग्रहण, कुरुक्षेत्र गए भय भीत समाज ।
भारत वासी प्रान्त प्रान्तका जनता धाए
व्रजवासी औ द्वारवतीका सारा आए ।।
राम ह्रदमा स्नान गरे ब्राह्मणमा धन धान्य दिए ।
ख्वाए खाए कृष्ण प्रति लागोस् अविचल भक्ति भने ।।
पाल टाँगियो क्याम्प वन्यो शुभ थ्यो मैदान
श्री हरिको औ यादवहरूको रम्य तमाम ।
भेट भयो सब देश देशका आफ्ना बान्धव
कुरु पाण्डव व्रजवासी आए मान्न महोत्सव ।।
छाति लगाए परस्पर भेटे बान्धव कुशल पुछे ।
पुरुष पुरुष थे एक तिर स्त्रीले स्त्री सँग कुरा गरे ।।
उग्रसेन सँग भन्छन् नृपहरू "मानव वीच
भाग्यमान ता तपाईंहरू नै देख्यौं भूप !
दर्शन पाउनु हुन्छ कृष्णको योगी दुर्लभ
ताती पृथ्वी जसका पदले भैन् अति शीतल ।।

गेह नरकको ढोका हो तर श्री हरि सँग वस्न मिल्यो ।
दर्शन जसको मिल्यो भने पछि मोक्ष पनि फिका अहो !"

नन्द आदि सव गोपी गोप लाई देखी
भए खुशी, थ्यो हेर्ने इच्छा पहिले देखि ।
मिले परस्पर सोध्दै नाम यादव गोप
नन्द शौरिले जोरे छाती भाग्यो शोक ।।

रोहिणि देवकि दुवै वढी मिले यशोदा साथ नुही ।
रोए संख्री, कृतज्ञता आफ्नो उरको प्रकट गरी ।।

पलक नेत्रका निर्माता कन गर्थे गाली
हेर्न नपाई श्री हरिलाई व्रजका ग्वाली ।
देखी आँखा द्वारा आज लगेर भित्र
भए अंगालो हाली तन्मय हेरन चित्र ।।

देखी हरिले तन्मय ता डाकी अति एकान्त विच ।
हृदय लगायो कुशल पुछ्यो हाँसी वोल्यो अमृत पद ।।

"आएँ वान्धव हेतु म मथुरा उल्फें हेर !
कहीं नराम्रो भाव गर्‍यौ कि निठुर वनेर ।
यसको कारण संरू, छ भगवान् यौटा खालि
मता एक रस अविनाशी छू सत्य प्रणालि ।।"

शिक्षा द्वारा लिंग तन छुट्यो कृष्ण सँग एक भए ।
भने—"रहे पनि गेह विच तिम्रो होस् स्मृति नित्य हरे !"

त्रियासियौं अध्याय

[द्रौपदी र रानीहरूको वातचित]

सोध्यो हरिले युधिष्ठिर एवं बान्धव साथ
क्षेम कुशलता माथ नुहाई जोडी हात ।
भन्छन् नृपहरू नुही–हजुरको अमृत गाथा
पिउनेलाई कहाँ छ अकुशल भाग्य विधाता !"

चर्चा गर्छन् नारि यता हरिको जग विख्यात चरित ।
सोध्छिन् द्रौपदि जोरि कर हरिका पत्नी साथ सप्रीत ।।

"हे वैदर्भी, जाम्ववती हे कृष्णा सत्या
हे भद्रे हे विन्द लक्ष्मणे रोहिणि शैब्या !
पार्नु भयो हरि आफ्नो कसरी भन्नोस् आज"
भन्छिन् रुक्मिणी–हरेर ल्यायो स्वयं स्वभाग ।।

भन्छिन् भामा कृष्ण प्रति वात लगाए बाबाले ।
हैन रेछ यो जानि मणि साथै अर्पे पछुताए ।।

"जाम्ववान थे पिता कृष्ण सँग गरी लडाइँ
अर्पे पदमा चिनी राम हुन् भनी मलाई ।"
कालिन्दीले भनिन्––"तपस्यामा थें ठूलो
लग्यो हरिले उसकै घरको वढार्छु धूलो ।।"

भन्छिन् शैव्या–स्वयंवर मा हरिले हरि लगे पछि ।
आएका थे सैन्य तर ल्यायो हरिले फौज जिती ।।"

सत्या भन्छिन्–नाथी भीषण गोरु सात
ल्यायो हरिले गर्दछु इच्छा पाउन दास्य ।"

भद्रा भन्छिन्–दिए पिताले श्रद्धा साथ
जन्म जन्म होस् कृष्ण चरणको सुखमय स्पर्श ।।"
भन्छिन् अनि लक्ष्मणा नुही–माछो भेदन गरी कन ।
ल्यायो हरिले द्वारवती उसकै हूँ गृह दासी म ।।
रगत सुकाई उपासनामा जन्मौं लागि
छोडी सव आसक्ति जगत्को प्रभुकै लागी ।
पाएका हौं दासी बन्दै सेवा गर्न
नछुटोस् गर्छौं यही प्रार्थना जन्मौं जन्म ।।"
रोहिणी आदि पत्निहरू भन्छन् कृष्णा साथ नुही ।
"हामी ता साम्राज्य तथा न त चाहन्छौं इन्द्र पुरी ।।
पृथ्वीको सुख न चाहना छ नसिद्धि रोज्छौं
पारमेष्ठ्य नत रोज्छौं हामी न मोक्ष खोज्छौं ।
श्री को छाती वीच लिपेको सुगन्ध पूर्ण
खोज्छौं शिरमा राख्न कृष्णको पदरज चूर्ण ।।
जसका पदको स्पर्श सुख पाउन गर्छन् अभिलाशा ।
व्रजका गोपी गोप तथा विरुवा लहरा पात सदा ।।

चौरासी अध्याय

[बसुदेवको यज्ञ]

कुरुक्षेत्रमा दर्शन गर्न हरिको स्वस्थ
आए ऋषि मुनि नारद व्यास आदि समस्त ।
स्वागत पूजा गरे कृष्ण वलराम मिलेर
गर्‍यो कृष्णले उठी सभामा भाषण हेर !

"देख्छ देवता मूर्ति विच व्याप्त नदेखी प्राणीमा ।
त्यस जडलाई चेतनको दर्शन कसरी हुन्छ यहाँ ?
छोरा स्वास्नी मेरा हुन् हो शरीर आत्मा
मूर्ति नै हुन् इष्टदेव औ तीर्थ छ जलमा ।
मान्दै सज्जन लाई तीर्थ जो मान्दैन
त्यही गधा हो, भए पनि त्यो मान्छे हैन ।।"
प्रभुको भाषण गूढ सुनी ऋषि मुनी चक्कर वीच परे ।
'संग्रह' भन्ने बुझे पछि लागे प्रभु स्तुति गर्न "हरे !
तिम्रो माया ले छौं मोहित लीला अद्भुत
को सक्छ र सव जान्न जनार्दन छौं शरणागत ।
पाप नाशिका गंगा पनि छन् तिम्रै भित्र
पाए भक्ति लिंग शरीरै हुन्छ विनष्ट ।।"
भन्छन् श्री वसुदेव उठी "यज्ञ गराई एक दिनोस् ।
कर्म वासना नाश हुने–भन्छन् नारद–"हेरि लिनोस् ।।
ब्रह्म लाई निज छोरो ठानी 'श्रेय कसोरी ?
होला भन्दै सोध्दै छन् यी वनी अभागी ।
गंगा तटको मानिस न्वाउँन अन्तै जान्छ
नजिक हुनू नै रेछ अनादरको कारण त ।।"
ऋषि मुनि भन्छन् शौरि सँग "यज्ञाधिपत्ति विष्णुको ।
गरी महोत्सव त्रिऐषणा त्यागी जानोस् विपिन अहो !
देव पितृ ऋषि तिन ऋण साथ छ जन जन्मेको
छोरा पाई योग्य, पितृको पढी ऋषिको ।
तिर्नु भयो ऋण दुइ हजुरले तेश्रो बाँकि
देव ऋण पनि चुकाउनु होस् आज न साँची ।।

मोक्ष हुन्न ऋण नतिरी जन गरी यज्ञ शुभ महोत्सव ।
जानोस् हरिकै शरण अब सफल भयो नर जन्म शुभ ।।"

यज्ञ भयो शुरु धूमधामले यादव वर्ग
सिंगारिए अति वसन दान्तले वाहिर भित्र ।
राम कृष्ण पनि स्वयं अ आफ्ना ली परिवार
स्वच्छ देखिए सरस सुशोभित शान्त उदार ।।

राम ह्रदमा स्नान गरे अवभृथ यादव साराले ।
भन्छन् श्री वसुदेव यता हात नन्दको पक्डि सखे !

मित्र बनाउनु भो अकृतज्ञ लाई धन्य !
स्नेह पाश जो यस्तो रेछ सक्तिनँ भन्न ।
जसको वदला तिर्न म सक्तिन भाइ ! कहिल्यै
किन्तु मित्रता टुट्ने छैन हाम्रो साँच्चै ।।

गर्न सकेनौं पहिले क्यै हुदा जेलमा उपकार ।
अैले धनि छौं देख्तैनौं सुहृद् सामुका पनि हाय !

श्रेय चाहनेलाई नमिलोस् लक्ष्मी राज्य
देखिन्नन् निज वन्धु सुहृत् पनि वन्छन् त्याज्य ।
व्रजवासी दिन मात्र जान्दछन् जानें मैले"
भन्दै रोए मैत्री भाव संझी अहिले ।।

प्रभु पदमा थ्यो लीन मन झिक्नै नसकी छोडि त्यहीं ।
गोप र गोपी हिंडे व्रज यादव फर्के द्वारवती ।।

पचासियौं अध्याय

[पितालाई ज्ञान, आमालाई छोरा]

"बल र कृष्ण नित जान्थे ढोग्न पिता र माता
लाइ एक दिन भने पिताले–नाथ, विधाता !
तिमीहरू हौ पुरुष प्रधान मैले जानें
तेज र सत्ता बल छ जति सव तिम्रै मानें ।।

भोग्न पुग्यो अव विषय असत् शरण परें होस् मोक्ष गति ।"
सुनी पिताको वचन शुभ भन्छ जनार्दन योगपति ।।

"ठीक हो आत्मा मात्र छ निर्गुण निष्क्रिय नित्य
उसकै निर्मित गुण द्वारा उ छ बन्धन भित्र ।
दाउ तथा म हजुर द्वारका वासी सारा
सवका सव नै आत्मा हुन् यी संझनु प्यारा ।।"

सुनेर हरिको वचन शुभ बाबा निष्सङ्कल्प भए ।
आमाको सङ्कल्प थियो बाँकि यसैले भनिन् "हरे !

"राम कृष्ण हे मेरा छोरा ए परमेश्वर !
माग्छु तिमी सँग यौटा वस्तु देऊ नटवर !
तिमिहरू भन्दा पैले जन्मे का थे मेरा
कंस राजले मार्‍यो हेर छ वटा छोरा ।।

पाऊँ हेर्न म एक पटक" यो आमाको वचन सुनी ।
सुतल पुगे वल कृष्ण, वलि गर्छन् स्वागत नम्र बनी ।।

पाउ पखाली शिरमा छर्के ली परिवार
भने "कसोरी राक्षसलाई दर्शन आज ।

आज्ञा दी निष्पाप बनाऊ आपद छुट्छ
माने आज्ञा विधि निषेधको वन्धन टुट्छ ।।"
भन्यो कृष्णले "आमाका छोरा छ वटा मामाले ।
मारे पछि छन् यहाँ तिनी खोज्छिन् आमा हेर्न अरे ।।'
देखाई कन आमालाई विज्वर पारी
पठाइ दिन्छु म लोक तिनैको बन्धन फारी ।
दिनु होस् लान्छौं" सुनी प्रभुको वलिले वाणी
गरे समर्पण, विधान काटी आज्ञा मानी ।।
ली आउनु भो दाजुहरू पिई गए पय आमाको ।
जो सुन्दछ यो पुण्य कथा मुरारिको पद पाउछ त्यो ।।

छयासियौं अध्याय

[सुभद्रा हरण]

योगी वन्दै घुम्दै तीर्थ अर्जुन क्वै दिन
द्वारवती विच गएर चार महिना संमन् ।
वसे उहीं नै वदली भेष गर्दै भिक्षा
थियो सुभद्रा हर्ने मनमा ठूलो इच्छा ।।
ल्याए घर विच दाउले जोगी लाई मान गरी ।
तर श्री अर्जुन मोह भए देखी सुभद्रा रुचिर छवि ।।
अर्जुनजीले हरिकी वहिनी हरे सुभद्रा
पिता र माता हरिको भित्री सम्मति पर्दा ।
सुनी दाउजी भो क्षोभित अति हरिले फट्ट
परी पाउमा दियो समाली बलको चित्त ।।

राम खुशी भै वरवधू लाई धेरै वस्त्र धन ।
दियो दाइजो हात्ति रथ घोडा दासी अनेकन ।।

[मिथिला गमन]

अत्रि आदि ऋषि साथ लिएर कृष्ण कुनै दिन
गयो जनकपुर थिए उहाँ दुइ स्वजन सुसज्जन ।
आए जनक र द्विज श्रुतदेव लिन प्रभुलाई
गयो दुवैतिर दुइ स्वरूप ली हरि सुखदायी ।।

पाउ पखाले राजाले बन्धु सहित भै स्नेह गरे ।
अश्रु झरे रोमाञ्च भयो पूजा वन्दन आदि गरे ।।

नृत्य गरे श्रुतदेव खुशी भै वस्त्र उचाली
रोमाञ्चित भो आँशु खसाले उम्ड्यो छाती ।
पाउ पखाले चटाई पिरा माथि राखी
सादा भोजन गराइ भन्छन् पाउ समाती ।।

"तिम्रो लीला, नाम शुभ सुन्दछ कीर्तन गर्दछ जो ।
त्यसको निर्मल छाति विच प्रकाश हुन्छौ सदा प्रभो !"

गरी दुवैको सेवा स्वीकृत फिर्ने बेला
भन्दछ श्री हरि "ब्राह्मण नै हुन् स्वरूप मेरा ।
जीव हितैषी हुँदा विप्रहरू मेरो चार
हाते विग्रह भन्दा पनि छन् प्रिय परिवार ।।

ब्राह्मणहरूको भक्त वनी भक्ति ब्रह्मको जनाउदै ।
ऋषि मुनिहरू ली कृष्ण फिर्यो भक्त दुवैमा स्नेह दिदै ।।

सतासियौं अध्याय

[वेद स्तुति]

"निर्गुण प्रभुको गुण प्रतिपादन श्रुतिहरू कसरी ?
गर्छन्" भन्ने राजा प्रति यो भन्छन् शुकजी ।
नारायणले भन्नु भए थ्यो नारदलाई
ब्रह्मवाद जन लोक निवासी विच सुखदाई ।।

थियो भएको सभा विच प्रश्न उठ्यो यै उहाँ पनि ।
तिमी गएका थियौ तर श्वेत द्वीप प्रभु हेर्न भनी ।।

ब्रह्म विषयको वार्ता जसमा छन् श्रुति चूप
चतुसन् मध्ये उठी सनन्दन भन्छन् खूद ।
"विश्व सृष्टि यो आफैं वीच गरेर लीन
सुत्ने प्रभुको गर्छन् स्तुति श्रुति भएर दीन ।।

जस्तो ऊषा काल हुँदा कीर्ति गाउदै वन्दि गण ।
सम्राट्लाई जगाउँछन् खडा द्वारमा भई कन ।।

"जय होस् सत्चित् भगवन् ! माया मारी देऊ
विग्रह लिन्छौ जब तिमि बोल्छौं केही छेउ ।
कस्मल नाशक अमृत गाथा द्वारा स्नान
गरी सन्तहरू जरा, मरण दुख नास्छन् जान ।।

तिम्रो सेवा नगरी कन बाँच्ने मानव खँलाति हो ।
साँचा सेवक मुक्ति पनि खोज्दैनन् जग वीच प्रभो !

प्रभु भन्दा पछि जन्मेका हुन् ऋषि मुनि सारा
तिनी कसोरी जानुन् तिम्रो महिमा प्यारा !

जब सुत्छौ तिमि न काल शास्त्र छ यस्तो वेला !
गर्नु भजन विन उपाय अर्को भन के होला ?
नाना भन्छन् कुनै तिमी लाइ त्रिगुणमय रूप कुनै ।
लोक तथा परलोक दिने कर्म भन्दछन्, ब्रह्म कुनै ।।
गहनामा सुन जस्तो व्याप्त छ त्यस्तै नाथ !
पदार्थ प्राणी वीच छ राम ! तिम्रो गाथ ।
मत र मतान्तर देखि तिमि छौ धेरै टाढा
जानें भन्दै मुर्ख्याइँको खोल्छौ ताला ।।
विश्व चराचर साराको जानी कन अधिष्ठान तिमी ।
भज्ने मानत्र मात्र फगत् कुल्ची हिंड्दछ मृत्यु पनि ।।
यस्ता प्रभु सँग विमुख हुने जनलाई भगवान् !
वाध्छौं फल श्रुति द्वारा ती हुन् यद्यपि विद्वान् ।
मन इन्द्रियहरू छैनन् तिम्रा गर्छौं काम
सर्व शक्तिधर स्वयं प्रकाश हुँदा तमाम ।।
हुँदै सर्वरस दिने प्रभु के सुख स्त्री, सुत, धन, रथले ।
यस्तो नबुझी सत्य कुरा फोस्रो सुखमै लागे ए ।।
मन हो घोडा गुरुको पदमा लगी नबाँधे
के होला भन माझि बिनाको नौका चाले ?
आत्म ज्ञानको दी आदेश उज्ज्वल पन्थ
हो दर्शाउन सक्ने नै गुरु साँचो सन्त ।।
अघारि उरमा राख्न सके हुन्छ विमल, भो तीर्थ त्यही ।
नभए निर्वासना मन भुलिन्छ उरकै आत्म छवि ।।
योगी उरमा ध्यान गरी गरि जन्मौं संम
पाउछ जुन पद वैरी पनि त्यै भेट्छ अचम्म ।

हजूरमा आसक्त हुने स्त्री भेट्छन् जुन पद
समदर्शी छौं हामी श्रुति पनि भेट्छौं त्यै पद ।।

समदर्शीको गरे स्मृति चारै थरिले जसो तसो ।
नाथ संझना मात्र फगत् कारण यसमा रेछ प्रभो !

शरण परेको एक पटक पनि तिम्रो पदमा
भए विषयमा लाग्थ्यो फेरि किन त्यो जगमा ?
युग युगमा अवतार लिनेको गाई लीला
लठारिएको आफ्नो बन्धन पारी ढीला ।।

तिम्रो सुखमय सत्य चरण जान्ने ज्ञानी भक्त फगत् ।
विधि निषेध औ दुःख सुख द्वारा ऊपर उठ्छ सतत ।।

हुँदा निस्कने तिमीबाट ब्रह्माण्ड असंख्य
जान्दैनन् विधि शम्भु इन्द्र पनि तिम्रो अन्त ।
मिलोस् कसोरी सीमा तिम्रो सादा लाई
श्रुति ता वर्णन सक्तैनौं त्यो गर्न मुरारि !

तिमी भिन्न छन् वस्तु जुन निषेध तिनको गरी गरी ।
हुन्छौं पदमा लीन सव जय होस् तिम्रो नित्य हरि ।।"

ब्रह्म र आत्मा ऐक्य हुने उपदेश सुनेर
पूजा अर्चन गरे सनन्दन लाई घेर ।"
नारायणको मुख द्वारा यो श्रुतिको सार
सुनी व्यास कुटि गए देव ऋषि भई उदार ।।

भनी दिए सव वेद स्तुति नारदजीले व्यास प्रति ।
अन्धकार पर राज हुने हरिमा गर्छौं नित्य नति ।।

अठासियौं अध्याय

[शिवको शंकट मोचन]

"भक्त विष्णुका गरिव, धनी किन शिवका भक्त ?"
सुनेर नृपको प्रश्न भन्दछन् शुकजी प्रष्ट !
"यज्ञ सके पछि अजातशत्रु लाई हरिले
भन्नु भए थ्यो जुन वार्ता सुन त्यो तिमि अहिले ।।

"जसको श्रेय म चिताउँछु हर्दछु त्यसको सव धन जन ।
धन इच्छुक गर्दैन भजन मेरो, अरुकै पर्छ शरण ।।

यसै विषयको सुन इतिहास थ्यो वृक दैत्य
गऱ्यो शंभुको उपासना औ होम्थ्यो नित्य ।
आफ्नै काटी काटी मासु गर्थ्यो होम
सातौं दिन त्यो आफ्नै, घाँटी थ्याल्यो रेट्न ।।

शंकर आई रोकि दिए भने असुर सँग "माँग वर" ।
भन्छ–म जसको भाल विच हात राख्छु त्यो मरोस् नर ।।

'हुन्छ' भने पछि शिवकै शिरमा राखी हात
गर्न परिक्षा लाग्यो दैत्य पऱ्यो विघात ।
भागे शिव तर वटु भै आई विष्णु नुहेर
प्रणाम गर्दै सोध्नु भयो–किन दौड्यौ वीर ?"

घटना वृकले भने पछि भन्नुहुन्छ हरि "त्यसो भए ।
राखी शिरमा स्वयं कर गर त परिक्षा छट्ट सखे !"

'हो त नि' भन्दै आफ्नो हात आफ्नै शिरमा
राख्यो मोहक कृष्ण वचनले परिगो भ्रममा ।

मरी लडीगो 'नमः साधु !' यो निस्क्यो शब्द
झरे फूल शिव फुत्के शंकट द्वारा वल्ल ।।
शक्ति अनन्त छ श्री हरिको त्यसमा यौटा शक्ति सुन ।
'मन वाणीको दूर छ जो' त्यसकै हो यो चरित गुण ।।

उनान्नब्बेयौं अध्याय

[गुणको परीक्षा]

सरस्वतिको तटमा ऋषि मुनि खल्वल गर्न
लागे 'तिन गुण मा को श्रेष्ठ छ भन लौं', भन्न ।
खटिए भृगुजी गर्न परिक्षा को हो श्रेष्ठ ?
गै ब्रह्माको सामु खडा भै वसे तटस्थ ।।
प्रणाम नगरे को देखी, क्रोध उठ्यो तर छोरो हो ।
भनी स्वयं उनी शान्त भए पुगे भृगु कैलाश अहो !
हाल्न अँगालो आए शिव तर देनन् हाल्न
भन्छन् 'उत्पथगामी सँग उर जोड्नु हुँदैन ।'
त्रिशूल उठाई भृगुजी लाई आँटे हान्न
सती भन्दछिन् पाउ समाती "मार्न हुदैन" ।
गरे धाम वैकुण्ठ पुगी वक्ष स्थलमा पाद प्रहार ।
उठी विष्णु पद स्पर्श गरी गर्नु हुन्छ अति आदर भाव ।।
भन्नु हुन्छ हरि–"रेछ हजुरको कोमल पाउ
मेरो छाती कडा थियो अति भो कि घाऊ ?"
सुनी वचन यो फर्की भृगुले भने तमाम
गरे पास यै कुरा सभामा ऋषिले जान ।।

"गरौं विष्णुकै भजन अब वहाँबाट नै श्रेय गति
मुक्ति, ज्ञान औ भक्ति सुधा रहेछ मिल्ने उच्च स्थिति ।।"

[मृत शिशु ल्याउनु]

द्वारवतीमा क्वै ब्राह्मणको नवटा पुत्र
मरे जन्मदै नृप द्वारमा फाल्थे विप्र ।
फाल्ने बेला 'नृपको पाप' बोल्थे शब्द
सुनी एक दिन अर्जुन बोल्छन् गर्दै गर्व ।।

'रक्षा गर्छु म स्वयं वसी नसके मर्दछु अग्नि पसी ।'
सुनी पार्थको वचन दृढ भन्छन् ब्राह्मण भई दुखी ।।

"कृष्ण राम अनिरुद्ध प्रद्युम्न ले ता रक्षा
गर्न सकेनन् भन्छौ सक्छु म–होला पक्का ?"
भन्छन् अर्जुन–कृष्ण म हैन होइन राम
म हूँ पार्थ गाण्डीव छ जसको धनुष महान ।।"

पिंजडा शरको रचे पछि नवौं जन्मने समय थियो ।
किन्तु सदेहै उडी गयो बोल्छन् द्विज दुर्वाच्य अहो !

दशै लोक गै खोजे द्विज सुत कहीं नपाई
आगो बाले मर्न र भन्छ केशव आई ।
'छैन र म किन लाग्यौ मर्न जाऊँ खोज्न'
भन्दै रथमा राखी पश्चिम लाग्यो कृष्ण ।।

सात द्वीप गिरि सिन्धु अनि नाघी लोकालोक गिरि ।
अन्धकारमा प्रवेश भो हिंड्न सकेनन् अश्व छिरी ।।

आज्ञा पाई चक्र अँध्यारो चिर्दै हिंड्छ
ज्योति किरणले सीमा विच भो आँखा वन्द ।

जलमा रथले गऱ्यो प्रवेश नाना रङ्ग
तेज आँधिले भला देखियो नीर तरङ्ग ।।

महल देखियो सुहावना तेज तेजकै पुन्ज सुचिर ।
शेष देखिए भित्र तिर फणका मणिले झलल शरीर ।।

शेष काखमा पुरुषोत्तम थ्यो व्यापक नाथ
चार शक्ति औ पार्षद शस्त्रहरूका साथ ।
गऱ्यो कृष्णले नुही प्रणाम, अर्जुन भीत
थिए गरे पद वीच प्रणाम जोडे हात ।।

भन्दछ भूमा–कृष्ण तथा, अर्जुनलाई स्नेह गरी ।
"दर्शन तिम्रो गर्न भनी ल्याएँ ब्राह्मण पुत्र छली ।।

अव हलका भो भूको भार आउनु झट्ट"
यो आज्ञा ली नरनारायण फिरे तुरुन्त ।
नौ वच्चा ली पुगी द्वारका ब्राह्मण लाई
सोंपे पछि श्री अर्जुन सोच्छन् मनमा–"भाई !

यत्किञ्चित् जो प्राणीमा पौरुष वल छ आज बुझें ।
कृष्ण अनुग्रहको फल हो व्यर्थै मैले गर्व गरें ।।"

गऱ्यो कृष्णले वडे वडे मख वैभव युक्त
द्वारवती विच गरी विषयको भोग असक्त ।
महापुरुषको ली आदर्श हेरी वेला
खुशी पार्दथ्यो दुनियाँ, यस्तो को भो होला ?

अर्जुन आदि बाट खति गरी अधर्मी व्यक्ति जति ।
धर्म द्वारा धर्म स्थिति थाप्यो हरिले जगत प्रति ।।

नब्बेयौं अध्याय

[कृष्ण लीला विहार]

अति सुन्दर थ्यो द्वारवती पुरि सर्व समृद्धि
युक्त, जहाँ थे सोह्र हजार रमा विभूति ।
एक मात्र थ्यो तिनको प्राण वल्लभ कृष्ण
रूप त्यति ली विहार गर्थ्यो तृष्णा नास्न ।।

जल विहार भो एक दिन पत्नीहरूका साथ शुचि ।
बाँध्थे भुज युग–पाश विच सर्थ्यो केशर वक्ष प्रति ।।

चितवन हाँसो चाल ढालले भई विहाल
चित्त खिचिन्थ्यो पत्नीहरूको अनूप चाल ।
हुन्थे कहिले हरि चिन्तनमा मग्न र चूप
असंवद्ध कैं छेउन टुप्पो वोल्थे शब्द ।।

साथै कृष्ण छ, प्रेम बढी कृष्ण हराए तुल्य गरी ।
कुरा नजाने वोल्छन् के सुन भन्दछु संक्षेप गरी ।।

"गर्छ्यौं कुररी ! किन हो यसरी लौन विलाप ?
चितवन देखी उर विंधियो कि भयौ विहाल ।
ए चकवी ! किन आँखा चिम्ली रोयौ आज ?
कि छ पद–अर्पित माला शिरमा राख्ने चाह ?

जागा छौ किन सिन्धु तिमी ? चित्त कृष्णले खिच्यो कि हँ ?
रोगी भयौ कि हामि सरी जसको औषधि छैन अहँ ?

चन्द्र ! मलिन छौ लाग्यो रोग कि भन यक्ष्मा ?
प्रभुको मीठो भुल्यौ कि वाणी छौ कुन रसमा ?

मलयानिल ! के गऱ्यौं ? विगार र दिन्छस् काम
घायल पहिल्यै छौं प्रभु चितवनबाट तमाम ।।
प्रिय छौ प्रभुका मेघ तिमी आँसु खसाल्छौ निरन्तरै ।
नाता जोड्नु कृष्ण सँग दुःख मोल्नु बुझ वसी घरै ।।

प्रिय कोयल ! किन कृष्ण समान वाणी वोल्छस् ?
विरही लाई वचाउने हरि लीला छर्छस् ?
पर्वत ! गर्छौ इच्छा के हँ भई उदार ?
उरमा प्रभुपद राख्ने सूर छ ! बुझ्यौं विचार ।।
नदि हो ! दुब्ला तिमी किन प्रभुको चितवन मिलेन कि ?
हाँस ! छ स्वागत दूध पिई भन प्रभु गाथा चेतन दी ।।"

अयुत वर्षमा पनि सकिदैन यादव गन्न
जन्मेका हुन् द्यौताहरू नै राक्षस मार्न ।
जो जन्मे पछि कमी तीर्थमा पऱ्यो अचम्मै
सुने, भने पनि नास्तछ पाप जसको नामै ।।
स्वरूप पाए श्री हरिको स्नेही, द्वेषी दोटै ले ।
त्यस्तो हरिले भार हऱ्यो पृथ्वीको आश्चर्य छ के ?

व्रजपुर स्त्रीमा प्रीति बढायो जसले प्यारा !
मन्द हास्यले स्थिरचरको दुख नास्यो सारा ।
अधर्मको उच्छेद गऱ्यो सव नाशी तृष्ण
वास्तव त्यसको जय होस् विजयी त्यही छ कृष्ण !
धर्म भागवत् सुरक्षित राख्न देह ली गऱ्यो चरित ।
हुन सेवक मन लाग्छ भने–सुनी चरित हुनु कर्म रहित ।।

१३०५ NEPAL SANSKRIT UNIVERSITY पुस्तकालय

[रचयिताको विनय]

दुइ. हजार छत्तिश साल को मधुमास
वीच लेखियो दशमस्कन्ध अमृत सार ।
कृष्ण कृपाको ज्योति परेर मात्रै वास्तव
चर्चा हरिका पाउछ गर्न जगमा मानव ।।

पऱ्यो प्रेरणा अनन्तजू को यो सेवक माथि दृढ ।
नत्र कृष्णको चरित ममा लेख्न साहसै कहाँ छ र ?

मुद्रक;– नेपाल प्रेस, शुक्रपथ, कान्तिपुर ।